# २४ औं बार्षिक साधारण सभाको प्रतिवेदन

**चमेली कल्याणकारी बचत तथा ऋण सहकारी संस्था लि.**
सूर्यविनायक न.पा.१, विरुवा, भक्तपुर फोनः ०१-५१४३०१४
इमेलःchamelisaccos59@gmail.com
वेवसाइटःwww.chamelikalyankari.coop.np

## संस्थाको परिकल्पना र ध्येय :

**परिकल्पना (Vision)** : “समुदायमा जनविश्वास प्राप्त दिगो वित्तीय संस्था”

**ध्येय (Mission) :** “सरल र सहज रुपमा एकीकृत सेवा प्रदान गर्ने अग्रणी वित्तीय संस्था”

# मङ्गलमय शुभकामना

आउँदै गरेको विजया दशमी,
शुभ-दीपावली, नेपाल सम्बत् ११४७ तथा छठ
पर्वको पावन अवसरमा सम्पूर्ण शेयर सदस्य
तथा शुभेच्छुक दाजुभाई दिदी बहिनीहरूमा
सु-स्वास्थ्य एवम् उत्तरोत्तर प्रगतिको लागि
हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**चमेली कल्याणकारी बचत तथा ऋण**
**सहकारी संस्था लि. परिवार**

islamicvector.com

# २४औं बार्षिक साधारण सभाको कार्यक्रम

**२०८३।०६।०३**

कार्यक्रम संचालक:

१. **आशन ग्रहण**

(क) सभाध्यक्ष : अध्यक्ष श्री प्रमोद घिमिरे

(ख) शेयर सदस्यज्यूहरु

(ग) संचालक समिति र लेखा सुपरिवेक्षण समितिका पदाधिकारी

(घ) संस्थाका पूर्व अध्यक्षज्यूहरु

(ङ) सल्लाहकारज्यूहरु

(च) व्यवस्थापकज्यू

(छ) उपसमितिका सदस्यज्यू

(ज) कर्मचारी साथीहरु

राष्ट्रिय गान,

साकोस गान,

चमेली गान

२. स्वागत मन्तव्य : श्री मिठाराम न्यौपाने- उपाध्यक्ष

३. कार्यक्रम शुभारम्भ : सभाध्यक्षबाट

४. सचिवबाट आ.व. २०८२।८३ को बार्षिक प्रगति प्रतिवेदन तथा आ.व. २०८३।८४ को कार्यक्रमिक प्रतिवेदन प्रस्तुत, छलफल र पारित सम्बन्धमा ।

५. कोषाध्यक्षबाट आ.व. २०८२।८३ को आर्थिक प्रतिवेदन तथा आ .व. २०८३।८४ को अनुमानित बजेट प्रस्तुत, छलफल र पारित सम्बन्धमा ।

६. आ. व. २०८२।८३ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन प्रस्तुत, छलफल र पारित सम्बन्धमा ।

७. आ. व. २०८२।८३ को लेखापरीक्षण प्रतिवेदन प्रस्तुत तथा अनुमोदन सम्बन्धमा ।

८. आ. व. २०८३।८४ को लागि बाह्य लेखापरीक्षकको नियूक्ति तथा पारिश्रमिक तोक्ने सम्बन्धमा ।

९. साधारणसभाको निर्णय पुस्तिका प्रमाणित गर्न १३ जना सदस्यको मनोनयन सम्बन्धमा ।

१०. प्रस्तावित शेयर लाभांश तथा संरक्षित पूँजी फिर्ताकोष वितरण प्रस्ताव सम्बन्धमा ।

११. संशोधित तथा परिमार्जित आन्तरिक कार्यविधि तथा निर्देशिका पारित सम्बन्धमा ।

१३. जोखिम विश्लेषण सम्बन्धमा ।

१४. सभाध्यक्षबाट धन्यवाद ज्ञापन सहित साधारण सभाको कार्यक्रम समापन ।

१५. निर्वाचन सम्बन्धी कार्यक्रम सम्बन्धमा ।

# प्रतिवद्धता



प्रमोद घिमिरे
अध्यक्ष

२४औं वार्षिक साधारण सभा सफलतापूर्वक सम्पन्न गर्न उपस्थित आदरणीय शेयर सदस्यज्यूहरु, संस्थाका पूर्व अध्यक्षज्यूहरु, लेखा सुपरिवेक्षण समितिका संयोजकज्यू, संचालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरु, लेखा सुपरिवेक्षण समितिका सदस्यज्यूहरु, सल्लाहकारज्यूहरु, व्यवस्थापक, उपसमितिका सहकर्मी मित्रहरु एवं कर्मचारी साथीहरुमा संस्थाको र मेरो व्यक्तिगत तर्फबाट सहकारीताको न्यानो हार्दिक अभिवादन व्यक्त गर्दछु ।

**शेयर सदस्य महानुभावहरुः**

हालै मुलुकमा अकल्पनीय रुपमा तिब्बतको हिम क्षेत्रमा भएको प्राकृतिक हिमताल विष्फोटबाट आएको विनासकारी बाढीका कारण रसुवा, नुवाकोट लगायतका क्षेत्रमा ठुलो जनधनको क्षती हुन गएको छ । यस प्राकृतिक प्रकोपमा परी ज्यान गुमाउनु भएका मानिसहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै शोकाकुल परिवारहरुमा गहिरो समवेदना व्यक्त गर्दछु । यस विषम प्राकृतिक प्रकोपमा घाईते हुनु हुने सबैको शिघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

**शेयर सदस्यमहानुभावहरुः**

हाल मुलुकको पछिल्लो आर्थिक सर्भेक्षण अनुसार सकृयरुपमा ३२,३२५ सहकारी संस्थाहरु क्रियासिल रहेका छन् । यसरी सकृय संस्थामा आवद्ध शेयर सदस्य १ करोड ०१ लाख ६० हजार ८६३ जनामार्फत कूल शेयर पूँजी १ खर्ब ४३ अरब २९ करोड, वचत संकलन १० खर्ब २९ अरब ५७ करोड, कर्जा प्रवाह ९ खर्ब ५ अरब ४८ करोड हुनुको साथै ८२,२१६ जनालाई प्रत्यक्ष रोजगारी प्रदान गरेकोले यो क्षेत्र मुलुकको सबल अर्थतन्त्र निर्माणको प्रमुख आधारको रुपमा रहेको छ ।

हाल मुलुकको अर्थतन्त्रमा देखा परेको मन्दी, वित्तीय क्षेत्रमा रहेको उच्च तरलता, न्यून पूँजीगतखर्च, घट्दो राजश्व संकलन, उत्पादनमा आएको ह्रास, आयातमुखी अर्थतन्त्र, पूँजीबजारको गिरावट, घरजग्गा कारोवारमा आएको शिथिलता, बेरोजगारी, उच्चशिक्षा अध्ययनमा भएको पूँजीपलायन, शक्ति राष्ट्रहरु बिचको द्वन्द, डर र भयका कारण लगानी मैत्री वातावरण नहुनु जस्ता कारणले सहकारी क्षेत्रमा चुनौतीहरु थपिदै गएको छ । यी चुनौतीहरुको सामना गर्न सहकारी अभियानको नेतृत्व, नियामक निकाय र प्रारम्भिक संस्थाहरुको ऐक्यबद्धता आवश्यक रहेको छ । सम्बद्ध पक्षहरुको समन्वयात्मक प्रयासबाट सहकारी सिद्धान्त, यसका मूल्य मान्यता एवं ऐन नियमको परिपालनामा जोड दिई प्रभावकारी कार्य संचालन मार्फत सेवा प्रवाह गर्न जरुरी रहेको छ ।

विगतका केही वर्ष देखि सहकारी क्षेत्रले विभिन्न आरोह अवरोहको सामना गर्दै आएको छ । एकातिर नियोजित ढंगबाट सहकारी अभियानलाई बद्नामगर्ने प्रयत्नहरु भएका छन् भने अर्कोतर्फ सुशासनमा नचलेका केही सहकारी संस्थाहरुका कारण सिङ्गो सहकारी अभियान प्रति आमजनमानसमा अविश्वास पैदा भई भ्रमश्रृजना गराउने कार्य भईरहेको छ । यस्ता गतिविधिहरु प्रति सहकारी अभियन्ता र सहकारी संस्थाहरु सजग हुनु आवश्यक रहेको छ । सहकारी संस्थाहरुले सदस्य मैत्री कारोवार र सदस्य केन्द्रित गतिविधि गर्दै सहकारी शिक्षा, वित्तीय साक्षरता, शीपविकास र उद्यमशिलतामा जोड दिनु आवश्यक देखिन्छ । साथै यो क्षेत्र मुलुकको अर्थतन्त्रको तीन आधारशिला मध्ये एक आधारशिला भएकोले यसको सवलीकरणमा नियामक निकायको नियमन/सुपरिवेक्षण, प्रभावकारी आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयन गरी आर्थिक

पारदर्शिता, वित्तीय अनुशासन र मितव्ययिताको सिद्धान्तद्वारा सुशासन कायम गर्न ऐन नियमको परिपालना र उच्चतम् प्रविधिको प्रयोग अनिवार्य रहेको छ ।

**शेयर सदस्य महानुभावहरुः**

संस्थाले स्थापनाको २४ औं वर्ष पार गर्दैछ । यस अवधिसम्म सदस्यहरुको सहयोग, सद्भाव र सक्रियताप्रति कृतज्ञता व्यक्त गर्न चाहन्छु । यहाँहरुको इमान्दारिता र जवाफदेहिताले संस्थाको वित्तीय सूचकहरु मजबुत रहेका छन् । विगत ३ वर्ष देखि संस्थाको वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standards) अनुसार लेखापरीक्षण कार्य हुँदै आएको छ । जस अनुसार आ. व. २०८२/८३ मा रु. १,०७,०८,२२,२८७/- (एक अरव सात करोड आठ लाख वाइस हजार दुई सय सतासी) को कूल कारोवार गर्न सक्षम भएकोमा यसमा सम्बद्ध सबैमा आभार व्यक्त गर्न चाहन्छु । संस्थाको दिगो वित्तीय स्थायित्वको प्रमुख आधार संस्थागत कोषहरुको अवस्था, पर्ल्स मापनका सूचक र मूनाफा आर्जनलाई लिन सकिन्छ । संस्थाले जोखिमका क्षेत्रहरु पहिचान गरी सोको व्यवस्थापन प्रभावकारी रुपमा गर्दै आएको समेत अवगत गराउन चाहन्छु । संस्थामा वित्तीय सक्षमता कायम रहेको सूचकाङ्कहरुले स्पष्ट पारेको व्यहोरा अवगत गराउँदछु । संस्थालाई सुशासनमा संचालनका लागि विद्यमान ऐन नियम, नीति, विधि परिपालना र प्रविधिको अधिकतम उपयोग गरी सदस्यहरुलाई वित्तीय साक्षरता, सहकारी शिक्षा, वचत तथा ऋणका सेवाहरुको विविधिकरण गर्दै सेवा प्रवाह मार्फत सदस्यको वित्तीय आवश्यकता परिपूर्तिमा जोड दिईनेछ । सदस्यको उत्पादन र उत्पादकत्व बृद्धिमा जोडिने तालिम कार्यक्रमहरु संचालन गर्न संस्था प्रतिबद्ध रहेको विश्वास दिलाउन चाहन्छु । यसका लागि विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसंग समन्वय र साझेदारीमा कार्यक्रमहरु संचालन गरिनेछ । समिति उपसमितिहरुको क्षमता विकास गरी सक्रियता बढाउने र कर्मचारीहरुको दक्षता अभिबृद्धि गरिनेछ ।

**सदस्य महानुभावहरुः**

सहकारी विभागबाट सहकारी संघसंस्थालाई जारी गरिएको सम्पत्ति शुद्धिकरण निवारण निर्देशिका २०७४ पाँचौं संशोधन र संस्थाको सम्पत्ती शुद्धिकरण निवारण आन्तरिक कार्यविधि २०८२ बमोजिम आ.व. २०८२/८३ मा संचालक समितिबाट ६/६ महिनाको अन्तरालमा सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी विषयमा समिक्षा गर्ने गरेको, उक्त अवधिमा कूल ५१४८ सदस्य मध्ये ४१२० सदस्यको सदस्य पहिचान अद्यावधिक गरिएको र कूल सदस्य मध्ये ७ जना उच्च पदस्थ रहेको, कारोवारको आधारमा उच्च ८८, मध्यम ३०९ र न्यून जोखिम सदस्य ४७४४ रहेको जानकारी गराउँदछु । यस अवधिमा १७ वटा सिमा कारोवार प्रतिवेदन goAml System मार्फत वित्तीय जानकारी ईकाइमा पठाइएको छ । संस्थामा कुनैपनि शंकास्पद कारोवार र शंकास्पद गतिविधिजन्य क्रियाकलाप नभएको जोखिम मूल्यांकन गरी जोखिम मूल्यांकन अद्यावधिक वार्षिक प्रतिवेदन र जोखिममा आधारित वार्षिक कार्ययोजना प्रतिवेदन नियामक निकायमा पेश गरेको व्यहोरा जानकारी गराउँदछु । संस्थाले सहकारी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) मा संस्थागत विवरण नियमित बुझाउने कार्य भएको छ । यसै गरी संस्थाले सूर्यविनायक नगरपालिकाको सहकारी शाखा, जिल्ला वचत संघ, नेफ्स्कूनको MIS सिस्टम लगायतका निकायहरुमा संस्थाका गतिविधि तथा वित्तीय विवरणहरु नियमित पेश गर्दै आएको छ । आ.व. २०८२/८३ मा नियामक निकायको मापदण्ड बमोजिम संस्थालाई सहकारी नियमन प्राधिकरण, कर्जा सूचना केन्द्रमा आवद्ध गरिएको छ । चालु आ. व. मा कर्जा असुली न्यायाधिकरणमा आवद्ध गर्न प्रक्रिया अगाडी बढाईनेछ । यसबाट ऋण लिई ऋणको भाखा नघाउने ऋणी सदस्यहरुलाई कानूनी दायरामा ल्याई ऋण असुली सहज हुने विश्वास लिएको छु ।

**शेयर सदस्य महानुभावहरुः**

संस्थाको २३औं साधारण सभा पछि हाम्रो संस्थाका २२ जना शेयर सदस्य र सदस्य परिवारका ३७ जना आफन्तजनहरुले मृत्युवरण गर्नु भएको छ । म उहाँहरु प्रति संस्थाको तर्फबाट हार्दिक श्रद्धासुमन अर्पण गर्दछु । साथै दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

**शेयर सदस्य महानुभावहरुः**

संस्थाको दिगो विकास र स्थायित्वको लागि संस्थाको चार वर्षिय रणनीतिक योजना अनुरुप त्यसको सफल कार्यान्वयन भएको छ । यसैको आधारमा चालु आ. व. २०८३।८४को सचिवज्यूको वार्षिक कार्यक्रम र ती कार्यक्रमहरु कार्यान्वयनको लागि आवश्यक श्रोत र बजेट कोषाध्यक्षज्यूको प्रतिवेदनमा समेटिएको व्यहोरा समेत अवगत गराउन चाहन्छु ।

**शेयर सदस्य महानुभावहरुः**

सहकारीको भविष्य सदस्यको ईमान्दारितामा निर्भर भएकोले सदस्यहरुलाई संस्थाको अपनत्व कायम हुने गरी संस्थाबाट प्रवाह हुने सेवाहरुको विविधिकरण मार्फत अवको गन्तब्य "हाम्रो लक्ष्य, सदस्यको दीगो भविष्य" हुने व्यहोरा जानकारी गराउँदछु । साथै संस्थागत कार्यक्रमहरुमा यहाँहरुको सहभागिता, सल्लाह र सुझाबको अपेक्षा गर्दछु ।

**अन्त्यमा,**

शेयर सदस्य महानुभावहरु संस्थाको दीगो वित्तीय स्थायित्वको लागि प्रस्तुत प्रतिवेदनहरु उपर यहाँहरुबाट रचनात्मक सुझावहरुको अपेक्षा सहित क्रियासिल समिति/उपसमिति, कार्यरत कर्मचारीहरु, पूर्व पदाधिकारीहरु एवं सल्लाहकारहरुमा हार्दिक आभार व्यक्त गर्दछु । साथै, घर आँगनमा आउँदै गरेको राष्ट्रिय पर्वहरु विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४७ र छठ पर्वको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दै विदा हुन चाहन्छु । धन्यवाद ।

**जय चमेली, जय सहकारी ।**
**२०८३ असोज ३ गते**

# सचिवद्वारा प्रस्तुत कार्यक्रमिक प्रतिवेदन



**दिपक कुमार न्यौपाने**
**सचिव**

सभाध्यक्षज्यू, २४ औं वार्षिक साधारण सभा सफलतापूर्वक सम्पन्न गर्न उपस्थित शेयर सदस्य महानुभावहरु, पूर्व अध्यक्षज्यूहरु, लेखा सुपरिवेक्षण समितिका संयोजकज्यू, संचालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरु, लेखा सुपरिवेक्षण समितिका सदस्यज्यूहरु, सल्लाहकारज्यूहरु, व्यवस्थापकज्यू, विभिन्न उपसमितिका सदस्यज्यूहरु, कर्मचारी मित्रहरु  सचिव म दिपक कुमार न्यौपानेको तर्फबाट सहकारिताको न्यानो अभिवादन टक्र्याउँदछु ।

**आदरणीय शेयर सदस्य महानुभावहरु,**

मुलुकभर ३२ हजार भन्दा बढी सहकारी संस्था दर्ता भै संचालनमा रहेको पाईन्छ । ति संस्थाहरु मध्ये हाम्रो संस्था पनि एक हो । संस्था संचालन गर्ने क्रममा संस्थाको २३ औं वार्षिक साधारण सभा सफलतापूर्वक सम्पन्न भई उक्त साधारण सभाद्वारा आर्थिक वर्ष २०८२।८३ को नीति तथा कार्यक्रम पारित भई कार्यान्वयन गर्न संचालक समितिलाई प्राप्त अख्तियारी अनुरुप अधिकांश कार्यक्रमहरु कार्यान्वयन भएको जानकारी गराउन चाहन्छु । हाल सहकारी क्षेत्रमा देखिएका विसंगतिलाई न्यूनिकरण गर्न नेपाल सरकारले सहकारी ऐन, २०७४, नियमावली २०७५ जारी गरेको र त्यसपछि नेपाल राष्ट्र बैंकले निर्देशन तथा मापदण्ड जारी गरेको, सहकारी विभागबाट जारी सहकारी संघ संस्थामा सुशासन प्रवर्द्धनको लागि एकीकृत निर्देशन २०८२ र राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट नियामकीय मापदण्ड जारी भएको साथै सहकारी (पहिलो संशोधन) ऐन, २०८३ का कारणले गर्दा सहकारी संस्थाहरुले कुन निर्देशनको पालना गर्ने भन्ने विषयमा आम सहकारी संस्थाहरुमा अन्योल श्रृजना भएका कारण संस्था संचालन गर्न ज्यादै चुनौतीपूर्ण रहेको यहाँहरुलाई जानकारी नै छ । तर पनि सदस्यहरुको सद्भाव, सहयोग र विश्वासका कारण समुदायमा छुट्टै पहिचान बनाउन सफल भएकोमा यसमा सम्बद्ध सबैप्रति कृतज्ञता व्यक्त गर्न चाहन्छु । यस अवधिमा सदस्य संख्यामा ०.१० प्रतिशतले बृद्धि हुन गएको छ भने शेयर पूँजीमा ४.३८ प्रतिशत, वचतमा ९.७५ प्रतिशत, कोषहरुमा १९ प्रतिशत, ऋण लगानी १.७५ प्रतिशत र कुल सम्पत्तिमा १०.५४ प्रतिशतले बृद्धि भएको व्यहोरा अवगत गराउँदछु ।

**आदरणीय शेयर सदस्य महानुभावहरु,**

संस्था स्थापनाकाल देखि नै सुशासन कायम गर्दै आएको अवगत गराउन चाहन्छु । मौजुदा विनियम, आन्तरिक कार्यविधि, व्यवस्थापन कार्यविधि र निर्देशिकाहरु अनुरुप संस्था संचालनमा रहेको छ । नियमनकारी निकायहरुबाट समय समयमा भएका निर्देशन, परिपत्र एवं मापदण्डको पूर्णपालना गर्ने तर्फ संस्था अडिग रहेको समेत जानकारी गराउँदछु । यसै सिलसिलामा संस्थाको मुख्य कार्यालय र एकमात्र सदस्य सेवा केन्द्रमा समेत कार्यरत १३ जना जनशक्ति मार्फत संस्थाको दैनिक कारोवार तथा गतिविधीहरु व्यवस्थित हुँदै आएको छ । यसै बिचमा संस्थालाई प्रविधि मैत्री, सदस्य मैत्री, समुदाय केन्द्रित गर्न पहल गरिएको छ । यो संस्था सदस्य मैत्री र सुशासनमा रहेकै कारण २०७० साल चैत्र २० गते तत्कालिन डिभिजन सहकारी कार्यालय, भक्तपुरबाट जिल्लाको **उत्कृष्ट सहकारी संस्थाको** रुपमा सम्मानित भएको, जिल्ला सहकारी संघ लि. भक्तपुरबाट २०७८ सालमा संस्थाका व्यवस्थापक सूर्यविनायक नगरपालिकाको सहकारी संस्थाहरु मध्येबाट **उत्कृष्ट कर्मचारीको** रुपमा सम्मानित हुनु भएको, जिल्ला वचत तथा ऋण सहकारी संघ, भक्तपुरबाट जिल्लाको **"उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार २०८०"** बाट संस्था पुरस्कृत भएको, नेफ्स्कूनको ३७ औं स्थापना दिवसको अवसरमा बागमती प्रदेशका प्रारम्भिक वचत तथा ऋण सहकारी संस्थाहरु मध्येबाट

संस्थाका व्यवस्थापक **उत्कृष्ट व्यवस्थापकको** रुपमा पुरस्कृत हुनु भएको र आ.व. २०८०/०८१ मा राष्ट्रिय सहकारी बैंकको ठिमी शाखाबाट **उत्कृष्ट कारोवारी संस्थाको रुपमा सम्मानित** भएको छ । आगामी दिनमा संस्थालाई मुलुककै नमूना सहकारीको रुपमा अगाडि बढाउन सदस्यहरुको साथ र सहयोग रहनेछ भन्ने विश्वास लिएको छु ।

**आदरणीय सदस्य महानुभावहरु,**

**संस्थाको परिकल्पना, ध्येय र उद्देश्य अनुरुप संस्था दिगो रुपमा संचालन भइरहेको व्यहोरा अवगत गराउँदछु।**

**परिकल्पना (Vision)** : **"**समुदायमा जनविश्वास प्राप्त दिगो वित्तीय संस्था"

**ध्येय** : **(Mission) :-** "सरल र सहज रुपमा एकीकृत सेवा प्रदान गर्ने अग्रणी वित्तीय संस्था"

**उद्देश्यहरु : (Objectives): -**

- सदस्यहरुमा नियमित बचत गर्ने बानीको विकास गराउने,
- आयमूलक र अन्य व्यवसायको लागि सदस्यहरुलाई ऋण सुविधा प्रदान गर्ने,
- सदस्यहरुको आर्थिक उन्नती तथा आय आर्जनको लागि परियोजना संचालन गर्न उत्प्रेरित गर्ने,
- मानवीय र आर्थिक श्रोतको अधिकतम परिचालन गरी सदस्यको आर्थिक र सामाजिक स्तरमा सुधार गर्ने,
- सहकारी शिक्षा र वित्तीय साक्षरता मार्फत सहकारीको महत्ववारे जनचेतना जगाउने,
- संस्थागत सुशासन कायम गर्ने,
- सदस्य मैत्री संस्था बनाउने,
- लघुवित्त कार्यक्रम मार्फत न्यून आय भएका सदस्यहरुको आर्थिक उत्थान गर्ने,
- सामाजिक तथा सामुदायिक कृयाकलापमा सकृयता बढाउने,
- PROBATION / ACCESS BRAND प्राप्त गर्ने,
- संस्था र सदस्यहरुलाई प्रविधि मैत्री बनाउने,
- Cash less/ Paper less  कारोवारको विकास गर्दै जाने,
- संस्थालाई नीति, विधि र प्रविधिमुखि बनाउँदै जाने,
- विप्रेषण सम्बन्धी कार्य गर्ने,
- संस्थागत अभिकर्ताको कार्य गर्ने,
- सम्बन्धित निकायबाट इजाजत लिई अन्य कारोवार गर्दै जाने,
- विद्युतिय सेवा प्रदान गर्ने,
- धर्म, संस्कृति, वन, वातावरण र पर्यटन क्षेत्रको प्रवर्द्धन र विकासमा कार्य गर्ने,

**आदरणीय सदस्य महानुभावहरुः**

मुलुकमा वि.सं २०७२ को भूकम्प, कोभिड १९ को महामारी, विश्वव्यापी आर्थिक मन्दी र हाल केही सहकारी संस्थाहरुमा देखा परेका नकारात्मक हल्लाको कारण सहकारी क्षेत्रले सामना गर्नुपरेको विषम परिस्थितीमा पनि संस्थाले आफ्नो सेवालाई सदस्य एवं समुदायमा केन्द्रीत गरी २३ औं वार्षिक साधारण सभाले पारित गरेका कार्यक्रमहरु मध्ये देहायका कार्यक्रमहरु सम्पन्न गर्न संचालक समिति तथा अन्य उपसमितिहरुको देहाय बमोजिमको बैठक सम्पन्न गरी वार्षिक कार्यक्रमहरु सम्पन्न गरिएको जानकारी गराउँदछु ।

**समिति/उपसमितिको वैठक संख्या**

| क्र.स. | विवरण | बैठक संख्या | कैफियत |
|---|---|---|---|
| १. | संचालक समिति | १२ | |
| २. | संयूक्त बैठक | २ | |
| ३. | विशेष बैठक | २ | |
| ४ | आकस्मिक | १ | |
| ५. | ऋण उपसमिति | ४४ | |
| ६. | शिक्षा तालिम तथा सूचना उपसमिति | २ | |
| ७. | महिला तथा बचत समूह व्यवस्थापन उपसमिति | ३ | |
| ९. | युवा तथा व्यवसाय प्रवर्द्धन उपसमिति | १ | |
| १० | प्रचार, प्रसार तथा प्रकाशन उपसमिति | १ | |
| १०. | गुण्डु सदस्य सेवा केन्द्र व्यवस्थापन उपसमिति | ४ | |
| ११ | प्रोवेशन/स्क्यान कार्यदल | २ | |

**संस्थाबाट आ.व. २०८२।८३ मा सम्पन्न भएका गतिविधीहरुः**

- २०८२ श्रावण २१ गते संचालक समिति, पूर्व अध्यक्ष, सल्लाहकार, लेखा सुपरिवेक्षण समिति र अन्य उपसमितिहरु सम्मिलित संयुक्त बैठक बसी संस्थाका वार्षिक कार्यक्रम तथा वित्तीय प्रतिवेदन समिक्षा गर्नुका साथै आ.व. २०८२/०८३ को कार्यक्रम तथा बजेट उपर छलफल गरी सुझाव संकलन गरियो । जसमा ३८ जनाको उपस्थिति रहेको,
- मिति २०८२।०६।२५ गते २३औं वार्षिक साधारण सभा श्री कूलमाया भगवती मा.वि.मा. ३८०३ जना सदस्यहरुको उपस्थितिमा सम्पन्न गरिएको,
- मिति २०८२।०७।१३ गते संस्थाको २४ औं स्थापना दिवसको अवसरमा रक्तदान तथा विस्तारित मञ्च कार्यक्रम सम्पन्न गरियो । उक्त अवसरमा नेपाल रेडक्रस सोसाइटी सिरुटारको समन्वयमा रक्तदान कार्यक्रम समेत सम्पन्न गरियो जसमा २६ जनाले रक्तदान गर्नुभएको थियो । उक्त कार्यक्रममा १६७ जनाको उपस्थिती रहेको,
- मिति २०८२।०८।२७ गते संस्थामा आवद्ध जेष्ठ सदस्य सुरक्षा तथा विस्तारित मञ्च कार्यक्रमको आयोजना गरियो । उक्त कार्यक्रममा २६६ जना सदस्यहरुको उपस्थिति रहेको ,

- मिति २०८२।१२।०१ र २ गते गुण्डु सेवा केन्द्रको स्थापना दिवसको अवसरमा दुईदिवसीय "बाटेको धुप" वनाउने तालिमको आयोजना गरियो । उक्त तालिममा संस्थाका ३३ जना सदस्यहरुलाई तालिम प्रदान गरिएको,
- मिति २०८२।१२।०७ गते शिक्षा तालिम तथा सूचना उपसमितिको व्यवस्थापनमा विस्तारित मञ्च कार्यक्रमको आयोजन गरियो उक्त कार्यक्रममा संस्थाको आन्तरिक कार्यविधिको वारेमा छलफल गरियो सो कार्यक्रममा १२५ जनाको उपस्थिती रहेको,
- मिति २०८२।१२।१४ गते शिक्षा तालिम तथा सूचना उपसमितिको व्यवस्थापनमा सोमलिङ्गेश्वर मन्दिर क्षेत्रका बचत समुहका सदस्यहरुलाई समेटी विस्तारित मञ्च कार्यक्रमको आयोजन गरियो, उक्त कार्यक्रममा संस्थाको आन्तरिक कार्यविधिको वारेमा छलफल गरियो सो कार्यक्रममा १२८ जनाको उपस्थिती रहेको,
- छाता संघहरुले आयोजना गरेका विभिन्न कार्यक्रमहरुमा संस्थाको प्रतिनिधि भई संस्थाको तर्फबाट अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र पूर्व अध्यक्षबाट जिम्मेवारी पूर्वक भूमिका प्रदान गरी संस्थाको छवि उच्च राख्न प्रतिनिधित्व हुदै आएको,
- मिति २०८२।१२।२० गते राष्ट्रिय सहकारी दिवसको अवसरमा प्रभातफेरी कार्यक्रममा संस्थाका संचालक समिति उपसमिति लगायत २६ जनाको सहभागिता रहेको,
- मिति २०८२।१२।२० गते राष्ट्रिय सहकारी दिवसको अवसरमा संस्थाका जेष्ठ सदस्यहरुलाई काभ्रे जिल्लाको कुशादेवी स्थित ॐ आदित्य धाममा तिर्थाटन कार्यक्रम आयोजन गरिएको । उक्त कार्यक्रममा २२० जना सदस्यको सहभागिता रहेको,
- मिति २०८२।१२।२२ र २३ गते दुई दिवसीय झोलसाबुन तथा फिनेल वनाउने तालिमको आयोजना गरियो । उक्त तालिममा संस्थाका ३५ जना सदस्यहरुलाई तालिम प्रदान गरिएको,
- मिति २०८३।०१।१२ गते महिला सदस्य भेटघाट तथा विस्तारित मञ्च कार्यक्रम सम्पन्न गरियो उक्त कार्यक्रममा ३०० जना महिला सदस्यहरुको सहभागीता रहेको,
- मिति २०८३।०१।१८ देखि २० गते सम्म समिति, उपसमिति, पूर्व अध्यक्ष, सल्लाहकार तथा कर्मचारीहरुको सहभागीतामा धादिङ्ग जिल्लाको जनकल्याण साकोस र रुपन्देही जिल्लाको जनउत्थान साकोसको अध्ययन तथा अवलोकन कार्यक्रम सम्पन्न गरियो, उक्त भ्रमणमा २८जनाको सहभागीता रहेको,
- मिति २०८३।०१।२६ गते व्यवसायिक सदस्यहरुको वित्तीय लगानी विषयमा आन्तरक्रिया कार्यक्रमको आयोजना गरियो उक्त कार्यक्रममा ३० जना व्यवसायिक सदस्यको सहभागीता रहेको,
- संस्थामा आवद्ध सदस्यहरुलाई स्वास्थ्य उपचारमा सहुलियत प्रदान गर्ने उद्देश्यले वि.एण्ड.वि टिचिङ्ग अस्पताल र नागरिक हेम्स सामुदायिक टिचिङ्ग अस्पताल संग MOU नविकरण गरी सेवालाई निरन्तरता दिएको,
- मिति २०८३।०२।३० गते भक्तपुर जिल्ला बचत संघको आयोजनामा संचालित उपसमितिका सदस्यहरुको क्षमता विकास तालिममा ऋण उपसमितिका सदस्यहरु श्री तिर्थराज चौलागाई र प्रकाश न्यौपानेको सहभागिता रहेको,
- सूर्यविनायक न.पा. १ का कृषकलाई नेपाल सरकारबाट उपलब्ध सहुलियतदरको रासायनिक मल खरीद गरी वितरण कार्यलाई निरन्तरता दिइएको,
- मिति २०८३।०३।२० र २१ गते भक्तपुर साकोसको आयोजनामा संचालित अन्तर सहकारी खुल्ला जिल्ला स्तरीय भेट्रान्स डवल ब्याटमिन्टन प्रतियोगितामा संस्थाका २ जना सदस्यको सहभागिता रहेको,

- मिति २०८३।०३।१३ गते सूर्यविनायक नगरपालिका वडा नं १ लाई वालमैत्री स्थानीय शासान युक्त वडा घोषण सभामा संस्थाको सहभागिता रहेको,
- संस्था राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा र कर्जा सूचना केन्द्रमा आवद्ध गरी इजाजत लिइएको,

**संस्थाबाट विभिन्न तालिम तथा कार्यक्रममा सहभागी विवरण:**

| क्र.स | मिति | विवरण | सहभागीको नाम | आयोजक |
|---|---|---|---|---|
| १ | २०८२।०५।२६ गते देखि १५ दिन सम्म | सहकारी प्रशिक्षक प्रशिक्षण तालिममा सहभागी | संस्थाका सचिव श्री दिपक कुमार न्यौपाने | **सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र, वानेश्वर** |
| २ | २०८२।०७।२४ र २५ | नेफ्स्कुन साकोस म्यानेजर्स क्लब एण्ड क्यूरी कार्यकम | व्यवस्थापक श्री सुदर्शन चौलागाई | नेफ्स्कून म्यानेजर्स क्लव |
| ३ | २०८२।०८।२३ | राष्ट्रिय सहकारी प्राधिकरणमा दर्ता अभिलेखिकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम | वरिष्ठ सहायक श्री यमुना फुयाँल घिमिरे | भक्तपुर जिल्ला सहकारी संघ लि. |
| ४ | २०८२।०९।०३ र ४ | सहकारी शिखर गोष्ठी | कोषाध्यक्ष श्री नवराज घिमिरे र वरिष्ठ सहायक श्री मालती गजुरेल घिमिरे | नेफ्स्कून |
| ५ | २०८२।०९।०५ | स्थिरीकरण कोषको चौंथो परामर्श बैठक | संस्थाका सचिव श्री दिपक कुमार न्यौपाने | नेफ्स्कून |
| ६ | २०८२।१०।२८ र २९ | सहकारी संस्थामा जोखिम व्यवस्थापन तालिम | व्यवस्थापक श्री सुदर्शन चौलागाई | सूर्यविनायक नगरपालिका |
| ७ | २०८२।१०।०७ | अनुपालना अधिकारीको क्षमता विकास तालिम | वरिष्ठ सहायक श्री यमुना फुयाँल घिमिरे | भक्तपुर जिल्ला बचत संघ लि. |
| ८ | २०८२।१०।२५ | ऋण असुली सम्बन्धी कानूनी प्रकृया तालिम | वरिष्ठ सहायक श्री मालती गजुरेल घिमिरे | नेफ्स्कून |
| ९ | २०८३।२।१५ र १६ | कर्जा असुली न्यायाधिकरणको भुमिका, सहकारी अध्यादेश २०८३ तालिम | वरिष्ठ सहायक श्री यमुना फुयाँल घिमिरे | भक्तपुर जिल्ला सहकारी संघ लि. |
| १० | २०८३।०२।२२ | सूचनाको हकको अभ्यास र सूचना सदाचारका आयम विषयक अभिमुखि कार्यक्रम | व्यवस्थापक श्री सुदर्शन चौलागाई | सूर्यविनायक नगरपालिका |
| ११ | २०८३।०३।२२ | महिला सशक्तिकरण विषयक गोष्ठी | संचालक सदस्य श्री विना गिरी | भक्तपुर जिल्ला बचत संघ |
| १२ | आ.व. २०८२/०८३ | आधारभूत सहकारी व्यवस्थापन तालिम | कर्मचारीहरु श्री रमेश न्यौपाने, जयश्वरी देउजा, योजना श्रेष्ठ र सुभाष न्यौपाने | सहकारी प्रशिक्षण केन्द्र तथा अनुसन्धान केन्द्र, वानेश्वर |

| | | | | |
|---|---|---|---|---|
| १३ | आ.व. २०८२/०८३ | स्क्यान कार्यक्रम अन्तर्गत क्यूरीमा ३६० कार्याशाला | पदाधिकारी र कर्मचारीको सहभागीता | नेफस्कुन |

**आदरणीय शेयर सदस्य महानुभावहरुः**

समुदायमा जनविश्वास प्राप्त दिगो वित्तीय संस्थाको रुपमा स्थापित गर्नको लागि संस्थाको मौजुदा चार बर्षीय रणनीतिक योजना अनुरुप आ. व. २०८३।८४ को बार्षिक योजना तयार गरी संस्थाको परिकल्पना, ध्येय र उद्देश्य प्राप्तिका लागि देहायका विभिन्न कार्यक्रमहरु पेश गर्ने अनुमति चाहन्छु । चार वर्षीय रणनीतिक योजना र सोही योजना अनुरुप चालु आ. व. को देहाय बमोजिमका कार्यक्रमहरु समेत पारित गरिदिनु हुन अनुरोध गर्दछु ।

**१. आ.व. २०८३/८४ का वित्तीय कार्यक्रमहरुः**

१.१ **"मेरो संस्था मेरो स्वामित्व"** भन्ने नारा लिई संस्थाले शेयरपूँजी वृद्धि गर्न चालु आ.व. २०८३।८४ मा न्यून आय भएका समुदायमा सदस्यता विस्तार गर्ने नीति अवलम्वन गरी नयाँ सदस्य थप र औषत शेयर खरीद अभियानमा सरीक गराई रु. ७,२५,००,०००।- पुऱ्याउने लक्ष्य लिइएको छ,

१.२ बचत वृद्धि योजना अन्तर्गत **"गुणस्तरीय जीवन र सुनिश्चित भविष्यको लागि बचत"** भन्ने नारा लिई चालु आ.व. २०८२।८३ मा विद्यमान बचत योजनाहरुलाई यथावत राखी थप नयाँ बचत योजनाको साथै **"एक सदस्य कम्तीमा तीन खाता संचालन"** अभियानलाई तिव्रता दिई वचत रु. ७८,००,००,०००।- कायम गर्ने लक्ष्य लिईएको छ,

१.३ चालु आ.व. २०८३/८४ मा **"ऋण मार्फत उद्यमशीलता र उद्यमशीलता मार्फत आत्मनीर्भरता"** को नारा आत्मसात गर्दै ऋणको विविधीकरण गरी उत्पादनमूलक क्षेत्रमा ऋण लगानीलाई प्राथमिकता दिई ८१,००,००,०००।- पुऱ्याउने लक्ष्य लिइएको छ,

१.४ कोषवृद्धि योजना अन्तर्गत **"दिगो साकोसका लागि अधिकतम संस्थागत पूंजी"** लाई आत्मसात गरी आर्थिक अनुशासन कडाइका साथ पालना गरी खर्चमा मितव्ययिता अपनाई मुनाफा बृद्धि र उपयोग नभएका कोषहरुको रकमलाई नियमानुसार जगेडा कोषमा समायोजन गर्ने नीति अवलम्वन गरी चालु आ.व. मा कूल कोष १६,१०,००,०००।- पुऱ्याउने लक्ष्य लिईएको छ,

१.५ बाहृय ऋण योजना अन्तर्गत **"आवश्यकताको आधारमा ऋण सेवा संकटको बेला संजालको भरोसा"** भन्ने कुरालाई ध्यानमा राखी तरलता व्यवस्थापनको लागि वित्तीय संस्थाहरुबाट आ.व. २०८३/८४ मा रु. २,००,००,०००।- (अक्षरुपी दुई करोड) सम्म ऋण लिने नीतिलाई प्राथमिकतामा राखिने छ, ।

**२. आ.व. २०८३।८४ का नियमित कार्यक्रमहरुः**

**१. संस्थागत विकास कार्यक्रमहरुः**

संस्थाको वार्षिक प्रतिवेदन, क्यालेण्डर छपाई, स्मारिका र ब्रोसर प्रकाशन, मोवाइल बैकिङ्ग र रेमिट्यान्सलाई निरन्तरता दिदै , क्यू आर बैंकिङ्ग, सदस्य मैत्री कार्यालय व्यवस्थापन, वित्तीय क्षमता विकास कार्यक्रम, रासायनिक मल विक्री वितरण, सूचना प्रविधि विकास कार्यक्रम, संस्थाको

चिनारीमा डकुमेन्ट्री तयारी, अन्तर सहकारी अन्तरक्रिया कार्यक्रम, उत्कृष्ठ कर्मचारी सम्मान र आवश्यकता अनुसार कर्मचारीहरुको पदपूर्ति गर्ने ।

**२. सदस्य केन्द्रित कार्यक्रहरु:**

सदस्य विस्तार कार्यक्रम, सहकारी शिक्षा र वित्तीय शिक्षा, बचत समूह अन्तरक्रिया, बचत समूहमा आवद्ध महिला सदस्य भेला, बचत समूह व्यवस्थापन तालिम, विस्तारित मञ्च, व्यवसायिक सदस्य भेला कार्यक्रम, व्यवसायिक सिप विकास तालिम, व्यवसायिक सदस्य अन्तरक्रिया र मोवाइल बैकिङ्ग र डिजिटल साक्षरता तालिम कार्यक्रमहरु संचालन गरिनेछ ।

**३. नावालक सदस्य लक्षित कार्यक्रमहरु:**

नावालक सदस्यहरु विच वक्तृत्वकला, हाजिर जवाफ, निबन्ध प्रतियोगिता, कथा, कविता, चित्रकला प्रतियोगिता, उत्प्रेरणात्मक कार्यक्रम, शैक्षिक सामाग्री वितरण र विद्यालयमा सहकारी शिक्षा कार्यक्रम संचालन गरिने छ ।

**४. कर्मचारी लक्षित कार्यक्रमहरु:**

संस्थाका कर्मचारीहरुलाई उत्प्रेरणा तथा तनाव व्यवस्थापन तालिम, प्रविधि सम्बन्धी तालिम, AI तालिम, जोखिम विश्लेषण तालिम, क्षमता अभिबृद्धि तालिम, पर्ल्स विश्लेषण तालिम, सम्पत्ति शुद्धिकरण र कोपोमिस सम्बन्धी तालिम, आवश्यकता अनुसार सेवा कालिन तालिम, मानव संशाधन व्यवस्थापन तालिम, नगद परिचालन तथा व्यवस्थापन तालिम र अध्ययन तथा अवलोकन भ्रमण कार्यक्रम गरिने छ ।

**५. संचालक/लेखा सुपरिवेक्षण समिति र अन्य उपसमितिका कार्यक्रमहरु:**

संचालक समिति, लेखा सुपरिवेक्षण समिति, उपसमितिहरु लक्षित क्षमता अभिबृद्धि तालिम, प्रशिक्षक प्रशिक्षण तालिम, नेतृत्व विकास तालिम, पर्ल्स र वित्तीय विश्लेषण तालिम, आवश्यकता अनुसार सचेतना कार्यक्रमहरु, महिला लक्षित कार्यक्रम, संघहरुले संचालन गर्ने तालिमहरु र अध्ययन तथा अवलोकन भ्रमण कार्यक्रम संचालन गरिने छ ।

**६. सामुदायिक कार्यक्रमहरु:**

जेष्ठ सदस्य सम्मान तथा तिर्थाटन कार्यक्रम, मठमन्दिर र सार्वजनिक स्थल सरसफाई, स्वास्थ्य शिविर र सुत्केरी भेटघाट कार्यक्रम, निःशुल्क स्वास्थ्य शिविर, समुदायमा सचेतना कार्यक्रमहरु र बृक्षारोपण जस्ता कार्यक्रमहरु गरिने छ ।

**७. सदस्य सुरक्षा कार्यक्रमहरु:**

सदस्यहरुको दुर्घटना विमा, ऋणी सदस्य विमा, सदस्य राहत, दैविप्रकोप राहत, जेष्ठ सदस्य सम्मान कार्यक्रम र स्वास्थ्य उपचारमा सहुलियत ऋण (छुट सुविधा)उपलब्ध गराइनेछ ।

माथि उल्लेखित कार्यक्रमहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्न संस्थाको वित्तीय तथा मानविय श्रोतको अधिकतम् उपयोग गरी विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसंगको समन्वय र साझेदारीमा कार्यक्रमहरुको व्यवस्थापन गरिनेछ ।

**८. सम्पत्ति शुद्धिकरण निवारण ऐनको कार्यान्वयन:**

सम्पत्ति शुद्धिकरण निवारण ऐन, २०६४ र सो अर्न्तगतको नियमावली अनुसार बनेको संस्थाको मौजुदा सम्पत्ति शुद्धिकरण निवारण कार्यान्वयन आन्तरिक कार्यविधि २०८२ बमोजिम संचालक समितिको

वैठकद्वारा ६/६ महिनामा सम्पत्ति शुद्धिकरण निवारणका विषयमा समिक्षा गरी संस्थाको जोखिम विश्लेषणको आधारमा उच्च जोखिम, मध्यम जोखिम, न्यून जोखिम, उच्च पदस्थ व्यक्ति, सदस्य पहिचान फाराम, सीमा कारोवार, शंकास्पद कारोवार लगायतका विवरण अद्यावधिक गरी संस्थामा भएको वित्तीय कारोवारको स्वच्छता एवं पारदर्शिता कायम राख्नुका साथै विभागद्वारा तोकिएको अनुसूची एवं नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी ईकाईद्वारा संचालित goAML system मा web report मार्फत नियमित रुपमा पेश गर्ने गरिएको छ ।

**९. व्यवस्थापन प्रमुखको सेवा सुविधा सम्बन्धमाः**

संस्थामा कार्यरत व्यवस्थापन प्रमुखको सेवा सुविधा वापत २०८० श्रावण देखि संचालक समितिबाट स्वीकृत वजेट अनुसार मासिक तलव स्केल रु ४४,०००।- ग्रेड बृद्धि, संचय कोष १० प्रतिशत, व्यवस्थापन भत्ता ५,०००।- र १० लिटर पेट्रोल खर्च समेत उपलब्ध गराएको जानकारी गराउँदछु ।

**आदरणीय शेयर सदस्य महानुभावहरुः**

संघीय सहकारी ऐन, २०७४ संघीय सहकारी नियमावली, २०७५, प्रदेश सहकारी ऐन, २०७६, स्थानीय सहकारी ऐन, २०७४, स्थानीय सहकारी नियमावली, २०७८ बमोजिम तयार पारिएको "चमेली कल्याणकारी बचत तथा ऋण सहकारी संस्था लि. को विनियम संशोधन, २०७९, नेपाल राष्ट्र बैंकको निर्देशन तथा मापदण्ड, राष्ट्रिय सहकारी नियमन प्राधिकरणको मापदण्ड, नेफस्कूनको एकीकृत मार्ग निर्देशन र स्क्यान कार्यक्रमको मार्ग निर्देशन बमोजिम देहायका मौजुदा संस्थाको विनियम, आन्तरिक कार्यविधि, निर्देशिकाहरु र व्यवस्थापन कार्यविधिहरु आवश्यक संशोधन तथा परिमार्जन गरिएकाले पारितको लागि यस साधारण सभा समक्ष पेश गर्दछु ।

**संस्थाको आन्तरिक कार्यविधि, निर्देशिका र व्यवस्थापन कार्यविधिहरु :**

| क्र.सं. | आन्तरिक कार्यविधि, निर्देशिका र व्यवस्थापन कार्यविधिहरुको विवरण | अवस्था |
|---|---|---|
| १ | संगठन तथा सामान्य आन्तरिक कार्यविधि, २०७९ | यथावत |
| २ | सदस्य आवद्धता तथा हेरचाह आन्तरिक कार्यविधि, २०७९ | यथावत |
| ३ | शेयर आन्तरिक कार्यविधि, २०७९ | यथावत |
| ४ | वचत आन्तरिक कार्यविधि,२०७९ | संशोधन |
| ५ | ऋण व्यवस्थापन आन्तरिक कार्यविधि, २०८३ | परिमार्जन |
| ६ | मानव संशाधन व्यवस्थापन आन्तरिक कार्यविधि, २०७९ | संशोधन |
| ७ | लेखा तथा अभिलेख व्यवस्थापन आन्तरिक कार्यविधि, २०८३ | संशोधन |
| ८ | आर्थिक प्रशासन आन्तरिक कार्यविधि,२०७९ | संशोधन |
| ९ | सुशासन आन्तरिक कार्यविधि, २०७९ | यथावत |
| १० | कोष व्यवस्थापन आन्तरिक कार्यविधि, २०७९ | यथावत |
| ११ | सम्पत्ति तथा दायित्व एवं स्थिर सम्पत्ति (आर्जन) व्यवस्थापन आन्तरिक कार्यविधि, २०७९ | यथावत |
| १२ | पुराना कागजपत्र धुल्याउने आन्तरिक कार्यविधि, २०७९ | यथावत |
| १३ | समूह व्यवस्थापन आन्तरिक कार्यविधि, २०७९ | यथावत |
| १४ | सदस्य सुरक्षा तथा राहत आन्तरिक कार्यविधि, २०७९ | संशोधन |
| १५ | सम्पत्ति शुद्धीकरण निवारण आन्तरिक कार्यविधि, २०८२ | परिमार्जन |
| १६ | उपसमिति गठन तथा परिचालन आन्तरिक कार्यविधि, २०७९ | यथावत |

| | | |
|---|---|---|
| १७ | बजार व्यवस्थापन आन्तरिक कार्यविधि, २०७९ | यथावत |
| १८ | वाह्य ऋण सम्बन्धी आन्तरिक कार्यविधि, २०७९ | यथावत |
| १९ | धितो लिलाम बिक्री आन्तरिक कार्यविधि, २०७९ | यथावत |
| २० | पेन्सन बचत कोष सञ्चालन आन्तरिक कार्यविधि, २०८० | यथावत |
| २१ | सामाजिक परीक्षण आन्तरिक कार्यविधि, २०८० | यथावत |
| २२ | जेष्ठ सदस्य सामाजिक सुरक्षा आन्तरिक कार्यविधि, २०८० | यथावत |
| २३ | शिक्षा, तालिम र भ्रमण संचालन कार्यविधि, २०७८ | यथावत |
| २४ | सूचना प्रविधि आन्तरिक कार्यविधि, २०८१ | यथावत |
| २५ | साधारण सभा संचालन कार्यविधि, २०७६ | यथावत |
| २६ | गल्ती व्यवस्थापन आन्तरिक कार्यविधि, २०७६ | यथावत |
| **क.सं.** | **निर्देशिकाहरुको विवरण** | **अवस्था** |
| १ | अतिरिक्त सेवा संचालन निर्देशिका, २०७६ | यथावत |
| २ | विपद जोखिम न्यूनिकरण निर्देशिका, २०७९ | यथावत |
| ३ | सेवाकेन्द्र व्यबस्थापन तथा संचालन निर्देशिका, २०७८ | यथावत |
| ४ | कारोवार खाता संचालन निर्देशिका, २०८० | यथावत |
| ५ | सवारी साधन संचालन निर्देशिका, २०७६ | यथावत |
| ६ | निर्वाचन निर्देशिका, २०७९ | संशोधन |
| **क.सं.** | **व्यवस्थापन कार्यविधिहरुको विवरण** | **अवस्था** |
| १ | नगद तथा सानो नगदी कोष परिचालन व्यवस्थापन कार्यविधि, २०७९ | यथावत |
| २ | संरक्षित पूँजी फिर्ताकोष व्यवस्थापन कार्यविधि, २०७८ | यथावत |
| ३ | चमेली समुन्नती वचत व्यवस्थापन कार्यविधि, २०७९ | यथावत |
| ४ | सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि, २०८२ | यथावत |

संस्थामा आ.व. २०८२।८३ मा केही कार्यविधिहरुको भाषा र केही बुदाँहरु संशोधन गरिएका देहाय बमोजिमका आन्तरिक कार्यविधिहरु पारित गरि दिनुहुन हार्दिक अनुरोध गर्दछु ।

| **क.सं.** | **आन्तरिक कार्यविधिहरुको विवरण** |
|---|---|
| १ | ऋण व्यवस्थापन आन्तरिक कार्यविधि, २०८३ |
| २ | वचत आन्तरिक कार्यविधि,२०७९ |
| ३ | सदस्य सुरक्षा तथा राहत आन्तरिक कार्यविधि, २०७९ |
| ४ | मानव संशाधन व्यवस्थापन आन्तरिक कार्यविधि, २०७९ |
| ५ | निर्वाचन निर्देशिका, २०७९ |
| ६ | लेखा तथा अभिलेख व्यवस्थापन आन्तरिक कार्यविधि, २०७९ |
| ७ | आर्थिक प्रशासन आन्तरिक कार्यविधि,२०७९ |
| ८ | सम्पत्ति शुद्धीकरण निवारण आन्तरिक कार्यविधि, २०८३ |

**संस्थाका आन्तरिक एवं बाह्य चुनौतीहरुः**

**आन्तरिक चुनौतीहरुः**

१. ऋणी सदस्यहरुबाट ऋणको किस्ता तथा व्याज भुक्तानीमा विलम्ब हुनु ।
२. कार्यक्षेत्र भित्र दोहोरो सदस्यताको कारण उल्लेखनीय सदस्य बृद्धि हुन नसक्नु ।
३. सदस्यहरुमा पर्याप्त मात्रामा सहकारी शिक्षा तथा वित्तीय साक्षरता प्रदान गर्न नसक्नु ।
४. कार्यक्षेत्र भित्रका सबै वडाहरुमा सदस्यता विस्तार गर्न नसक्नु ।

**बाह्य चुनौतीः**
१. बैंक तथा अन्य वित्तीय संस्थासंगको प्रतिष्पर्धा बढ्नु,
२. सहकारी संस्थाहरु बिच अस्वस्थ प्रतिष्पर्धा बढ्नु,
३. कार्यक्षेत्र भित्र औद्योगिक वातावरण नहुनु,
४. दोहोरो सदस्यता अन्त्य गर्ने व्यवस्थाको कार्यान्वयनमा जटिलता रहनु,
५. ऐन नियममा परिवर्तन भइरहनु,
६. राजनीतिक स्थिरताको सुनिश्चितता कायम नहुनु,
७. आर्थिक मन्दीको असर कायमै रहनु,
८. एकद्वार प्रणालीबाट नियमन नहुनु,

**आवद्धता तथा सहकार्यः**
१. नेपाल वचत तथा ऋण केन्द्रीय सहकारी संघ लि (नेफ्स्कुन),
२. राष्ट्रिय सहकारी बैंक लि.,
३. बागमती प्रदेश सहकारी संघ लि.,
४. जिल्ला सहकारी संघ लि. भक्तपुर
५. भक्तपुर जिल्ला वचत तथा ऋण सहकारी संघ लि.,
६. सिद्धार्थ बैंक लि.,
७. एन.आई.सी. एशिया बैंक लि.,
८. ग्लोबल आई.एम्.ई. बैंक लि.,
९. लक्ष्मी सनराईज बैंक लि.,
१०. नबिल बैंक लि.,
११. मुक्तिनाथ विकास बैंक लि.,
१२. आई.सी .एफ.सि.फाइनान्स लि.
१३. मञ्जुश्री फाइनान्स लि.
१४. आई.जि.आई. प्रुडेन्सियल इन्स्योरेन्स लि.,
१५. सिटिजन लाईफ इन्स्योरेन्स लि.,
१६. बि एण्ड बि अस्पताल, ललितपुर,
१७. नागरिक हेम्स सामुदायिक शिक्षण अस्पताल, भक्तपुर,
१८. नेपाल रेडक्रस सोसाईटी, सिरुटार, भक्तपुर,

अन्त्यमा,
संस्थालाई थप मजबुत बनाउन यहाँहरुबाट रचनात्मक राय सल्लाह सुझावको अपेक्षा गर्दै यस विषम परिस्थितिमा पनि संस्थाको लक्ष्य उद्देश्य प्राप्तीमा सहयोग गर्नुहुने संचालक समिति, लेखा सुपरिवेक्षण समिति, पूर्वअध्यक्ष तथा सल्लाहकारज्यूहरु, विभिन्न उपसमितिहरु, कर्मचारीहरु तथा सम्पूर्ण शेयर सदस्यहरुलाई

धन्यवाद दिदै नेपालीको महान चाड वडा दशैं, शुभ दिपावली, नेपाल सम्वत् ११४७ र छठ पर्वको उपलक्ष्यमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको कामना गर्दै प्रस्तुत प्रतिवेदन पारित गरिदिनु हुन अनुरोध गर्दछु । **"महिनामा एक पटक संस्थामा आउनुहोस, संस्थाका गतिविधि बारेमा जानकार हुँदै राय, सल्लाह एवं सुझाव दिएर जानुहोस्"** भन्दै विदा हुन्छु । धन्यवाद !

**जय चमेली , जय, सहकारी ।**
**२०८३ असोज ३ गते**

## राष्ट्रिय सहकारी नियमन प्रधिकरणमा दर्ता भएको प्रमाण पत्र

**राष्ट्रिय सहकारी नियमन प्राधिकरण**
पुल्चोक, ललितपुर, नेपाल ।
(स्थापना-२०८१)
नेपाल सरकार

**अनुसूची-३**
(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)
**सहकारी संस्थाको सञ्चालन इजाजतपत्र**

**राष्ट्रिय सहकारी नियमन प्राधिकरण (National Cooperative Regulatory Authority)**
पुल्चोक, ललितपुर (Pulchowk, Lalitpur)

**सहकारी संस्थाको सञ्चालन इजाजतपत्र (Operative License of Co-operative)**

इजाजतपत्र नं.: 2059-00684

**बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखिकरण मापदण्ड, २०८२ को** दफा ४ बमोजिम देहायको सहकारी संस्थालाई राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा दर्ता अभिलेखीकरण गरी यो सञ्चालन इजाजतपत्र जारी गरिएको छ ।

**सहकारी संस्थाको नाम:** चमेली कल्याणकारी बचत तथा ऋण सहकारी संस्था लिमिटेड
**दर्ता नं र दर्ता गर्ने निकाय:** 76/059/060, जिल्ला सहकारी कार्यालय, भक्तपुर
**कार्यक्षेत्र:** सूर्यविनायक नगरपालिकाका सम्पूर्ण वडाहरु
**कार्य:** बचत तथा ऋणको मुख्य कारोबार

**जारी गर्ने अधिकारी**
**नाम:** मुकेश कर्ण
**पद:** उप-निर्देशक
**जारी मिति:** 2082-11-29

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# कोषाध्यक्षद्वारा प्रस्तुत आर्थिक प्रतिवेदन



नवराज घिमिरे
कोषाध्यक्ष

सभाध्यक्षज्यू, २४ औं वार्षिक साधारण सभा सफलतापूर्वक सम्पन्न गर्न उपस्थित आदरणीय शेयर सदस्यज्यूहरु, संस्थाका पूर्व अध्यक्षज्यूहरु, लेखा सुपरिवेक्षण समितिका संयोजकज्यू, संचालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरु, लेखा सुपरिवेक्षण समितिका सदस्यज्यूहरु, सल्लाहकारज्यूहरु, व्यवस्थापकज्यू, उपसमितिका सहकर्मी मित्रहरु एवं कर्मचारी साथीहरुमा संस्थाको कोषाध्यक्ष एवं मेरो व्यक्तिगत तर्फबाट सहकारिताको न्यानो हार्दिक अभिवादन व्यक्त गर्दछु ।

यहाँहरूको गरिमामय उपस्थितिले आजको यस साधारण सभालाई थप अर्थपूर्ण, उत्साहपूर्ण र गौरवपूर्ण बनाएको छ । संस्थाको प्रगति, समृद्धि र आगामी यात्राका लागि यहाँहरूले निरन्तर प्रदान गर्दै आउनुभएको साथ, विश्वास र सहकार्यप्रति हार्दिक आभार समेत व्यक्त गर्दछु ।

**पृष्ठभूमीः**

वि.सं. २०५९ साल कार्तिक १३ गते ३४ जना जागरुक तथा दूरदर्शी व्यक्तिहरूको सक्रीय सहभागिताबाट यस संस्थाको स्थापना भएको हो । केवल रु. ३,४००।- (अक्षरेपी तीन हजार चार सय रुपैयाँ) को प्रारम्भिक पूँजीबाट वित्तीय कारोबारको यात्रा आरम्भ गरेको हाम्रो संस्था आज सदस्यहरूको निरन्तर विश्वास, सहभागिता र सहकार्यका कारण उल्लेखनीय उचाइ हासिल गर्न सफल भएको छ ।

स्थापनाकालको सिमित पूँजी र सानो आकारको कारोबारबाट अघि बढ्दै आज संस्था नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standards) अनुसार रु.१,०७,०८,२२,२८४।- (अक्षरेपी एक अर्ब सात करोड आठ लाख बाइस हजार दुई सय चौरासी) बराबरको खुद कारोबार गर्न सफल भएको छ । यो उपलब्धि केवल आर्थिक कारोबारको विस्तार मात्र नभई संस्थाप्रति सदस्यहरूले देखाउनु भएको विश्वास, सञ्चालक तथा कर्मचारीहरूको निरन्तर मेहनत र सम्पूर्ण सरोकारवालाहरूको सहकार्यको प्रतिफल हो ।

**आ.ब. २०८२।८३ को समिक्षा**

सहकारीलाई राष्ट्र विकासको मूल आधारको रुपमा नेपालको संविधानले समेत स्वीकार गरी नेपालको आर्थिक विकासको अभिन्न अंगको रुपमा उल्लेख गरेको सन्दर्भमा सम्पूर्ण सहकारी संस्थाहरू र सहकारीकर्मीहरू उत्तरदायी भई सहकारी क्षेत्रलाई अझ बढी वैज्ञानिक, व्यवस्थित, प्रविधिमैत्री तथा सुशासनयुक्त ढंगले संचालन गर्नुपर्ने हुन्छ । यसै सन्दर्भमा संस्थाले सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५, राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्वारा जारी वचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको संचालन सम्बन्धी नियामकीय मापदण्ड, २०८२, सहकारी विभागबाट जारी गरिएको सहकारी संघ संस्थामा सुशासन प्रवर्द्धनको लागि एकिकृत निर्देशन, २०८२, नेपाल राष्ट्र बैंकद्वारा वचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाकालागि जारी निर्देशन तथा मापदण्ड, २०८२, सहकारी ऐन, २०७४ (पहिलो संशोधन २०८३) समेत विभिन्न नियमनकारी निकायहरूको निर्देशन र संस्थाको विनियम तथा आन्तरिक कार्यविधि र निर्देशिकाहरुको परिपालना गरी पारदर्शी ढंगले सदस्यहरूमा वित्तीय कारोवार गर्दै आएको व्यहोरा अवगत गराउन चाहन्छु ।

**सदस्य महानुभावहरु,**

अब म यस गरिमामय वार्षिक साधारण सभा समक्ष आ.व. २०८२/८३ को संस्थाको यथार्थ आर्थिक अवस्था तथा वित्तीय विवरण प्रस्तुत गर्दै आ.व. २०८३/८४ का लागि प्रस्तावित अनुमानित वार्षिक बजेटसमेत पेश गर्ने अनुमति चाहन्छु ।

सर्वप्रथम, संस्थाको आर्थिक प्रगति, कारोबारको अवस्था तथा विगतको तुलनात्मक चित्र स्पष्ट हुने गरी आ.व. २०८१/८२ र आ.व. २०८२/८३ को तुलनात्मक आर्थिक विवरण यहाँहरूसमक्ष प्रस्तुत गर्न चाहन्छु ।

**गत आ.व. २०८१।८२ र २०८२।८३ को तुलनात्मक आर्थिक विवरण पेश गर्दछु ।**

**१. शेयर पूँजी (Share Capital)**

गत आ.व. को शेयर पूँजी रकम रु. ६,५५,१०,२००।- रहेकोमा चालु आ. व. मा रु. २८,७१,१००।- ले वृद्धि भई रु. ६,८३,८१,३००।- रहेको अवगत गराउन चाहन्छु । बचतको आधारमा शेयर पूँजी वृद्धि गर्दै जानुपर्ने भएकोले आगामी आ. व. २०८३/८४ मा बचतको अनुपातमा शेयर बृद्धि गर्दै लगिने नीति रहेता पनि संस्थागत पूँजी बृद्धि हुँदै गएको अवस्थालाई ध्यानमा राखी सहकारीको मूल्य मान्यता अनुसार सदस्यहरुको शेयर पूँजीमा एकरुपता हुने गरी सबै सदस्यको औषत शेयरपूँजी कायम गर्ने नीति बमोजिम शेयरपूँजी वृद्धि गरिनेछ र औषत शेयर नपुगेका सदस्यहरुलाई सदस्यको वचतबाट औषत शेयर कायम गरिने नीति अवलम्वन गरिनेछ ।

| क्र.स. | विवरण | गत वर्षको | यस वर्षको | प्रगति रकम | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | शेयर पूँजी | ६,५५,१०,२००।- | ६,८३,८१,३००।- | २८,७१,१००।- | ४.३८ |

**२. जगेडा कोष र अन्य कोषहरू (Reserve Fund and Other Funds)**

संस्थाले आफ्नो स्थापना कालदेखि नै वित्तीय अनुशासन, पारदर्शिता र प्रभावकारी व्यवस्थापनलाई प्राथमिकतामा राख्दै प्रत्येक वर्ष मुनाफा आर्जन गर्न सफल हुँदै आएको छ । यसै क्रममा आ.व. २०८२/८३ मा नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) बमोजिम बाँडफाँड योग्य मुनाफा रु.१,९३,६१,४५७- (अक्षरेपी एक करोड त्रियानब्बे लाख एकसट्ठी हजार चार सय सन्ताउन्न रुपैयाँ) खुद मुनाफा आर्जन गर्न सफल भएको व्यहोरा यस गरिमामय सभासमक्ष सहर्ष जानकारी गराउन चाहन्छु ।

**३. बाह्य ऋण (External Loan)**

राष्ट्रिय अर्थतन्त्रमा देखिएको आर्थिक मन्दी तथा त्यसको प्रभावस्वरूप ऋण लगानीमा आएको संकुचनका कारण संस्थाको तरलता व्यवस्थापनमा बाह्य स्रोतबाट थप रकम परिचालन गर्नुपर्ने अवस्था सिर्जना भएन। फलस्वरूप, आ.व. २०८२/८३ मा संस्थाले कुनै पनि बाह्य ऋण लिनु नपरेको व्यहोरा यस गरिमामय सभासमक्ष जानकारी गराउन चाहन्छु ।

संस्थाको वित्तीय सुदृढता, तरलता व्यवस्थापन तथा सदस्यहरूको वित्तीय आवश्यकता समेतलाई मध्यनजर गर्दै आगामी दिनमा तरलताको अवस्था आवश्यकताभन्दा कम हुन गएमा संस्थाको क्षमता, आवश्यकता र प्रचलित ऐन, नियम तथा नियामकीय निर्देशनको अधीनमा रही रु. २,००,००,०००।- (अक्षरेपी दुई करोड रुपैयाँ) सम्म बाह्य ऋण परिचालन गर्न सकिने नीतिलाई निरन्तरता दिइनेछ ।

बाह्य ऋणको उपयोग गर्दा संस्थाको वित्तीय अवस्था, लागत, जोखिम तथा प्रतिफललाई समुचित मूल्याङ्कन गरी संस्थाको हित र सदस्यहरूको आवश्यकतालाई प्राथमिकतामा राखिनेछ ।

## ४.बचत (Savings)

संस्थाले आफ्ना सदस्यहरूको आवश्यकता, क्षमता तथा वित्तीय प्राथमिकतालाई ध्यानमा राखी विभिन्न प्रकारका बचत योजनाहरू सञ्चालन गर्दै आएको छ । सदस्यहरूमा नियमित बचत गर्ने बानीको विकास गर्नुका साथै सुरक्षित वचतमार्फत संस्थाको वित्तीय आधारलाई थप मजबुत बनाउने उद्देश्यले विविध प्रकृतिका वचत योजनाहरूलाई निरन्तरता दिइएको छ ।

गत आर्थिक वर्षमा संस्थाद्वारा सञ्चालित विभिन्न बचत योजनामार्फत रु.७७,६५,७६,८२५।- वचत संकलन भएकोमा आ.व. २०८२/८३ मा रु.७,५७,३३,०५४।- ले वृद्धि भई कुल वचत रकम रु. ८५,२३,०९,८७९।- पुगेको व्यहोरा यस गरिमामय सभासमक्ष सहर्ष जानकारी गराउन चाहन्छु ।

| क्र.स. | विवरण | गत वर्षको | यस वर्षको | प्रगती रकम | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | बचत/निक्षेप | ७७,६५,७६,८२५।- | ८५,२३,०९,८७९।- | ७,५७,३३,०५४।- | ९.७५ |

## ५. ऋण लगानी (Loan Investment)

ऋण लगानी नै संस्थाको मेरुदण्डको रूपमा रहेको हुँदा संकलित निक्षेप रकम तथा संस्थाको पूँजीकोषलाई सदस्यहरूको मागअनुसार विभिन्न शीर्षकमा सुरक्षित रूपमा परिचालन गर्दै आएको छ । गत आर्थिक वर्षमा रु. ७२,०८,४८,२१४।- ऋण लगानी भएकोमा यस वर्ष रु. १,२६,५०,०९७।- ले वृद्धि भई कुल ऋण लगानी रु. ७३,३४,९८,२११।- पुगेको व्यहोरा यस गरिमामय सभासमक्ष जानकारी गराउन चाहन्छु ।

नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) बमोजिम संस्थाको वित्तीय प्रतिवेदन तयार गरिएको हुँदा ऋण सुरक्षण कोषबापतको रकम समायोजन गरी शुद्ध ऋण लगानी रु. ६९,६८,५८,५०८।- कायम गरिएको छ ।

धितो जमानीका आधारमा लगानी गरिने ऋणमा सदस्यको व्यावसायिक कार्ययोजना, ऋण तिर्न सक्ने क्षमता, चरित्र तथा अन्य आवश्यक पक्षहरूको विश्लेषण गरी धितो दृष्टिबन्धक पास गरेर ऋण लगानीलाई सुरक्षित बनाइएको छ। साथै, विना धितो बचत तथा सदस्य जमानी ऋण अन्तर्गत रु. ३,००,०००।- सम्मको ऋणमा राष्ट्रिय सहकारी नियमन प्रधिकरणको मापदण्ड, २०८२ बमोजिम लगानी गरिने छ र तीन लाख सम्मको ऋण लगानीलाई ऋणी बीमा अनिवार्य गरिएको छ । संस्थाबाट लगानी भएका ऋणको किस्ता तथा मासिक ब्याज असुली सम्बन्धी नीतिलाई समेत अनिवार्य रूपमा कार्यान्वयन गरिएको छ ।

आर्थिक मन्दी, बचत संकलनमा आएको कमी तथा तरलताको उचित व्यवस्थापन गर्नुपरेका कारण लक्ष्यअनुसार ऋण लगानी वृद्धिमा केही संकुचन आएको व्यहोरा यस सभासमक्ष अवगत गराउन चाहन्छौं ।

| क्र.स. | विवरण | गत वर्षको | यस वर्षको | प्रगती रकम | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | ऋण लगानी | ७२,०८,४८,२१४।- | ७३,३४,९८,२११।- | १,२६,४९,९९७।- | १.७५ |
| | ऋण सुरक्षण रकम र (NFRS) समायोजन | (४,३३,००,३७७) | १,०३,९५,०००।-<br>(४,७०,३५,७०३) | | |
| २. | शुद्ध ऋण लगानी | ६७,७५,४७,८३७।- | ६९,६८,५८,५०८।- | | |

चालु आ.व. मा सदस्यहरुले नियमित किस्ता समयमा नबुझाएका कारण एक वर्ष भन्दा बढि अवधि भाखा नाघेको ऋण रु. ३००१६३३९।-, १८१ दिन देखि ३६५ दिन सम्म भाखा नाघेको ऋण रु. १,९८,२६,३३१।- , ९१ दिन देखि १८० दिन सम्म भाखा नाघेको ऋण रु. ११,२३,५०९।- र असल ऋण रु. ६८,२५,३२,१३३।- गरी कूल ऋण रु. ७३,३४,९८,२११।- लगानी रहेकोमा भाखा नाघेको ऋण रकममा प्राधिकरणको मापदण्ड

बमोजिम क्रमशः १००%, ५०%, २५% र १%  गरी जम्मा रु ४,७०,३५,७०६।- ऋण सुरक्षणको व्यवस्था गरिएको अवगत गराउँदछु ।

**६. क. शेयर लगानी :**

| क्र.स. | शेयर लगानी विवरण | गत वर्षको | यस वर्षको | घटी/बढी |
|---|---|---|---|---|
| १ | भक्तपुर जिल्ला बचत संघ | ३,२८,०००।- | ३,२८,०००।- | ०.०० |
| २ | नेफस्कून | ६,०२,५००।- | ६,०२,५००।- | ०.०० |
| ३ | राष्ट्रिय सहकारी बैंक लि. | ४,००,०००।- | ४,००,०००।- | ० |
| ४ | जिल्ला सहकारी संघ लि. | १०,०००।- | १०,०००।- | ०.०० |
| ५ | हब सहकारी सेवा लि. | २५,०००।- | २५,०००।- | ०.०० |
| ६ | बागमती प्रदेश सहकारी संघ लि. | २५,०००।- | २५,०००।- | ०।- |
| | जम्मा | १३,९०,५००।- | १३,९०,५००।- | ०।- |

**ख. वित्तीय लगानी विवरण: (Financial Investment)**

चालु आ.व. मा विभिन्न नियमनकारी निकायबाट जारी गरिएका प्रचलित मापदण्ड, निर्देशन तथा व्यवस्थाहरूलाई आधार मान्दै संस्थाको उपलब्ध वित्तीय स्रोतलाई आवश्यकतानुसार व्यवस्थापन गरिएकोछ । छोटो अवधिका बचतको ९० प्रतिशत रकमलाई नियमानुसार तरल सम्पत्तिमा गणना गर्न सकिने व्यवस्था तथा संघहरूमा रहेको बचतलाई वित्तीय लगानीका रूपमा गणना नगर्ने प्रावधान रहेका कारण चालु आ.व. मा त्यस्ता क्षेत्रमा वित्तीय लगानी नगरिएको व्यहोरा यस गरिमामय सभा समक्ष जानकारी गराउन चाहन्छु ।

आगामी दिनमा संस्थामा आवश्यकता भन्दा बढी तरलता उपलब्ध भएको अवस्थामा त्यसको सुरक्षित तथा प्रभावकारी परिचालनका लागि प्रचलित ऐन, नियम, नियमनकारी निकायका निर्देशन तथा संस्थाको लगानी नीतिअनुसार सरकारी ऋणपत्रमा लगानी गर्ने तथा बैंक तथा वित्तीय संस्थाहरूमा आवधिक खाता सञ्चालन गरी सुरक्षित प्रतिफल प्राप्त गर्ने नीति अवलम्बन गरिनेछ ।

यसरी संस्थाको तरलता, सुरक्षा, प्रतिफल र जोखिमलाई सन्तुलनमा राख्दै उपलब्ध स्रोतको अधिकतम सदुपयोग गर्ने रणनीति लिइनेछ ।

| क. स. | विवरण | गत वर्षको | यस वर्षको | घटी/बढी |
|---|---|---|---|---|
| १. | वित्तीय लगानी | ०.००।- | ८,००,००,०००।- | ८,००,००,०००।- |

**७. तरलता (Liquidity)**

| असल ऋण (१%) | ६,८२५,३२१.३३ | ६,७५३,५६५.३३ |
| कमसल ऋण (२५%) | २८०,८७७.१३ | १,१०४,८०२.३५ |
| शंकास्पद ऋण (५०%) | ९,९१३,१६५.४८ | ५,६३०,४६२.०८ |
| खराब ऋण (१००%) | ३०,०१६,३३८.५८ | २९,८११,५४७.३२ |
| **जम्मा** | **४७,०३५,७०२.५२** | **४३,३००,३७७.०८** |

### ४.३.३ भुक्तानी लिन बाँकी ब्याज हिसाब

| जम्मा | आषाढ ३२ २०८३ | आषाढ ३२ २०८२ |
|---|---|---|
| पाउनुपर्ने ब्याज | १०,३९५,९००.०७ | ७,९०६,१४१.६४ |
| घटाउने: ब्याज मुल्तबी | – | (७,९०६,१४१.६४) |
| **जम्मा** | **१०,३९५,९००.०७** | – |

### ४.४ शेयर लगानी

**इक्विटी उपकरणमा लगानी**

सहकारीले केही संस्थाका शेयर उपकरणहरुमा लगानी गरेको छ जुन दीर्घकालीन रणनीतिक लगानीको रूपमा राखिएको छ यी व्यापारको लागि होइनन

| विवरण | आषाढ ३२ २०८३ | आषाढ ३२ २०८२ |
|---|---|---|
| FVTOCI मा मूल्याङ्कन गरिएको इक्विटीमा गरिएको लगानी | १,३९०,५००.०० | १,३९०,५००.०० |
| जम्मा | **१,३९०,५००.००** | **१,३९०,५००.००** |

### ४.४.१ FVTOCI मा मूल्याङ्कन गरिएको इक्विटीमा गरिएको लगानी

| विवरण | आषाढ ३२ २०८३ | आषाढ ३२ २०८२ |
|---|---|---|
| **इक्विटी उपकरणहरु** | | |
| सुचिकृत शेयर | - | - |
| सुचिकृत नभएका शेयर | १,३९०,५००.०० | १,३९०,५००.०० |

### ४.४.२ इक्विटीमा गरिएको लगानीको जानकारी

| विवरण | आषाढ ३२ २०८३ | | आषाढ ३२ २०८२ | |
|---|---|---|---|---|
| | लागत मूल्य | उचित मूल्य | लागत मूल्य | उचित मूल्य |
| **सुचिकृत नभएका शेयर** | | | | |
| भक्तपुर जिल्ला सहकारी संघ लि. | ३२८,०००.०० | ३२८,०००.०० | ३२८,०००.०० | ३२८,०००.०० |
| नेपाल केन्द्रिय बचत तथा ऋण सहकारी संघ लि (नेफ्स्कून) | ६०२,५००.०० | ६०२,५००.०० | ६०२,५००.०० | ६०२,५००.०० |
| राष्ट्रिय सहकारी बैंक लि | ४००,०००.०० | ४००,०००.०० | ४००,०००.०० | ४००,०००.०० |
| भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड | १०,०००.०० | १०,०००.०० | १०,०००.०० | १०,०००.०० |
| बागमती प्रदेश सहकारी संघ लिमिटेड | २५,०००.०० | २५,०००.०० | २५,०००.०० | २५,०००.०० |
| हब सहकारी सर्भिस लि | २५,०००.०० | २५,०००.०० | २५,०००.०० | २५,०००.०० |

### ४.५ अन्य वित्तीय सम्पत्ति

| विवरण | आषाढ ३२ २०८३ | आषाढ ३२ २०८२ |
|---|---|---|
| साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि. (धरौटी) | ५०,०००.०० | ५०,०००.०० |
| कृषी सामाग्री कम्पनी लि. (धरौटी) | ७०,०००.०० | ५०,०००.०० |
| वल्डलिङ्क राउटर (धरौटी) | १,५००.०० | १,५००.०० |
| प्रभु म्यानेजमेन्ट (धरौटी) | ६८४,१२७.६१ | ६८४,१२७.६१ |
| नागरिक लगानी कोष (संस्थागत उपदान) | २,४८५,९१२.०० | - |
| **जम्मा** | **३,२९१,५३९.६१** | **७८५,६२७.६१** |

**चमेली कल्याणकारी बचत तथा ऋण सहकारी संस्था लि.**
**लेखा सम्बन्धी टिप्पणीहरु**
**२०८२ श्रावण १ गते देखि २०८३ आषाढ ३२ गते सम्मको (१६ जुलाई २०२५ देखि १६ जुलाई २०२६ सम्म)**

**४.६ स्थगन कर सम्पत्ति/दायित्व**

| विवरण | परमोल | करको आधार | अस्थायी अन्तर | स्थगन कर १० % |
|---|---|---|---|---|
| | Carrying Amount | Tax Base | Temporary Difference | Deferred Tax Assets/liabilities |
| जग्गा | २,३५०,०००.०० | २,३५०,०००.०० | - | - |
| भवन | ४,३४४,२४०.०८ | ६,०२४,७००.३० | (१,६८०,४६०.२२) | (१६८,०४६.०२) |
| सवारी साधन | ४९,२२५.०० | २१,८२०.६० | २७,४०४.४० | २,७४०.४४ |
| कार्यालय उपकरण तथा सामाग्री र फर्निचर्स | ९२८,००२.१८ | ६३३,४१२.७९ | २९४,५८९.४० | २९,४५८.९४ |
| अन्य सम्पत्ति | - | - | - | - |
| **जम्मा** | | | - | - |
| कर्मचारी उपदान खर्च (नागरिक लगानी कोष) | - | १,९६९,२८५.२८ | (१,९६९,२८५.२८) | (१९६,९२८.५३) |
| कर्मचारी घर बिदा, बिरामी बिदा र उपदान व्यवस्था | १,८४९,७६४.४२ | - | १,८४९,७६४.४२ | १८४,९७६.४४ |
| पाउनुपर्ने ब्याज हिसाब | १०,३९५,९००.०७ | - | १०,३९५,९००.०७ | १,०३९,५९०.०१ |
| ऋण सुरक्षण कोष व्यवस्था | ४७,०३५,७०२.५२ | ३६,६७४,९१५.५४ | १०,३६०,७८६.९८ | १,०३६,०७८.७० |
| **जम्मा** | **१२,२४५,६६४.४९** | **१,९६९,२८५.२८** | **१०,२७६,३७९.२१** | **१२०,३८३.२५** |
| **गत वर्षसम्मा** | | | | **१,२७८,८९८.६७** |
| **फरक** | | | | **१,१५८,५१५.४२** |

**४.७ स्टक (अन्तिम मौज्दात)**

| **विवरण** | **आषाढ ३२ २०८३** | **आषाढ ३२ २०८२** |
|---|---|---|
| मसलन्द सामाग्री मौज्दात | ३४७,६३१.०४ | १८६,६५९.४४ |
| रासायनिक मल मौज्दात | - | - |
| **जम्मा** | **३४७,६३१.०४** | **१८६,६५९.४४** |

**चमेली कल्याणकारी बचत तथा ऋण सहकारी संस्था लि.**

**लेखा सम्बन्धी टिप्पणीहरु**

**२०८२ श्रावण १ गते देखि २०८३ आषाढ ३२ गते सम्मको (१६ जुलाई २०२५ देखि १६ जुलाई २०२६ सम्म)**

**४.८ सम्पत्ति, संयन्त्र तथा उपकरण**

| विवरण | जग्गा | भवन | कार्यलय उपकरणहरु | सवारी साधन | जम्मा |
|---|---|---|---|---|---|
| **परल मोल** | | | | | |
| १ श्रावण २०८१ को मौज्दात | २,३५०,०००.०० | ८,९३२,५३०.३५ | १,९९२,०२२.७६ | १९६,९००.०० | १३,४७१,४५३.११ |
| NFRS का समायोजनहरू | - | - | - | - | - |
| **१ श्रावण २०८१ को (संशोधित मौज्दात )** | **२,३५०,०००.००** | **८,९३२,५३०.३५** | **१,९९२,०२२.७६** | **१९६,९००.००** | **१३,४७१,४५३.११** |
| यस वर्ष थप प्राप्ती | - | १०७,४५२.४५ | २०६,२८६.०० | - | ३१३,७३८.४५ |
| यस वर्षको बिक्री | - | - | - | - | - |
| पुर्नमूल्याङ्कन/पुर्नलेखन | - | - | - | - | - |
| **आषाढ २०८२ अन्तिमको मौज्दात** | **२,३५०,०००.००** | **९,०३९,९८२.८०** | **२,१९८,३०८.७६** | **१९६,९००.००** | **१३,७८५,१९१.५६** |
| **१ श्रावण २०८२ को मौज्दात** | **२,३५०,०००.००** | **९,०३९,९८२.८०** | **२,१९८,३०८.७६** | **१९६,९००.००** | **१३,७८५,१९१.५६** |
| NFRS का समायोजनहरू | - | - | ८४,८८५.०२ | - | ८४,८८५.०२ |
| **१ श्रावण २०८२ को (संशोधित मौज्दात )** | **२,३५०,०००.००** | **९,०३९,९८२.८०** | **२,२८३,१९३.७८** | **१९६,९००.००** | **१३,८७०,०७६.५८** |
| यस वर्ष थप प्राप्ती | - | - | २५०,३०२.०० | - | २५०,३०२.०० |
| यस वर्षको बिक्री | - | - | - | - | - |
| पुनर्मूल्याङ्कन/पुनर्लेखन | - | - | - | - | - |
| **आषाढ २०८३ अन्तिमको मौज्दात** | **२,३५०,०००.००** | **९,०३९,९८२.८०** | **२,५३३,४९५.७८** | **१९६,९००.००** | **१४,१२०,३७८.५८** |
| **ह्रासकट्टी तथा क्षयिकरण** | | | | | |
| **१ श्रावण २०८१ को मौज्दात** | - | **२,३६६,२९९.७४** | **१,४४०,९२१.१६** | **१५८,३५९.९४** | **३,९६५,५८०.८४** |
| यस वर्षको ह्रासकट्टी | - | ३३१,८९३.२८ | १९५,०९४.५४ | ७,७०८.०१ | ५३४,६९५.८३ |
| यस वर्ष बिक्री भएको सम्बधि ह्रासकट्टी | - | - | - | - | - |
| यस वर्षको नोक्सानी | - | - | - | - | - |
| **आषाढ २०८२ अन्तिमको मौज्दात** | **-** | **२,६९८,१९३.०२** | **१,६३६,०१५.७०** | **१६६,०६७.९५** | **४,५००,२७६.६७** |
| **१ श्रावण २०८२ को मौज्दात** | **-** | **२,६९८,१९३.०२** | **१,६३६,०१५.७०** | **१६६,०६७.९५** | **४,५००,२७६.६७** |
| NFRS का समायोजनहरू | - | १,७६८,७०५.४९ | (२५२,८६६.४९) | (३४,८०१.२८) | १,४८१,०३७.७१ |
| **१ श्रावण २०८२ को (संशोधित मौज्दात )** | **-** | **४,४६६,८९८.५१** | **१,३८३,१४९.२१** | **१३१,२६६.६७** | **५,९८१,३१४.३८** |
| यस वर्षको ह्रासकट्टी | - | २२८,८४४.२१ | २२२,३४४.३९ | १६,४०८.३३ | ४६७,५९६.९४ |
| यस वर्ष बिक्री भएको सम्बधि ह्रासकट्टी | - | - | - | - | - |
| यस वर्षको नोक्सानी | - | - | - | - | - |
| **आषाढ २०८३ अन्तिमको मौज्दात** | **-** | **४,६९५,७४२.७२** | **१,६०५,४९३.६०** | **१४७,६७५.००** | **६,४४८,९११.३२** |
| **खुद किताबी मुल्य** | | | | | |
| **आषाढ अन्तिम २०८२ मौज्दात** | २,३५०,०००.०० | ४,५७३,०८४.२९ | ९००,०४४.५८ | ६५,६३३.३३ | ७,८८८,७६२.२० |
| **आषाढ अन्तिम २०८३ मौज्दात** | २,३५०,०००.०० | ४,३४४,२४०.०८ | ९२८,००२.१८ | ४९,२२५.०० | ७,६७१,४६७.२६ |

**चमेली कल्याणकारी बचत तथा ऋण सहकारी संस्था लि.**

**लेखा सम्बन्धी टिप्पणीहरु**

**२०८२ श्रावण १ गते देखि २०८३ आषाढ ३२ गते सम्मको (१६ जुलाई २०२५ देखि १६ जुलाई २०२६ सम्म)**

**४.९ अन्य चालु सम्पत्ति**

| विवरण | आषाढ ३२ २०८३ | आषाढ ३२ २०८२ |
|---|---|---|
| साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि. पेश्की | २,७७०.०० | - |
| पत्रपत्रिकालाई भुक्तानी गरिएको पेश्की | १८,२००.०० | - |
| अन्य अग्रिम भुक्तानी | ३३,३७५.०० | ५२,५२५.०० |
| कर्मचारी पेश्की | ३४,५१८.०० | ११,४५२.९५ |
| जिनोव इंक कर्पोरेशन प्रा.लि. पेश्की | ४८,५९०.५५ | २८,६७९.०० |
| **जम्मा** | **१३७,४५३.५५** | **९२,६५६.९५** |

**४.१० सदस्यबाट बचत र निक्षेप दायित्व**

| विवरण | आषाढ ३२ २०८३ | आषाढ ३२ २०८२ |
|---|---|---|
| नियमित बचत | १९३,४७९,४८१.५४ | १७८,३५५,६८५.२३ |
| नाबालक बचत | ५९,०९३,४६६.६९ | ५३,७६४,८९५.२२ |
| साधारण बचत | १५५,४५४,२२१.५१ | ९४,००६,३०२.१२ |
| आवधिक बचत | १२७,३९६,७००.०० | २२५,०८२,४९०.०० |
| दैनिक बचत | ८,९००,४२५.०२ | ७,४७३,२१९.६१ |
| खुत्रुके बचत | ९,३०३,९७३.२० | ७,५६०,७५२.७५ |
| पेन्सन बचत | ३०,६४०,९७६.५५ | ३१,६९३,९३६.३८ |
| चमेली विशेष बचत | ७६,८२७,१४३.१२ | २२,३४९,७७२.३३ |
| संचयकोष बचत | ४,४३६,२१४.२६ | ५,२७३,३०५.८२ |
| जेष्ठ सदस्य बचत | ३७,३००,४७१.६५ | २६,३१६,८६३.४० |
| लघुवित्त समुह बचत | २६,५१६,८३९.०९ | २४,२९०,६२५.६९ |
| आवधिक ब्याज बचत खाता | ४०,२६४,३००.०१ | ३८,४८६,३१५.८२ |
| सदस्य कल्याण बचत | ४,१५४,८२९.६५ | ३,८२३,६६८.८५ |
| चमेली सुनौलो भविष्य बचत | ३७,२५१,८०३.१८ | २९,६३३,१२९.९८ |
| कोपिला बचत | १३,०९३,४५४.०२ | ९,८४४,२८१.८४ |
| तिज विशेष बचत | ६३२,७२८.०२ | २५५,७४९.२५ |
| पेवा बचत | ५,०४४,३८०.२१ | १,०७०,२१६.७६ |
| केन्द्र बचत | ८०४,८९१.३२ | ६१८,२३८.२८ |
| शेयर लाभांश बचत | १२,७४२,८९१.१२ | १३,२६९,७००.२० |
| बिल भुक्तानी बचत | २९३,३००.२० | ३२९,६४५.७७ |
| सामाजिक सुरक्षा बचत | ३,०८४,९११.५३ | २,६२९,६३५.११ |
| शिक्षा बचत | १९२,७२५.५८ | ४४८,३९४.५६ |
| ऋण भुक्तानी बचत | ५,३९९,७५१.५४ | - |
| **जम्मा** | **८५२,३०९,८७९.०१** | **७७६,५७६,८२४.९७** |

### ४.११ अन्य वित्तीय दायित्व

| विवरण | आषाढ ३२ २०८३ | आषाढ ३२ २०८२ |
|---|---|---|
| लेखापरीक्षण शुल्क | २९६,०१७.७० | ३३४,४९९.०० |
| व्याज खर्च व्यवस्था (पेन्सन बचत) | ४२३,१९७.३३ | ४२३,१९७.३३ |
| कर्मचारी बीमा | ११७,४९८.०० | १३२,४९८.०० |
| ऋणी बीमा दायित्व | - | ५,६९०.०० |
| भुक्तानी दिनुपर्ने लुभु प्रिन्टिङ्ग प्रेस | - | ६.२० |
| विद्युत बापत तिर्नुपर्ने | ११,०३७.०५ | ११,०५६.०५ |
| कर्मचारी सञ्चित बिरामी बिदा व्यवस्था | ३००,०००.०० | - |
| कर्मचारी सञ्चित घर बिदा व्यवस्था | १,१७८,५७९.०० | - |
| सदस्यलाई भुक्तानी दिनुपर्ने रकम | १,९२८,३१८.३० | १४७,६३३.४७ |
| समिति, उपसमितिलाई भुक्तानी गर्नुपर्ने | - | ६,१२०.०० |
| अन्य दायित्व | ८८,४१५.४४ | २१,५७८.४४ |
| **जम्मा** | **४,३४३,०६२.८२** | **१,०८२,२७८.४९** |

### ४.१२ अन्य दायित्व

| विवरण | आषाढ ३२ २०८३ | आषाढ ३२ २०८२ |
|---|---|---|
| व्याज कर | ४२४,०४७.९६ | ६८६,६५०.३६ |
| बैठक भत्ता कर | ७,२००.०० | ८,४००.०० |
| आयकर प्रा. लि | ५,१२७.०० | १,६६८.०० |
| अन्य कर कट्टी दायित्व | १,२००.०० | १६,४०४.९५ |
| लेखापरीक्षण कर | ३,९८२.३० | १,९९२.०० |
| घर भाडा कर | - | ९,८८०.०० |
| सामाजिक सुरक्षा कर | ६,०००.०० | - |
| कर्माचारी पारिश्रमिक कर | २८,५१८.०० | - |
| कर्मचारी बोनस व्यवस्था | ३,८८०,६६७.७६ | १,३८०,७३६.०० |
| भुक्तानी दिनुपर्ने कर्मचारी संचित घरबिदा तथा बिरामी बिदा | ३७१,१८५.४२ | - |
| उपदान कोष व्यवस्था | २,४८५,९१२.०० | ५,५८९,९६१.४२ |
| **जम्मा** | **७,२१३,८४०.४४** | **७,६९५,६९२.७३** |

४.१३ चालु कर सम्पत्तिर दायित्व

| विवरण | आषाढ ३२ २०८३ | आषाढ ३२ २०८२ |
|---|---|---|
| **चालु कर सम्पत्ति** | | |
| चालु वर्षको आय कर सम्पत्ति | २,२९६,८३१.१२ | २,०२९,१९३.०४ |
| गत वर्षहरुको कर सम्पत्ति | - | - |
| **चालु कर दायित्व** | | - |
| चालु वर्षको आयकर दायित्व | (२,६४५,०८६.८३) | (३,३३६,४४०.८१) |
| गत वर्षहरुको कर दायित्व | - | - |
| **जम्मा आय कर सम्पत्ति/(दायित्व)** | **(३४८,२५५.७१)** | **(१,३०७,२४७.७७)** |

४.१४ शेयर पूँजी

| विवरण | आषाढ ३२ २०८३ | आषाढ ३२ २०८२ |
|---|---|---|
| शुरु मौज्दात | ६५,५१०,२००.०० | ६३,९६४,०००.०० |
| शेयर पुँजी थप | ४,६०२,९००.०० | ३,०४५,६००.०० |
| शेयर पुँजी फिर्ता | (१,७३१,८००.००) | (१,४९९,४००.००) |
| **जम्मा** | **६८,३८१,३००.००** | **६५,५१०,२००.००** |

शेयरको संख्याको मिलान

| विवरण | आषाढ ३२ २०८३ | आषाढ ३२ २०८२ |
|---|---|---|
| शुरु मौज्दात | ६५५,१०२.०० | ६३९,६४०.०० |
| यस वर्ष थप | ४६,०२९.०० | ३०,४५६.०० |
| यस वर्ष फिर्ता | (१७,३१८.००) | (१४,९९४.००) |
| **अन्तिम मौज्दात** | **६८३,८१३.००** | **६५५,१०२.००** |

सहकारीको प्रति शेयर मूल्य रु. १०० रहेको हुन्छ। सहकारीका प्रत्येक सदस्यहरुसँग वार्षिक साधारण सभामा एक मतको अधिकार रहन्छ। नाफा सदस्यहरूले धारण गरेको शेयर पूँजीको आधारमा बाँडिन्छ।

### ४.१५ जगेडा कोष

**सम्पतिको बिक्रीबाट प्राप्त हुने लाभ बापतको कोष**

| विवरण | आषाढ ३२ २०८३ | आषाढ ३२ २०८२ |
|---|---|---|
| शुरु मौज्दात | - | - |
| बिक्रीमा प्राप्त लाभबाट स्थानान्तरण | - | - |
| अन्य कोषहरुमा स्थानान्तरण | - | - |
| **अन्तिम मौज्दात** | - | - |

**अन्य स्रोतहरूबाट प्राप्त**

| विवरण | आषाढ ३२ २०८३ | आषाढ ३२ २०८२ |
|---|---|---|
| शुरु मौज्दात | ९५,१८२,८१०.९२ | ७९,४९९,०४२.३२ |
| यस आ.व.को नाफा /नोक्सान बाट स्थानान्तरण | ४,८३२,५८८.७० | ५,५३१,६३०.२६ |
| **कोषमा जम्मा** | | |
| संरक्षित पूँजी फिर्ता कोषबाट स्थानान्तरण | ३,१२६,५९४.५३ | २,५४८,८३६.७० |
| शेयर लाभांश कोषबाट स्थानान्तरण | १,५४७,६९५.८१ | १,६३७,४५७.७८ |
| अन्य कोषबाट स्थानान्तरण | २,१६३,५५१.९१ | ५,९६५,८४३.८६ |
| **अन्तिम मौज्दात** | **१०६,८५३,२४१.८७** | **९५,१८२,८१०.९२** |

**जम्मा जगेडा कोष तथा संचित मुनाफा**

| विवरण | आषाढ ३२ २०८३ | आषाढ ३२ २०८२ |
|---|---|---|
| सम्पत्ति बिक्रीबाट प्राप्त हुने लाभ बापतको रकम | - | - |
| सहकारीको नाफाबाट र अन्य स्रोतहरूबाट प्राप्त रकम | १०६,८५३,२४१.८७ | ९५,१८२,८१०.९२ |
| **जम्मा** | **१०६,८५३,२४१.८७** | **९५,१८२,८१०.९२** |

### ४.१६ अन्य कोषहरु

| विवरण | आषाढ ३२ २०८३ | आषाढ ३२ २०८२ |
|---|---|---|
| संरक्षित पुँजी फिर्ता कोष | ३,६२४,४५५.०३ | ४,१४८,७२२.७७ |
| शेयर लाभांश कोष | ७,०२०,५६९.१७ | ८,०३६,०७५.८४ |
| सामुदायिक विकास कोष | ५४०,०४३.७८ | ६१८,१५९.६८ |
| कर्मचारी बोनस कोष | ५४०,०४१.७९ | ६१८,१५९.६८ |
| सहकारी विकास कोष | १,१५८,२०१.४७ | ६१८,१५९.६८ |
| सहकारी शिक्षा कोष | २,६१६,९५०.३९ | २,०७६,९०४.९० |
| सहकारी प्रवर्द्धन कोष | ७२,४८९.०८ | १९५,११०.५३ |
| घाटा पूर्ति कोष | ४,३२३,९६९.६० | ३,७८३,९२७.८१ |
| जोखिम व्यवस्थापन कोष | ५४०,०४३.७८ | ६१८,१५९.६८ |
| स्थिरिकरण कोष | ५४०,०४२.९३ | ६१८,१५९.६८ |
| ब्याज समायोजन कोष ( NFRS) | १०,३९५,९००.०७ | - |
| **जम्मा** | **३१,३७२,७०७.०७** | **२१,३३१,५४०.२५** |

**चमेली कल्याणकारी बचत तथा ऋण सहकारी संस्था लि.**

**लेखा सम्बन्धी टिप्पणीहरु**

**२०८२ श्रावण १ गते देखि २०८३ आषाढ ३२ गते सम्मको (१६ जुलाई २०२५ देखि १६ जुलाई २०२६ सम्म)**

**४.१७ ब्याज आम्दानी**

| विवरण | आ.व २०८२/८३ | आ.व २०८१/८२ |
|---|---|---|
| ऋण लगानीबाट प्राप्त ब्याज | ७०,३३४,६३३.२९ | ८८,३०५,२३६.७० |
| पाउनुपर्ने ब्याज (interest Receivables-NFRS) | १०,३९५,९००.०७ | - |
| **जम्मा** | **८०,७३०,५३३.३६** | **८८,३०५,२३६.७०** |

**४.१८ ब्याज खर्च**

| विवरण | आ.व २०८२/८३ | आ.व २०८१/८२ |
|---|---|---|
| बचत तथा निक्षेपमा ब्याज खर्च | ३४,१२५,७१९.३९ | ४७,०१२,२६४.६१ |
| **जम्मा** | **३४,१२५,७१९.३९** | **४७,०१२,२६४.६१** |

**४.१९ अन्य सञ्चालन आम्दानी**

| विवरण | आ.व २०८२/८३ | आ.व २०८१/८२ |
|---|---|---|
| खाता बन्दि | १११,२२५.०२ | ११७,१६५.१२ |
| कमिशन | १,५९२.६८ | १४,६५०.६२ |
| प्रवेश शुल्क | १७,४००.०० | १९,३००.०० |
| सदस्यता शुल्क | ४८,७००.०० | ४५,९००.०० |
| ऋण माग फारम | १४८,९४७.०० | १५६,४६०.०० |
| ऋण सेवा शुल्क | ५,२४४,०४१.०० | ५,६६०,३५३.०० |
| बिल भुक्तानी शुल्क | ६,८१०.०० | ८,१५०.९५ |
| बिलम्ब शुल्क | १०२,४०८.०० | ९३,३६०.०० |
| मोबाइल तथा एस.एम.एस. एक्टिभेसन शुल्कबाट आम्दानी | ४,०००.०० | - |
| अन्य आम्दानी | १३,६७५.७३ | २१३,३६३.६१ |
| हर्जाना (किस्तामा) | ५५,७७९.०० | ५७,०७२.९२ |
| मल बिक्रिबाट आय | ६०,४०९.०० | ७६,४७७.३० |
| खराब ऋणबाट प्राप्त आय | १९३,३८०.०० | - |
| **जम्मा** | **६,००८,३६७.४३** | **६,४६२,२५३.५२** |

**४.२० कर्मचारी तलब तथा सुविधा**

| विवरण | आ.व २०८२/८३ | आ.व २०८१/८२ |
|---|---|---|
| कर्मचारी तलब खर्च | ५,४६६,६३६.०० | ५,५२२,९४५.०० |
| दशैं भत्ता | ४५५,५५३.०० | ४९०,४३४.०० |
| कर्मचारी विमा खर्च | ७८,०००.०० | ८०,०००.०० |
| कर्मचारी संचित घर विदा भुक्तानी | १५३,७०४.०० | १८१,८३९.०० |
| पोशाक खर्च | १३०,०००.०० | १४०,०००.०० |
| अतिरिक्त कार्य खर्च | १०१,९०१.०० | १०६,४०१.०० |
| कर्मचारी भत्ता | ३७२,०००.०० | ३८०,०००.०० |
| कर्मचारी सामाजिक सुरक्षा कोष खर्च | ९५६,०४०.०० | १,०१९,५८३.०० |
| कर्मचारी सञ्चय कोष | ६८,६४०.०० | - |
| कर्मचारी उपदान, घर बिदा, बिरामी बिदा (व्यवस्था) | ७१५,०००.०० | १,८८०,०००.०० |
| **जम्मा** | **८,४९७,४७४.००** | **९,८०१,२०२.००** |
| कर्मचारी बोनस व्यवस्था | ३,८८०,६६७.७६ | १,३८०,७३६.०० |
| **कूल जम्मा** | **१२,३७८,१४१.७६** | **११,१८१,९३८.००** |

४.२१ **प्रशासनिक खर्च**

| विवरण | आ.व २०८२/८३ | आ.व २०८१/८२ |
|---|---|---|
| लेखापरिक्षण शुल्क | ३००,०००.०० | ३३९,०००.०० |
| लेखापरिक्षण खर्च | ३९,०००.०० | - |
| बैठक भत्ता खर्च | ४१३,२००.०० | ५९९,८००.०० |
| सवारी साधन विमा | २,६९४.०० | २,७१८.०० |
| नगद, भल्ट विमा | ९१,७५३.६३ | ९९,०५६.२६ |
| भवन, फर्निचर तथा अन्य उपकरणको बीमा | २४,२५८.५० | २३,६३७.०० |
| सदस्य दुर्घटना विमा खर्च | १६१,८३५.०० | १५८,८७५.०० |
| साधारण सभा खर्च | २,२१९,७२५.०५ | २,८८४,३३७.६६ |
| घर भाडा | ९१,०२०.०० | ८८,८००.०० |
| बार्षिक सदस्य तथा अन्य नविकरण खर्च | २४१,०१३.०० | २०९,९०१.०० |
| विविध खर्च | १,३४१.७६ | ७१४.६५ |
| इलेक्ट्रोनिक र सञ्चार खर्च (एस्.एम्.एस्. सर्भिस) | ५३,२६६.२० | ४१,३६२.६३ |
| परामर्श शुल्क | - | ५६,५००.०० |
| पुस्तक तथा पत्रपत्रिका खर्च | २८,७६५.०० | ४५,८५०.०० |
| प्रोवेशन /स्क्यान कार्यक्रम खर्च | ८५,०००.०० | ६०,०००.०० |
| मर्मत तथा संभार खर्च | ६०,७५८.०० | ७२,३२८.०० |
| सामाजिक क्रियाकलाप खर्च | १३३,८५०.०० | १७०,३२६.३७ |
| छपाई तथा मसलन्द खर्च | ३५८,२३५.४१ | ३४०,१५९.१० |
| चियापान तथा अतिथि सत्कार खर्च | ६१,०००.०० | ६१,१०७.०० |
| सहकारी कार्यकम खर्च | ४३७,१६५.०० | ८४३,१८१.७९ |
| यातायात तथा इन्धन खर्च | ७७,९४३.०० | १०१,९७९.०० |
| टेलिफोन, विद्युत,पानी, सरसफाई तथा इन्टरनेट खर्च | १७८,९३०.०० | १९२,५५६.०० |
| कर कार्यालयमा तिरिएको थप रकम | ३३,१३३.८८ | - |
| **जम्मा** | **५,०९३,८८७.४३** | **६,३९२,१८९.४६** |

४.२२ **ह्रासकट्टि खर्च**

| विवरण | आ.व २०८२/८३ | आ.व २०८१/८२ |
|---|---|---|
| स्थीर सम्पत्ति, प्लान्ट र उपकरणको ह्रासकट्टी | ४६७,५९६.९४ | ५३४,६९५.८३ |
| **सञ्चालनमा रहेको व्यवसाय सम्बन्धित कुल ह्रासकट्टी र क्षयिकरण** | **४६७,५९६.९४** | **५३४,६९५.८३** |

४.२३ **गैर संचालन आम्दानी**

| विवरण | आ.व २०८२/८३ | आ.व २०८१/८२ |
|---|---|---|
| वित्तीय लगानीबाट प्राप्त ब्याज | १,५३७,२२५.७१ | २,८७०,९९२.३७ |
| तरल लगानीबाट प्राप्त ब्याज | २,४२८,१६७.३० | २,०१२,२१२.४७ |
| लाभांश आम्दानी | २१,०४२.२२ | ७१,३५३.१८ |
| अन्य आय | १,३४४.७५ | - |
| **जम्मा** | **३९८७७७९.९८** | **४,९५४,५५८.०२** |

४.२४ **गैर संचालन खर्च**

| विवरण | आ.व २०८२/८३ | आ.व २०८१/८२ |
|---|---|---|
| वित्तीय खर्च | - | - |
| अन्य खर्च | - | - |
| **जम्मा** | - | - |

## ४.२५ निश्चित अपरेशनसँग सम्बन्धित आयकरहरू

### ४.२५.१ आयकर खर्च

| विवरण | आ.व २०८२/८३ | आ.व २०८१/८२ |
|---|---|---|
| **चालु कर खर्च** | | |
| यस वर्षको | २,६४५,०८६.८३ | ३,३३६,४४०.८१ |
| पछिल्लो वर्षहरुको समायोजन | - | - |
| | **२,६४५,०८६.८३** | **३,३३६,४४०.८१** |
| **स्थगन कर खर्च (आय)** | | |
| यस वर्षको स्थगन कर (आम्दानी)/खर्च | (१,१५८,५१५.४२) | (१,२७८,८९८.६७) |
| | **(१,१५८,५१५.४२)** | **(१,२७८,८९८.६७)** |
| **जम्मा आयकर खर्च** | **१,४८६,५७१.४१** | **२,०५७,५४२.१४** |

### ४.२६ प्रति शेयर आम्दानी

| विवरण | आ.व २०८२/८३ | आ.व २०८१/८२ |
|---|---|---|
| आधारभुत प्रति शेयर आम्दानी | ४५.५१ | ३३.७८ |
| डाइलुटेड प्रति शेयर आम्दानी | ४५.५१ | ३३.७८ |

कुनै सम्भावित डाइलुटेड उपकरणहरू छैन ।

### ४.२६.१ आधारभुत प्रति शेयर आम्दानी

| विवरण | आ.व २०८२/८३ | आ.व २०८१/८२ |
|---|---|---|
| सहकारीका शेयरधनी सम्बोधन गरिएको वर्षको लाभ (A) | ३१,१२२,४०७.५५ | २२,१२६,५२१.०४ |
| आधारभुत प्रति शेयरको उद्देश्यका लागि साधारण शेयरहरूको भारित संख्या (B) | ६८३,८१३.०० | ६५५,१०२.०० |
| **आधारभुत प्रति शेयर आम्दानी (A/B)** | **४५.५१** | **३३.७८** |

सहकारीले दैनिक आधारमा शेयर पूँजी प्राप्त तथा भुक्तानी गर्ने भएकाले भारित औषत शेयर संख्या निकाल्न व्यवसायीक रुपमा कठीनाई छ । त्यसैले आषाढ मसान्तमा मौज्दात रहेको शेयर संख्या लिईएको छ ।

**चमेली कल्याणकारी बचत तथा ऋण सहकारी संस्था लि.**
**सूर्यविनायक न.पा. ०१, बिरुवा भक्तपुर**
**रासायनिक मल खरिद बिक्री विवरण**
**आ.व. २०८२।०८३**

| विवरण | खरिद बिकि बोरा | रकम यस वर्ष (२०८२।८३) | रकम गत वर्ष (२०८१।८२) |
|---|---|---|---|
| **मलको सुरु मौज्दात** | | - | ५१,९७७.९७ |
| युरिया मल | ३०९ | २८६,७५२.०० | २५६,१२८.०० |
| डि.ए.पी. मल | १५५ | ३६८,५९०.०० | ३९४,७४८.०० |
| पोटास मल | १५ | २६,६७०.०० | २१,३३६.०० |
| जम्मा खरिद | | **६८२,०१२.००** | **६७२,२१२.००** |
| ढुवानी तथा लोड अनलोड खर्च | | ८,४२३.६८ | ३६,४१७.७० |
| **जम्मा खरिद रकम ढुवानी तथा लोड अनलोड र स्टक सहितको जोड** | | **६९०,४३५.६८** | **७६०,६०७.६७** |
| **मल बिकी** | | | |
| युरिया मल | ३०९ | ३३९,९००.०० | ३०३,६००.०० |
| डि.ए.पी. मल | १५५ | ३९५,२५०.०० | ४७५,२७७.९७ |
| पोटास मल | १५ | २९,२५०.०० | २३,४००.०० |
| **जम्मा बिकी** | | **७२६,९७४.२६** | **८०२,२७७.९७** |
| **अन्तिम मौज्दात डि.ए.पी. मल** | | - | - |
| **मल बिकीबाट आय (क)** | | **३६,५३८.५८** | **४१,६७०.३०** |

| **साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि.** | | | |
|---|---|---|---|
| **विवरण** | **खरिद बिकि बोरा** | **रकम यस वर्ष (२०८२।८३)** | **रकम गत वर्ष (२०८१।८२)** |
| मलको सुरु मौज्दात | - | - | - |
| युरिया मल | ८१ | ७५,१६८.०० | १३८,२७२.०० |
| डि.ए.पी. मल | ६७ | १५९,३२६.०० | २६१,५८०.०० |
| पोटास मल | १५ | २६,६७०.०० | ६४,००८.०० |
| जिंक मल | १० | १८,३६०.०० | ३५,४६०.०० |
| एल्मुनियम सल्फेट मल | - | - | ८,९६५.०० |
| **जम्मा खरिद ढुवानी तथा लोड अनलोड खर्च बाहेक** | | **२७९,५२४.००** | **५०८,२८५.००** |
| ढुवानी तथा लोड अनलोड खर्च | | ५,८०५.५८ | १९,५०८.०० |
| **जम्मा खरिद रकम ढुवानी तथा लोड अनलोड र स्टक सहितको जोड** | | **२८५,३२९.५८** | **५२७,७९३.००** |
| | | | |
| **मल बिकी** | | | |
| युरिया मल | ८१ | ८९,१००.०० | १६३,९००.०० |
| डि.ए.पी. मल | ६७ | १७०,८५०.०० | २८०,५००.०० |
| पोटास मल | १५ | २९,२५०.०० | ७०,२००.०० |
| जिंक मल | १० | २०,०००.०० | ३८,०००.०० |
| एल्मुनियम सल्फेट मल | - | - | १०,०००.०० |
| **जम्मा बिकी** | | **३०९,२००.००** | **५६२,६००.००** |
| अन्तिम मौज्दात डि.ए.पी. मल | | - | - |
| **मल बिकीबाट आय (ख)** | | **२३,८७०.४२** | **३४,८०७.००** |
| **कुल जम्मा (क + ख)** | | **६०,४०९.००** | **७६,४७७.३०** |

# चमेली कल्याणकारी बचत तथा ऋण सहकारी संस्था लि.

सूर्यविनायक न.पा.१, बिरुवा, भक्तपुर

पर्ल्स (**PEARLS**) अनुगमन पद्धति नतिजा २०८२.८३

| | सुचाङक | लक्ष्य | *Numerator* | *Denominator* | नतिजा |
|---|---|---|---|---|---|
| **P= Protection** (संरक्षण) | | | | | |
| **P1** | १२ महिना भन्दा बढि भाखा नाघेको ऋणको लागी जोखिम व्यवस्था | १००% | ३०,०१६,३३९ | ३०,०१६,३३९ | १००% |
| **P2x-1** | ६ देखी १२ महिनासम्म भाखा नाघेको ऋणको लागी जोखिम व्यवस्था | ५०% | ९,९१३,१६८ | १९,८२६,३३१ | ५०% |
| **P2x-2** | ३ देखी ६ महिनासम्म भाखा नाघेको ऋणको लागी जोखिम व्यवस्था | २५% | २८०,८७७ | १,१२३,५०९ | २५% |
| **P2x-3** | असल ऋणको लागी जोखिम व्यवस्था | १% | ६,८२५,३२१ | ६८२,५३२,१३३ | १% |
| **P6** | तिर्न सक्ने सक्षमता | ११०% भन्दा बढी | १,०६५,६९१,११८ | ९२०,६९१,१७९ | ११५.७५% |
| **E= Effective Financial Structure** (प्रभावकारी वित्तीय संरचना) | | | | | |
| **E1** | जम्मा सम्पत्तीमा लगानीमा रहेको खुद ऋणको अनुपात | ७०-८०% | ६९६,८५८,५०८ | १,०७०,८२२,२८७ | ६५.०८% |
| **E5** | जम्मा सम्पत्तीमा बचतको अनुपात | ७०-८०% | ८५२,३०९,८७९ | १,०७०,८२२,२८७ | ७९.५९% |
| **E6** | जम्मा सम्पत्तीमा बाह्य ऋणको अनुपात | ५% भन्दा कम | - | १,०७०,८२२,२८७ | ०.००% |
| **E7** | जम्मा सम्पत्तीमा शेयर रकमको अनुपात | १०-२०% | ६८,३८१,३०० | १,०७०,८२२,२८७ | ६.३९% |
| **E8** | जम्मा सम्पत्तीमा कुल संस्थागत पुंजीको अनुपात | कम्तिमा १०% | १११,१७७,२११ | १,०७०,८२२,२८७ | १०.३८% |
| **E9** | जम्मा सम्पत्तीमा खुद संस्थागत पुंजीको अनुपात | १०% | १११,१७७,२११ | १,०७०,८२२,२८७ | १०.३८% |
| **A= Assets Quality** (सम्पत्तिको गुणस्तर) | | | | | |
| **A1** | कुल ऋण लगानीमा भाका नागेको ऋणको अनुपात | ५% भन्दा कम | ५६,०९९,५७७ | ७३३,४९८,३११ | ७.६५% |
| **A2** | जम्मा सम्पत्तीमा नकमाउने सम्पत्तीको अनुपात | ५% भन्दा कम | २३,६९९,३५९ | १,०७०,८२२,२८७ | २.२१% |
| **A3** | आय आर्जन नगर्ने सम्पत्तीमा खुद लागत रहित पुंजीको अनुपात | २००% | १११,१७७,२११ | २३,६९९,३५९ | ४६९.११% |
| **R= Rate of Return** (लगानीमा प्रतिफल) | | | | | |
| **R1** | औषत कूल ऋण लगानीको अनुपातमा ऋण लगानीबाट प्राप्त आम्दानी | औषत ब्याजदर | ७०,३३४,६३३ | ७२७,१७३,२६२ | ९.६७% |
| **R2** | औषत तरल सम्पत्तीको अनुपातमा तरल लगानीबाट प्राप्त आम्दानी | बजार दर | २,४४९,२१० | २८१,००४,८०४ | ०.८७% |
| **R3** | औषत वित्तिय लगानीको अनुपातमा वित्तीय लगानीबाट प्राप्त आम्दानी | बजार दर | १,५३७,२२६ | ८१,३९०,५०० | १.८९% |
| **R5** | औषत बचतको अनुपातमा बचतमा तिरेको ब्याज खर्च | बजार दर | ३४,१२५,७१९ | ८१४,४४३,३५२ | ४.१९% |
| **R7** | औषत शेयर पुँजीको अनुपातमा लाभांश वितरण | बजार दर >= **R5** | ६,४८८,३५४ | ६६,९४५,७५० | ९.६९% |
| **R9** | औषत सम्पत्तीमा संचालन खर्चको अनुपात | ५% | १७,९३९,६२६ | १,०१९,७५४,४४१ | १.७६% |
| **L= Liquidity** (तरलता) | | | | | |
| **L1** | कुल निक्षेपमा तलरता | न्युनतम १५% | २८१,००४,८०४ | ८५२,३०९,८७९ | ३२.९७% |
| **L3** | कुल सम्पत्तीमा आर्जन नगर्ने तरल सम्पत्तीको अनुपात | १% भन्दा कम | १,७३४,९८४ | १,०७०,८२२,२८७ | ०.१६% |
| **S= Sign of Growth** (बृद्धि) | | | | | |
| **S10** | सदस्यता बृद्धिदर | १२% भन्दा बढि | ५,१४८ | ५,१४३ | ०.१०% |
| **S11** | कुल सम्पत्तीको बृद्धिदर | मुद्रास्फितीको दर भन्दा बढी | १,०७०,८२२,२८७ | ९६८,६८६,५९५ | १०.५४% |

**चमेली कल्याणकारी बचत तथा ऋण सहकारी संस्था लि.**
वित्तीय विवरण सम्बन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु
आय वर्ष २०८२/८३

### १. संगठनात्मक जानकारी

चमेली कल्याणकारी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, (यसपछि "संस्था वा सहकारी संस्था") भनिएको छ । सहकारी ऐन २०४८ बमोजिम कृषि तथा सहकारी मन्त्रालयको सहकारी विभाग अन्तर्गत जिल्ला सहकारी कार्यालय भक्तपुरमा मिति २०५९/०७/१३ गते दर्ता नम्बर ७६/०५९/०६० बाट दर्ता भई आन्तरिक राजस्व कार्यालयमा स्थायी लेखा नम्बर (PAN) ३०२५५१४४२ लिई सञ्चालनमा रहको छ । यस सहकारी संस्था विगत दुई दशकदेखि समुदायका व्यक्तिगत सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक आकांक्षाको उत्थानमा योगदान पुऱ्याउन, आफ्ना सदस्यहरूको आर्थिक विकास, प्रवर्द्धन र सुदृढीकरण गर्न प्रतिबद्ध छ । यस संस्थाको मुख्य कार्यालय साविक दधिकोट-२ हाल सूर्यविनायक न.पा. वडा नं १ विरुवा भक्तपुरमा अवस्थित छ । यस संस्थाको मुख्य उद्देश्य भनेको आफ्ना सदस्यहरूसँग बचत सङ्कलन, ऋण लगानी जस्ता वित्तीय लेनदेन गर्नुका साथै शिक्षा, तालिम, सूचना, सामाजिक कार्य जस्ता अन्य धेरै गैर-वित्तीय सेवाहरू प्रदान गर्नु हो । यस संस्थाले आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक उन्नतिको लागि सक्रिय भूमिका खेल्दै आएको छ । यस संस्थाको एउटा सदस्य सेवा केन्द्र गुण्डु भक्तपुरमा समेत सञ्चालनमा रहको छ ।

### २. लेखाङ्कनका आधार

#### २.१ अनुपालन सम्बन्धी उद्घोषण

यस सहकारी संस्थाको वित्तीय विवरणहरू लेखामान बोर्ड (ASB), नेपालद्वारा व्यवस्था भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरिएको नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसारका साथै सहकारी ऐन २०७४ को व्यवस्था बमोजिम तयार गरिएको छ । सहकारी संस्थाको सहयोगी, सहायक वा संयुक्त व्यवस्थाको रूपमा वर्गीकृत संस्थाहरूमा कुनै लगानी नभएकोले संयुक्त वित्तीय विवरणहरू तयार पारिएको छैन । चालु आर्थिक वर्षको वर्गीकरण/खुलासासँग मेल खाने गरी आवश्यक परेमा अघिल्लो आर्थिक वर्षको तथ्याङ्कलाई पुनः समूहबद्ध / पुनः वर्गीकृत गरिएको छ ।

#### २.२ समिक्षा अवधि र वित्तीय विवरणको स्वीकृति

यस सहकारी संस्थाले वित्तीय विवरणहरू तयार गर्न नेपाली पात्रोमा आधारित नेपाली आर्थिक वर्षको (२०८२ श्रावण १ गतेबाट सुरु भएर २०८३ आषाढ मसान्तसम्म) लाई आधार लिएको छ ।

वित्तीय विवरणहरूको तयारी र प्रस्तुतीकरणको जिम्मेवारी सञ्चालक समितिले स्वीकार गर्दछ ।

यी वित्तीय विवरणहरू सञ्चालक समितिबाट पारित भई २०८३ आश्विन ३ गते सम्पन्न हुने २४ औं वार्षिक साधारण सभामा शेयर सदस्यहरूबाट अनुमोदनको लागि सिफारिस गरिएको छ ।

#### २.३ कार्यात्मक र प्रस्तुतीकरण मुद्रा

वित्तीय विवरणहरू नेपाली रुपैयाँ (NPR) मा प्रस्तुत गरिएका छन् जुन सहकारी संस्थाको आर्थिक वातावरणको आधारमा कार्यात्मक र प्रस्तुतिकरण मुद्रा हो ।

### २.४ अनुमान, पूर्वधारणा र स्वविवेक को प्रयोग

वित्तीय विवरणहरू तयार गर्नका लागि व्यवस्थापनले सम्पत्ति, दायित्व, आम्दानी र खर्चको लेखाङ्कन गरिएको रकमलाई असर गर्ने लेखा नीतिहरूको प्रयोगमा अनुमान, पूर्वधारणा र स्वविवेक को प्रयोग आवश्यक पर्दछ । वास्तविक परिणामहरू यी अनुमानहरू भन्दा फरक हुन सक्छन् । विगतको अनुभव र अन्य कारणहरूको आधारमा अनुमान र निर्णयहरूमा निरन्तर पुनरावलोकन गरिन्छ, जसमा स्वभाविक देखिने भविष्यका घटनाहरूलाई पनि समावेश गरिन्छ । लेखा अनुमानहरूमा अनुमानमा भएको पुनरावलोकनलाई prospectively समायोजन गरिन्छ जसले सोहि वर्ष तथा आउने वर्षहरुमा असर गर्दछन् ।

### २.५ निरन्तरता (Going Concern)

यस संस्थाको सञ्चालक समिति भविष्यमा व्यवसाय जारि राख्नको लागि आवश्यक पूँजी स्रोतहरुका साथै नगद प्रवाह छ भन्नेमा सन्तुष्ट भएकाले वित्तीय विवरण Going Concern को आधारमा तयार पारिएको छ ।

### २.६ लेखा नीतिहरूमा परिवर्तनहरू

वित्तीय विवरण तयार गर्दा प्रयोग गरिएका लेखा नीतिहरु निरन्तर रूपमा अवलम्बन गरिन्छ । लेखा नीतिमा परिवर्तन गर्नु पर्दा NFRS ले तोकेको व्यवस्था बमोजिम त्यसलाई समायोजन गरिन्छ ।

### २.७ छुट (Discounting)

Time value of money को प्रभाव सारभूत भएमा सो रकमहरूलाई discounting गरी मापन गरिन्छ ।

## ३. महत्वपूर्ण लेखा नीतिहरू

### ३.१ मापनको आधार

सहकारी संस्थाको वित्तीय विवरण अन्यथा स्पष्ट रुपमा उल्लेख गरिएको बाहेक ऐतिहासिक लागतको आधारमा तयार पारिएको छ ।

### ३.२ स्थीर सम्पत्ति, संयन्त्र तथा उपकरण

(क) स्थीर सम्पत्ति संयन्त्र तथा उपकरणहरूको लागतमा संचित ह्रासकट्टी र क्षयिकरण (नोक्सानी) समेत भएमा क्षयिकरण (नोक्सानी) समेत घटाई मापन गरिएको छ । लागतमा सम्पत्तिको अधिग्रहणसँग प्रत्यक्ष रूपमा सम्बन्धित खर्चहरू समावेश गरिएको छ ।

(ख) वस्तुको लागत विश्वसनीय रुपमा गणना गर्न मिल्नुका साथै भविष्यमा आर्थिक लाभहरु संस्थालाई प्राप्त गर्ने सम्भावना देखिएमा लागत पछिको खर्चहरु (Subsequent cost) सम्पत्तिको लागतमा समावेश गरिन्छ वा अलग सम्पत्तिको रुपमा मान्यता दिईन्छ ।

(ग) स्थीर सम्पत्ति, संयन्त्र तथा उपकरणहरुको अवशिष्ट मुल्य, उपयोग हुने समय प्रत्येक वित्तीय बर्षको अन्त्यमा समिक्षा गरिन्छ र आवश्यक भएमा Prospectively समायोजन गरिन्छ ।

(घ) स्थीर सम्पत्ति, संयन्त्र तथा उपकरणहरुबाट आर्थिक लाभ हुने अपेक्षा गरिँदैन वा Disposal गरिन्छ भने सो सम्पत्ति,संयन्त्र तथा उपकरणहरु Derecognized गरिन्छ । यसरी Derecognized गर्दा आउदो लाभ तथा नोक्सानी नाफा नोक्सान हिसावमा लेखांकन गरिन्छ ।

(ङ) संस्थाले सबै सम्पत्ति, संयत्र तथा उपकरणहरुको लागत मोडेल अपनाएको छ ।

**ह्रासकट्टी**: सहकारी संस्थाले आफ्नो सम्पत्ति, प्लान्ट तथा उपकरणहरूको ह्रासकट्टी गर्न सरल रेखा विधि (Straight Line Method) अपनाएको छ । सम्बन्धित सम्पत्तिको अनुमानित उपयोगी आयुका आधारमा ह्रासकट्टी गणना गरिन्छ ।

संस्थाले विगतमा आफ्नो सम्पत्ति, प्लान्ट तथा उपकरण (PPE) को ह्रासकट्टी गणना गर्दा कर प्रयोजनका लागि प्रचलित Written Down Value (WDV) विधि अवलम्बन गर्दै आएको थियो। तर, NFRS को आवश्यकतासँग समायोजन गर्न आर्थिक वर्ष २०८२/८३ देखि ह्रासकट्टी गणनाका लागि Straight Line Method (SLM) विधि अवलम्बन गर्ने निर्णय गरेको छ ।

उक्त लेखांकन नीतिमा भएको परिवर्तनलाई संस्थाले पूर्वव्यापी (Retrospective) प्रभाव दिई लेखांकन गरेको छ । यस परिवर्तनका कारण कुल रु.१,३९६,१५२.६९ ले नाफा विनियोजन (Profit Appropriation) रकममा कमी आएको छ ।

उक्त रकम अघिल्लो आर्थिक वर्षमै विभिन्न जगेडा कोष तथा अन्य कोषमा विनियोजन गरिसकिएको हुँदा सो रकमलाई कउद्रघाटनक जगेडा (Opening Reserve) मा समायोजन गर्न सम्भव नभएकोले चालु आर्थिक वर्षको नाफाबाट रु. १,३९६,१५२.६९ घटाई समायोजन गरिएको छ। यसपछि बाँकी रहेको नाफा मात्र जगेडा कोष तथा अन्य विभिन्न कोषहरूमा विनियोजन तथा हस्तान्तरण गरिएको छ ।

**ख्याति/ अमूर्त सम्पत्तिहरू**

व्यापार संयोजनमा प्राप्त पहिचान योग्य खुद सम्पत्तिको उचित मूल्य भन्दा अधिग्रहण लागतको कुनै पनि अतिरिक्ततालाई ख्यातिको रूपमा पहिचान गरिन्छ । ख्यातिलाई लागतमा कुनै पनि संचित क्षयिकरण (संचित नोक्सानी) लाई घटाई मापन गरिन्छ । यदि घटनाहरू वा परिस्थितिहरूमा परिवर्तनहरूले बहन मूल्यमा क्षति पुग्न सक्ने संकेत गरेमा वार्षिक रूपमा वा त्यो भन्दा बढी पटक क्षतिको लागि ख्यातिको क्षयीकरणको समीक्षा गरिन्छ ।

ख्याति बाहेक छुट्याउन सकिने सम्झौता वा अन्य कानुनी अधिकारहरूबाट उत्पन्न हुने उचित मूल्य निर्धारण गर्न सकिने अर्मूत सम्पत्तिहरुको अलग्गै पहिचान गरिन्छ । यी अमूर्त सम्पत्तिहरूलाई तिनीहरूको अनुमानित उपयोगी जीवन अवधिभर लागतमा क्षयिकरण/परिशोधन घटाई लेखाङ्कन गरिन्छ ।

सहकारी संस्थासँग परिशोधन(amortization) गर्नुपर्ने अमूर्त सम्पत्तिको रूपमा हाल केहि पनि रहेको छैन ।

**३.३ बिक्रीको लागि राखिएका दीर्घकालिन सम्पत्तिहरू**

बिक्रीको लागि राखिएको दीर्घकालिन सम्पत्तिहरूमा सम्पत्ति संयन्त्र र उपकरणको रूपमा वर्गीकृत गरिएका बाहेक जग्गा, जग्गा र भवन दीर्घकालिन सम्पत्तिमा समावेश हुन्छन् । सामान्यतया, यसमा सहकारी संस्थाले गैर-बैंकिङ सम्पत्तिको रूपमा अधिग्रहण गरेको तर प्रतिवेदन मितिमा बिकी नभएको जग्गा, जग्गा र भवन समावेश हुन्छ तर संस्थासँग यस प्रकारका सम्पति हाल कुनै पनि रहेको छैन् ।

**३.४ लगानी सम्पति**

सम्पत्ति तथा उपकरणहरुमा समावेश भएका साथै बिक्रीका लागि राखिएका दीर्घकालिन सम्पत्ति बाहेकका जग्गा तथा भवनहरु लगानी सम्पत्तिमा गणना हुन्छन् । संस्थासंग यस प्रकारका सम्पत्तिहरु हाल केही पनि रहेको छैन् ।

FIRM NO.: 1406

**३.५ आयकर**

कर खर्चमा चालु कर र स्थगन कर समावेश छन् ।

**चालु कर**

चालु आय वर्षमा भएको करयोग्य आयमा लाग्ने कर चालु कर हो । कर योग्य आय नाफा नोक्सान हिसाबमा देखाएको कर अघिको आय भन्दा फरक हुन सक्दछ किनभने कुनै आय तथा खर्चहरु सो आय बर्ष भन्दा अन्य आय बर्षमा करयोग्य वा कटौती योग्य हुन सक्छन वा कहिल्यै कर योग्य तथा कटौती योग्य नहुन सक्छन् ।

**स्थगन कर**

सम्पत्ति तथा दायित्वहरुको वित्तीय विवरणमा गणना गरिएको रकम तथा आयकर ऐन अनुसार गणना गरिएको रकममा हुने अस्थायी भिन्नतालाई वासलातमा स्थगन कर सम्पत्ति वा स्थगन कर दायित्वका रुपमा लेखाङ्कन गरी प्रत्येक वर्ष यस्तो सम्पत्ति वा दायित्वमा हुने परिवर्तनलाई नाफा वा नोक्सान हिसाबमा स्थगन कर आय वा स्थगन कर खर्च को रुपमा लेखाङ्कन गरिन्छ ।

स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएसम्म सम्पत्तिको रुपमा पहिचान गरिँदैन । स्थगन कर सम्पत्ति वा दायित्वको मापन गर्दा उक्त सम्पत्तिबाट प्राप्ति हुने वा दायित्व राफसाफ हुने बखतमा लागू हुन सक्ने कर दरको आधारमा गरिन्छ ।

**३.६ चालू र गैर-चालू सम्पत्ति तथा दायित्वहरूको वर्गीकरण**

सबै सम्पत्ति र दायित्वहरूलाई सहकारीको सामान्य सञ्चालन चक्र र NAS1 मा उल्लेख गरिएका अन्य मापदण्डहरू अनुसार चालू र गैर-चालू सम्पत्तिको रूपमा वर्गीकृत गरिएको छ - प्रशोधनको लागि सम्पत्ति प्राप्त गर्ने र नगद वा नगद समकक्षमा तिनीहरूको प्राप्ति बीचको प्रकृति र समयको आधारमा वित्तीय विवरणहरू प्रस्तुत गरिएको छ ।

संस्थाले निम्न आधारमा सम्पत्तिहरूलाई चालूको रूपमा वर्गीकृत गरेको छ :

- सामान्य सञ्चालन चक्रमा प्राप्त हुने वा बेच्ने वा उपभोग गर्ने अपेक्षा गरिएंको,
- बाह्र महिना भित्र प्राप्त हुने अपेक्षा गरिएको,
- नगद वा नगदसरह, यदि कम्तीमा बाह्र महिना भित्र कुनै दायित्व चुक्ता गर्न तथा प्रयोग गर्नबाट रोकिएको छैन भने;
- मुख्य रूपमा कारोबारको उद्देश्यका लागि राखिएको ।

संस्थाले दायित्वलाई निम्न आधारमा चालूको रूपमा वर्गीकृत गरेको छ :

- यो सामान्य सञ्चालन चक्रमा मिलाउन अपेक्षा गरिएको छ,
- प्रतिवेदन अवधिपछिका बाह्र महिनाभित्र चुक्ता गरिनुपर्ने,

•प्रतिवेदन अवधिपछि कम्तीमा बाह्र महिनासम्म दायित्वको चुक्तालाई स्थगन गर्ने स्पष्ट अधिकार नरहेको,

• मुख्यतया व्यापारको उद्देश्यका लागि राखिएको ।

संस्थाले अन्य सबै सम्पत्ति तथा दायित्वहरूलाई गैर-चालूको रूपमा वर्गीकृत गरेको छ ।

### ३.७ मौज्दात (Inventory)

मौज्दात भनेको यस्तो सम्पत्ति हो जुन नियमित व्यवसायको क्रममा बिक्रीका लागि राखिएको, सो बिक्रीको लागि उत्पादन प्रक्रियामा रहेको वा सेवाहरू प्रदान गर्न वा उत्पादन प्रक्रियामा प्रयोग हुने कच्चा पदार्थ वा आपूर्ति सामग्रीको रूपमा रहेको हुन्छ । मौज्दात प्रारम्भमा लागत मूल्यमा लेखांकन गरिन्छ र पछि लागत वा शुद्ध वास्तविक मूल्य (Net realisable value) मध्ये जुन कम छ, सो मा मूल्याङ्कन गरिन्छ ।

शुद्ध वास्तविक मूल्य भन्नाले नियमित व्यवसायको क्रममा अनुमानित बिक्री मूल्यबाट बिक्री खर्चहरू घटाइएको रकमलाई जनाउँछ ।

सहकारी संस्थाको हकमा माथि उल्लेखित परिभाषा अनुसारको Inventory (मौज्दात) संस्थासँग रहेको छैन। संस्थासँग कार्यालय सञ्चालनका लागि आवश्यक पर्ने स्टेशनरी सामग्रीहरू मात्र मौज्दातका रूपमा रहेका छन्, जुन NAS २ - Inventories मा परिभाषित गरिएको Inventory को प्रकृति तथा उद्देश्यभन्दा फरक रहेका छन्। तथापि, संस्थासँग मौज्दात रहेका तथा कार्यालय सञ्चालनमा प्रयोग हुने स्टेशनरी सामग्रीहरूलाई संस्थाले Stock Assets (मौज्दात सम्पत्ति) को रूपमा लेखाङ्कन गरेको छ। अतः, उक्त स्टेशनरी सामग्रीहरूलाई NAS २ बमोजिमको Inventory को रूपमा नभई संस्थासँग मौज्दात रहेको स्टेशनरी सामग्रीका रूपमा प्रस्तुत गरिएको हो।

### ३.८ वित्तीय सम्पत्ति र वित्तीय दायित्वहरू

**पहिचान**

जब सहकारी संस्था वित्तीय कारोबारको करारीय प्रावधानहरूको पक्ष बन्छ तब सहकारीले वित्तीय सम्पत्ति र वित्तीय दायित्वहरूको पहिचान गर्दछ । सबै वित्तीय सम्पत्ति र दायित्वहरू शुरुवातमा उचित मुल्यमा (Fair value)मापन गरिन्छ । वित्तीय सम्पत्ति र वित्तीय दायित्वहरूको सम्बन्धमा लेनदेन लागतहरू (Transaction costs) शुरुवातमा उचित मुल्यमा थपिन्छन् वा घटाइन्छ । तर नाफा वा नोक्सान (FVTPL) मार्फत उचित मुल्यमा मापन हुने वित्तीय सम्पत्ति र वित्तीय दायित्वहरूमा लाग्ने लेनदेनका खर्चहरु नाफा र नोक्सानको विवरणमा लेखाङ्कन गरिन्छ ।

**वर्गीकरण र मापन**

वित्तीय सम्पत्ति र दायित्वहरू पछि वित्तीय सम्पत्तिहरू व्यवस्थापन गर्ने व्यापार मोडेल र वित्तीय सम्पत्तिहरूको अनुधात्मक नगद प्रवाह विशेषताहरूको आधारमा परिशोधित लागत(Amortized Cost) वा उचित मुल्यमा (Fair Value) मापन गरिन्छ ।

**वित्तीय सम्पत्तिहरू**

नेपाल वित्तीय प्रतिवेदन मान (NFRS9)द्वारा आवश्यकता अनुसार वित्तीय सम्पत्तिहरूलाई तीन वर्गमा वर्गीकृत गरिएको छ ।

**क. परिशोधित लागत (Amortized cost) मा मापन गरिएको:**

करार अनुसार साँवा र ब्याजमात्र भुक्तानी हुने तथा करारको अवधिभर सो नगद प्रवाह प्राप्त गर्ने उदेश्यले खरिद गरिएका वित्तीय सम्पतिलाई परिशोधित लागत (amortized cost) मा मापन गरिन्छ । शुरुवातमा सम्पति पहिचान गरेपश्चात ति सम्पत्तिलाई प्रभावकारी ब्याज दर (EIR) विधि प्रयोग गरेर परिशोधित लागतमा मापन गरिन्छ । यदि सम्पत्तिको मुल्यमा कुनै क्षयिकरण भएको छ भने, EIR को परिशोधन र क्षयिकरण बाट उत्पन्न हुने रकम नाफा र नोक्सानको विवरणमा लेखांकन गरिन्छ ।

**ख. अन्य विस्तृत आम्दानी (OCI) मार्फत उचित मूल्यमा मापन गरिएको (FVTOCI):**

वित्तीय सम्पत्तिहरू जुनव यावसायिक मोडेल भित्र राखिन्छन, जसको उद्देश्य वित्तीय सम्पत्तिहरू बेच्ने र सम्झौता गत नगद प्रवाहहरू सङ्कलन गर्ने दुवै हुन्छ , त्यसलाई पछि अन्य विस्तृत आय मार्फत उचित मूल्यमा मापन गरिन्छ । उचित मूल्यको उतारचढावहरू अन्य विस्तृत आय (OCI) मा पहिचान गरिन्छ ।

Equity साधनहरु दिर्घकालिन रणनीती अनुसार लगानी गरिएको साथै व्यापार (Trade) गर्ने उद्देश्य नभएका साधनहरु जसलाई सहकारीले OCI मार्फत उचित मुल्यमा मापन गर्ने अपरिवर्तनीय निर्णय गर्दछ भने ति सम्पत्ति पनी अन्य विस्तृत आय (OCI) मार्फत उचित मुल्यमा मापन गरिन्छ ।

**ग.नाफा वा नोक्सान मार्फत उचित मूल्यमा मापन गरिएको (FVTPL):**

सहकारीको, यदि सम्पत्तिहरू Trading गर्ने उदेश्यले राखिएको छ वा नाफा वा नोक्सान मार्फत उचित मुल्यमामापन गर्ने नीति लिएको छ भने, ति सम्पत्तिहरू उचित मुल्यमा मापन गरिन्छ र बजार मुल्यमा भएको उतारचढावलाई नाफा नोक्सान हिसाबमा लेखांकन गरिन्छ ।

परिशोधित लागतमा मापन गरिएका वित्तीय सम्पत्ति का साथै FVTOCI मा वर्गीकृत गरिएका बाहेकका वित्तीय सम्पत्तिहरू FVTPL मा वर्गीकृत गरिएको छ ।

**वित्तीय दायित्वहरू**

वित्तीय दायित्वहरूलाई नेपाल वित्तीय प्रतिवेदन मान (NFRS9) को आवश्यकता अनुसार दुई वर्गमा वर्गीकृत गरिएको छ ।

**क. नाफा वा नोक्सान मार्फत उचित मुल्यमा मापन गरिएका (Financial liabilities at FVTPL):**

यदि दायित्वहरू Trading गर्ने उद्धेश्यले राखिएको छ वा नाफा वा नोक्सान मार्फत उचित (Fair value) मुल्यमा मापन गर्ने नीति लिएको छ भने, ति दायित्वहरू बजार मुल्यमा मापन गरिन्छ र बजार मुल्यमा भएको उतारचढावलाई नाफा नोक्सान हिसाबमा लेखान गरिन्छ । सुरुमा हुने लेनदेनका खर्चहरु ( Transaction cost)नाफा र नोक्सानको विवरणमा लेखाङ्कन गरिन्छ। उचित मुल्यमा भएको उतारचढावलाइ नाफा नोक्सान हिसाबमा लेखांकन गरिन्छ ।

**ख. परिशोधित लागतमा मापन गरिएको वित्तीय दायित्वहरू (Financial liabilities at amortized cost) :**

नाफा वा नोक्सान मार्फत बजार मुल्यमा मापन गरिएका बाहेक सबै वित्तीय दायित्वहरूलाई प्रभावकारी ब्याजदर (EIR)विधि प्रयोग गरेर परिशोधित लागतमा मापन गरिएको रूपमा वर्गीकृत गरिन्छ ।

**निसर्ग**

सहकारी संस्थाले वित्तीय सम्पत्तिबाट नगद प्रवाहमा सम्झौता अधिकार समाप्त हुँदा वा सम्पत्तिबाट नगद प्रवाह प्राप्त गर्ने सम्झौता अधिकार हस्तान्तरण गर्दा वित्तीय सम्पत्तिलाई निसर्ग गर्दछ ।

वित्तीय दायित्व सम्झौतामा निर्दिष्ट दायित्व समाप्त भएपछि वा सम्झौता रद्द गर्दा वा सम्झौताको म्याद सकिँदा निसर्गगरिन्छ ।

**उचित मूल्यको निर्धारण**

वित्तीय उपकरणको उचित मूल्य भनेको मापन मितिमा बजार सहभागीहरू बीचको व्यवस्थित लेनदेनमा सम्पत्ति बेच्दा प्राप्त हुने वा दायित्व हस्तान्तरण गर्न भुक्तानी गरिने मूल्य हो ।

सहकारी संस्थाले उचित मूल्य निर्धारणका लागी निम्न तीन तहहरूको उचित मूल्य श्रेणीकम (Fair Value Hierarchy) अनुशरण गर्दछः

**तह (Level १)** : सक्रिय बजारमा समान सम्पत्ति वा दायित्वका लागि उपलब्ध सिधा उद्धृत (समायोजन नगरिएको) मूल्यहरू ।

**तह(Level २)** : उचित मूल्य मापनका लागि प्रयोग गरिने महत्वपूर्ण इनपुटहरू जुन सिधा वा प्रत्यक्ष रूपमा अवलोकन गर्न सकिने वा समान उपकरणको सक्रिय बजार मूल्य वा समान प्रकारका उपकरणको निष्क्रिय बजार मूल्यहरू ।

**तह(Level ३)** :उचित मूल्य मापनमा अवलोकन गर्न नसकिने महत्त्वपूर्ण इनपुटहरू प्रयोग भएको ।

**व्यापारिक सम्पत्तिहरू**

मुख्यतयाः निकट अवधिमा बिक्रीको उद्देश्यले प्राप्त गरिएका वित्तीय सम्पत्तिहरूलाई व्यापारिक सम्पत्ति ( व्यापारको लागि राखिएको) को रूपमा वर्गीकृत गरिन्छ । सहकारीले प्रतिपक्षहरूसँग सम्झौता प्रवेश गरेको मितिमा व्यापारिक सम्पत्तिहरूको पहिचान गरिन्छ र सामान्यतया बेच्दा तिनीहरूको निसर्ग गरिन्छ । लेनदेन लागतलाई नाफा वा नोक्सानमा लेखाङ्कन गरि प्रारम्भ लेखाङ्कन उचित मापन गरिन्छ । तिनीहरूको उचित मूल्यमा हुने पछिल्ला परिवर्तनहरूलाई ‘खुद व्यापार आय’ अन्तर्गत नाफा वा नोक्सानमा पहिचान गरिन्छ ।

**क्षयीकरण (Impairment)**

नेपाल वित्तीय प्रतिवेदनमान 9 अनुसार Credit risk को आधारमा कर्जा लगानीको वर्गीकरण गरि भविष्यमा हुन सक्ने सम्भावित अवस्थालाई समेत मध्येनजर गरी अपेक्षित क्षयीकरण (Expected credits loss) मापन गरिन्छ ।

संस्थाले नेपाल वित्तीय प्रतिवेदनमान 9 (NFRS 9) तथा नेपाल राष्ट्र बैंकद्वारा जारी “बचत तथा ऋण कारोबार गर्ने सहकारी संस्थाका लागि निर्देशन तथा मापदण्ड, २०८१” बमोजिम अपेक्षित कर्जा नोक्सानी ( Expected Credit Loss) तथा कर्जा नोक्सानी व्यवस्था (Loan Loss Provision) गणना गरेको छ।

NFRS 9 बमोजिम गणना गरिएको अपेक्षित कर्जा नोक्सानी र उक्त मापदण्ड बमोजिम गणना गरिएको कर्जा नोक्सानी व्यवस्थाबीच तुलना गरी उच्च रकमलाई कर्जा तथा सापटीको क्षयीकरण (Impairment) गणनाका लागि आधार मानिएको छ ।

नेपाल वित्तीय प्रतिवेदन मान (NFRS9) बमोजिम गरिएको अपेक्षित ऋण नोक्सानी (Expected Credit Loss – ECL) को गणना अनुसार रु. २२,६८४,७४१.५८ बराबरको अपेक्षित ऋण नोक्सानी कायम गर्नुपर्ने देखिएको छ। त्यसैगरी, प्रचलित मापदण्ड बमोजिम गरिएको ऋण नोक्सानी व्यवस्था (Loan Loss Provision) को गणना गर्दा रु. ४७,०३५,७०५.०० कायम गर्नुपर्ने देखिएको छ ।

संस्थाले NFRS 9 बमोजिम गणना गरिएको अपेक्षित ऋण नोक्सानी र प्रचलित मापदण्ड बमोजिम गणना गरिएको ऋण नोक्सानी व्यवस्थामध्ये उच्च रकमलाई ऋण नोक्सानी व्यवस्थाका रूपमा कायम गर्ने निर्णय गरेकोले, प्रचलित मापदण्ड बमोजिम गणना गरिएको रु. ४७,०३५,७०५.०० बराबरको ऋण नोक्सानी व्यवस्था वित्तीय विवरणमा समायोजन तथा लेखाङ्कन गरिएको छ ।

**३.९ जारी गरिएको निक्षेप, ऋण धितोपत्र र अधीनस्थ दायित्वहरू**

**निक्षेप:**

सदस्यहरूको निक्षेप प्रारम्भमा कारोबारको लागत घटाई उचित मूल्यमा पहिचान गरिन्छ । कारोबारको लागत निकै कम हुने भएकाले यी खर्चहरुलाई नाफा वा नोक्सानमा पहिचान गरिन्छ निक्षेप मापनको लागि लेनदेन मूल्यलाई नै उचित मूल्य मानिन्छ ।

**३.१० व्यवस्थाहरू र संयोगिक (सम्भाव्य)दायित्वहरू तथा सम्पत्तिहरु**

कुनै विगतको घटनाको परिणामस्वरूप सहकारी संस्थासँग वर्तमानमा कानूनी वा परोक्ष दायित्व उत्पन्न भएको छ, जसको भरपर्दो अनुमान गर्न सकिन्छ, र उक्त दायित्व चुक्ता गर्न आर्थिक स्रोत बाहिरिन सक्ने सम्भावना बढी छ भने, व्यवस्थाको (Provision) लेखाङ्कन गरिन्छ । लेखाङ्कन गरिने रकम भनेको प्रतिवेदन मितिमा वर्तमान दायित्व चुक्ता गर्न आवश्यक अनुमानित सबैभन्दा उपयुक्त रकम हो, जसमा त्यस समयमा रहेको जोखिम र अनिश्चिततालाई समेत ध्यानमा राखिन्छ । व्यवस्थाहरू हरेक प्रतिवेदन मितिमा पुनरावलोकन गरिन्छ र वर्तमानमा सबैभन्दा उपयुक्त अनुमान अनुसार परिमार्जन गरिन्छ । यदि स्रोत बाहिरिन सक्ने सम्भावना नरहेमा त्यस्ता व्यवस्थाहरू उल्ट्याइन्छ ।

लेखाङ्कन गरिने रकम भनेको प्रतिवेदन मितिमा वर्तमान दायित्व चुक्ता गर्न आवश्यक अनुमानित सबैभन्दा उपयुक्त रकम हो, जसमा त्यस समयमा रहेको जोखिम र अनिश्चिततालाई समेत ध्यानमा राखिन्छ ।

संयोगिक (सम्भाव्य) दायित्वहरू ती दायित्वहरू हुन् जसको सृजना हुने वा नहुने भन्ने कुरा कुनै अनिश्चित घटनामा निर्भर गर्दछ । अनिश्चित भविष्यको घटना र यी रकमहरू वासलात बाहिरका (Off balance sheet items) शीर्षकहरु हुन् र आर्थिक स्रोत बाहिरिन सक्ने सम्भावना भएकाले खुलासा गरिन्छ ।

सम्भावित सम्पत्तिहरू वितिय विवरणमा लेखांकन तथा खुलासा गरिदैन ।

**३.११ आयको पहिचान**

सहकारी संस्थामा आर्थिक लाभ प्रवाहित हुने सम्भावना भएको हदसम्म र मूल्य विश्वसनीय रूपमा मापन गर्न सकिने भएमा आम्दानी लेखाङ्कन गरिन्छ । आय बाध्नको लागि देहायका मापदण्डहरू पनि पूरा गर्नुपर्ने हुन्छ ।

**ब्याज आम्दानी**

परिशोधित लागतमा मापन गरिएका सबै वित्तीय उपकरणहरू, बिक्रिको लागी राखिएको ब्याज आर्जन गर्ने वित्तीय उपरणहरु , नाफा वा नोक्सान मार्फत उचित मूल्यमा तोकिएका वित्तीय उपकरणहरूको ब्याज

FIRM NO.: 1406 CHARTERED ACCOUNTANT CHARDOBATO, BHAKTAPUR

आम्दानी प्रभावकारी ब्याज दर (EIR) प्रयोग गरेर लेखाङ्कन गरिन्छ । EIR भनेको वित्तीय उपकरणको अपेक्षित जीवन अवधिमा वित्तीय सम्पत्तिको खुद बहन रकममा अनुमानित भविष्यको नगद भुक्तानी वा प्राप्तिहरूलाई ठ्याक्कै छुट (discount) गर्ने दर हो । प्रभावकारी ब्याज दरको गणनामा प्राप्त गरिएको शुल्कहरू समावेश हुन्छ । ऋणको जीवनकालमा यसरी पहिचान गरिएको आय प्रभावकारी ब्याज विधि अन्तर्गत प्राप्त हुने आम्दानीको लगभग बराबर हुने भएकाले र प्रत्यक्ष रूपमा नाफा र नोक्सानको विवरणमा पहिचान हुने भएकाले यस्ता शुल्कहरू परिशोधित हुँदैनन् ।

**नाफा वा नोक्सान विवरणमा पहिचान गरिएको ब्याज आम्दानीमा निम्न तत्वहरु समावेश छन् :**

- सहकारी संस्थाले कुनै वित्तीय सम्पत्ति आंशिक वा पूर्ण रूपमा बदर नगरिएको अवस्थामा ती सम्पत्तिको कुल बहन मूल्यमा प्रभावकारी ब्याज दर प्रयोग गरेको छ ।

- प्रभावकारी ब्याजदर सामान्य ब्याजदरसँग धेरै नजिक रहेको अनुमानका साथै प्रभावकारी दर विश्वासनीय रूपमा निर्धारण गर्न अब्यवहारिक रहेको कारण सामान्य ब्याजदरलाई नै प्रभावकारी ब्याजदरको रूपमा लगिएको छ ।

- संस्थाले कर्जाबाट प्राप्त हुने आम्दानीलाई प्रोद्भावी आधार (Accrual Basis) मा लेखाङ्कन गरेको छ ।

संस्थाले आर्थिक वर्ष २०८२/८३ देखि ब्याज आम्दानीलाई प्रोद्भावी आधार (Accrual Basis) मा लेखांकन तथा मान्यता दिँदै आएको छ। यसरी प्रोद्भवन आधारमा मान्यता दिइएको तर हालसम्म प्राप्त नभएको ब्याज रकम (Accrued Interest Income) लाई छुट्टै "ब्याज समायोजन कोष (Interest Adjustment Fund)" मा देखाइएको छ।

उक्त ब्याज समायोजन कोषको व्यवस्था संस्थाको सञ्चालक समितिबाट समेत स्वीकृत भइसकेको छ। साथै, आगामी वर्षहरूमा यस व्यवस्थालाई संस्थाको विनियमावलीमा समेत समावेश गरिने व्यवस्था रहेको छ ।

**शुल्क र कमिशनको आम्दानी**

सेवा प्रदान गरिसकेपछि शुल्क र कमिसनहरू सामान्यतया आर्जनको आधारकमा लेखाङ्कन गरिन्छ ।

**लाभांश आम्दानी**

इक्विटी शेयरबाट प्राप्त लाभांश आम्दानीलाई लाभांश प्राप्त गर्ने अधिकार स्थापित भएपछि लेखाङ्कन गरिन्छ ।

**३.१२ ब्याज खर्च**

निक्षेप लगायत परिशोधन लागतमा मापन गरिएका सबै वित्तीय दायित्वहरूमा ब्याज खर्चलाई प्रभावकारी ब्याजदर विधि प्रयोग गरि नाफा वा नोक्सानको विवरणमा पहिचान गरिन्छ ।

नाफा वा नोक्सान मार्फत उचित मूल्यमा मापन गरिएका सबै वित्तीय दायित्वहरूको ब्याज खर्चलाई खर्च हुनासाथ लेखाङ्कन गरिन्छ । प्रभावकारी दर विश्वसनिय रूपमा निकाल्न अब्यवहारिक भएका कारण कुपनदरलाई नै प्रभावकारी दरको रुपमा मापन गरिएको छ ।

**३.१३ कर्मचारी लाभहरू**

**अल्पकालीन कर्मचारी लाभ**

सहकारी संस्थामा छोटो अवधिको कर्मचारी लाभहरूमा मुख्यतयाः प्रचलित कानून अन्तर्गत प्रदान गरिएको ज्याला, तलब, भत्ता, बोनस र अन्य कर्मचारी सम्बन्धित खर्चहरू समावेश छन् । छोटो अवधिको कर्मचारी लाभहरू छुट बिनाको आधारमा (undiscounted) मापन गरिन्छ र सम्बन्धित सेवा प्रदान गर्दा नाफा वा नोक्सानको विवरणमा देखाइन्छ ।

**पारिश्रमिक सहितका अल्पकालीन बिदाहरू**

सहकारी संस्थाले आफ्ना कर्मचारीलाई हरेक वर्ष ३० दिन घर बिदा दिने व्यवस्था गरेको छ ।

यसका अतिरिक्त, सहकारी संस्थाको विनियम अनुसार १२ दिन बिरामी बिदा ,६० दिन सुत्केरी बिदा र १३ दिनको काजक्रिया बिदा को पनि व्यवस्था गरिएको छ ।

**रोजगारी पछिका कर्मचारी लाभहरू**

**परिभाषित योगदान योजनाहरू (Defined contribution plans)**

रोजगारी पछिको लाभ योजना भनेको परिभाषित योगदान योजना हो जस अन्तर्गत सहकारी संस्थाले छुट्टै संस्थालाई निश्चित योगदान तिर्दछ र भविष्यमा रकम तिर्न कुनै कानुनी वा परोक्ष दायित्व राख्दैन । संस्थाले परिभाषित योगदान योजनाहरूमा तिरेको योगदानलाई खर्चको रुपमा नाफा वा नोक्सान विवरणमा लेखाङ्कन गर्दछ ।

**परिभाषित लाभ योजनाहरू (Defined benefit plans)**

परिभाषित लाभ योजना भनेको परिभाषित योगदान योजना बाहेक रोजगारी पछिको लाभ योजना हो ।

**अन्य दीर्घकालीन कर्मचारी लाभहरू**

अन्य दीर्घकालीन कर्मचारी लाभहरू भनेको छोटो अवधि, सेवानिवृत्ति पछि वा समाप्ति लाभको रूपमा वर्गीकृत गरिएका बाहेक कर्मचारी लाभहरू हुन् ।

**३.१४ शेयर पूँजी र कोषहरु**

**शेयर पूँजी**

नगद र अन्य वित्तीय सम्पत्तिहरू स्थानान्तरण गर्ने वा उपलब्ध संख्यामा आफ्नै इक्विटी उपकरणहरू जारी गर्ने कुनै सम्झौता दायित्व नभएका वित्तीय उपकरणहरूलाई इक्विटीको रूपमा वर्गीकृत गरिन्छ । NAS ३२ वित्तीय उपकरणहरू-प्रस्तुतिको (NAS-32-Financial Instrument Presentation) अनुच्छेद १६A र १६B द्वारा निर्दिष्ट मापदण्ड पूरा गर्ने puttable उपकरणहरूलाई पनि इक्विटीको रूपमा वर्गीकृत गरिन्छ । नयाँ शेयर जारी गर्न प्रत्यक्ष रूपमा भएको लागतहरू इक्विटीमा कटौतीको रूपमा देखाइन्छ ।

इक्विटीको रूपमा वर्गीकृत साधारण शेयरहरूमा घोषणा गरिएको लाभांशलाई सोहि अवधिमा इक्विटीमा पहिचान गरिन्छ।

**वैधानिक कोषहरू**

यस कोषमा कानूनद्वारा कायम रकम समावेश हुन्छ ।

**जगेडा कोष**

सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को प्रावधान अनुसार, आर्थिक वर्षको खुद नाफाको २५% साधारण जगेडा कोषमा स्थानान्तरण गरिन्छ। स्थिर सम्पत्तिको बिक्रीबाट प्राप्त हुने नाफा र सम्पत्तिसँग सम्बन्धित अनुदानमा परिशोधित स्थगित आम्दानी पनि यस कोषमा स्थानान्तरण गरिन्छ।

**संरक्षित पूँजी फिर्ता कोष**

सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को प्रावधान अनुसार, साधारण जगेडा कोषमा विनियोजन पछि बाँकी खुद नाफाको २५% संरक्षित पूँजी फिर्ता कोषमा स्थानान्तरण गरिएको छ।

**सहकारी प्रवर्द्धन कोष**

सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को व्यवस्था अनुसार; साधारण जगेडा कोषमा विनियोजन पछि बाँकी खुद नाफाको ०.५% सहकारी प्रबर्द्धन कोषमा स्थानान्तरण गरिएको छ। यो कोष भूमि व्यवस्थापन, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गतको सहकारी विभागद्वारा व्यवस्थापन गरिनेछ।

**अन्य कोषहरू**

सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को व्यवस्था अनुसार, संस्थाको कानून, नियमावली र विनियम तथा आन्तरिक कार्यविधि बमोजिम सञ्चालक समितिको निर्णय अनुसार साधारण जगेडा कोष, संरक्षण पूँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा विनियोजन पछि बाँकी नाफाको रकम देहाय बमोजिम विनियोजन गरिएको छ।

| विवरण | बाँडफाड |
|---|---|
| शेयर लाभाशं कोष | ६५ % |
| कर्मचारी बोनस कोष | ५ % |
| सहकारी विकास कोष | ५ % |
| सहकारी शिक्षा कोष | ५ % |
| घाटा पुर्ति कोष | ५ % |
| सामुदायिक विकास कोष | ५ % |
| स्थिरीकरण कोष | ५ % |
| अन्य जोखिम व्यवस्थापन कोष | ५ % |
| **जम्मा** | **१०० %** |

**३.१५ प्रति शेयर आम्दानी (EPS)**

सहकारी संस्थाले आफ्नो साधारण शेयरको लागि आधारभूत (BEPS) र diluted प्रति शेयर आम्दानी (DEPS) को तथ्याङ्क प्रस्तुत गर्दछ। आधारभूत EPS सहकारीको साधारण इक्विटी होल्डरहरूलाई हुने नाफा र नोक्सानलाई अवधिभर बाँकी रहेको साधारण शेयरको भारित औसत संख्याले भाग गरेर गणना गरिन्छ। Diluted EPS सबै सम्भावित dilutive साधारण शेयरहरूको प्रभावको लागि साधारण इक्विटी होल्डरहरूलाई हुने नाफा र नोक्सान र बाँकी रहेको साधारण शेयरको भारित औसत संख्या दुवै समायोजन गरेर निर्धारण गरिन्छ।

### ३.१६ नगद प्रवाह विवरण

नगद प्रवाह विवरण NAS 7 मा नगद प्रवाह विवरणमा उल्लेख गरिएको अप्रत्यक्ष विधिद्वारा तयार पारिएको हुन्छ र सहकारीको सञ्चालन, लगानी र वित्तपोषण/पृष्ठपोषण गतिविधिहरूद्वारा नगद प्रवाह प्रस्तुत गरिएको छ ।

### ३.१७ नगद तथा सो सरह

नगद प्रवाह विवरणको उद्देश्यका लागि नगद र नगद सरहमा हातमा/भल्टमा रहेको नगद, बैंक तथा वित्तीय संस्थाहरूसँग रहेको मौज्दात र तीन महिना वा सोभन्दा कम अवधिको आवधिक बचत तरल वित्तीय सम्पत्तिहरू समावेश छन् जुन तिनीहरूको उचित मूल्यमा परिवर्तनको अधीनमा छन् र नगण्य जोखिममा छन् र सहकारीले यसको छोटो अवधिको प्रतिबद्धताहरूको व्यवस्थापनमा प्रयोग गर्दछ ।

## ४. खुलासा र थप जानकारी

### ४.१ जोखिम व्यवस्थापन

सहकारी संस्थाको व्यवसायीक क्रियाकलापमा जोखिम निहित रहेको हुन्छ । विशेष गरी, सहकारी संस्थाले आफ्ना सदस्यहरूलाई वित्तीय सेवाहरू प्रदान गर्दछ । ग्रामीण घरपरिवारका मानिसहरूमा चेतना र व्यावसायिक सीपको कमी भएकोले, उनीहरूसँगको कारोबारमा लगनशीलता र हेरचाह आवश्यक पर्दछ । यस प्रकारको वित्तीय सेवा पनि बढी जोखिममा हुन्छ किनकि व्यक्तिलाई यस्ता सेवाहरूप्रति सचेत र सक्षम बनाएर वित्तीय सेवाहरू प्रदान गर्नुपर्छ । त्यसैले, सहकारी संस्थाले वर्तमान र सम्भावित भविष्यका जोखिमहरूलाई कम गर्न जोखिमको पहिचान गर्नुपर्छ र पर्याप्त नियन्त्रण प्रणाली अपनाउनु पर्दछ । प्रभावकारी जोखिम व्यवस्थापन ढाँचा प्राप्त गर्न र व्यवसायसँग सम्बन्धित जोखिमहरू समावेश गर्न बलियो जोखिम व्यवस्थापन क्षमताहरू अनिवार्य छन्, कर्जा जोखिम, सञ्चालन जोखिम, बजार जोखिम र तरलता जोखिम पहिचान गर्न, नियन्त्रण र व्यवस्थापन गर्न लेखा सुपरिवेक्षण समिति जिम्मेवार छ । लेखा सुपरिवेक्षण समितिले दैनिक व्यवसाय सञ्चालनबाट उत्पन्न हुने विश्वव्यापी, बृहत्, सूक्ष्म र विभागीय स्तरको जोखिमको आवधिक रूपमा निरीक्षण गर्दछ र यसले वरिष्ठ व्यवस्थापन साथै संचालक समितिको ध्यानाकर्षण गर्दछ र प्रतिवेदनहरू छलफल गरि उपयुक्त भएमा निर्देशन जारी गर्दछ ।

### जोखिम सम्बन्धी सुशासन प्रणाली

सहकारी संस्थाले उद्यम स्तरमा संस्थामा उत्पन्न हुने जोखिम न्यूनीकरण गर्न नीति र प्रक्रियाहरू लागू गर्दछ र नेतृत्वको मानसिकता, क्षमता अभिवृद्धि कार्यक्रमहरू, परिभाषित कार्य जिम्मेवारीहरू र नैतिक संस्कृति बसालेर कर्मचारीहरूमा जोखिम व्यवस्थापन संस्कृति जगाएको छ । सञ्चालन जोखिम र कर्जा जोखिम सम्बन्धी नीतिहरू स्थापना र अनुपालनको लागि सञ्चालक समिति जिम्मेवार छ ।

सहकारी संस्थाको जोखिम सुशासन संरचना सहकारीको जोखिम दायरा भित्र कायम राख्ने गरि स्थापित गरिएको छ र यसको जिम्मेवारी बोर्डबाट उपयुक्त कार्यात्मक, ग्राहक/सदस्य व्यवसाय, वरिष्ठ व्यवस्थापन र समितिहरूमा दिइएको छ । सञ्चालक समितिले उत्कृष्ट अभ्यासहरू अनुरूप जोखिम पहिचान, जोखिम मूल्याङ्कन, जोखिम न्यूनीकरण, र नियन्त्रण/अनुगमनको नीति र प्रक्रियाहरू निर्धारण गरेको छ र प्रभावकारी रूपमा कार्यान्वयन गरेको छ । सहकारी संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता संचालक समिति, यस अर्न्तगतका उपसमितिहरू, वरिष्ठ व्यवस्थापन र लेखा सुपरिवेक्षण समितिद्वारा नियमित रूपमा समीक्षा गरिन्छ ।

**आन्तरिक नियन्त्रण जोखिम**

आफ्नो व्यवसाय र वित्तीय गतिविधिहरूबाट नाफामुखी व्यावसायिक अवसरहरूलाई अधिकतम बनाउन, नोक्सान वा प्रतिष्ठामा क्षति पुर्याउन सक्ने जोखिमहरूबाट बच्न वा कम गर्न, लागू हुने कानून र नियमहरूको पालना सुनिश्चित गर्न र बाह्य घटनाहरूको लागि लचिलोपन बढाउन सक्षम बनाउने तरिकाले नियन्त्रण गर्न संस्था प्रतिबद्ध छ । सञ्चालक समिति र व्यवस्थापनले जोखिम पहिचान, जोखिम मूल्याङ्कन, जोखिम न्यूनीकरण र नियन्त्रण/अनुगमनको नीति र प्रक्रियाहरू अपनाएको छ ।

सहकारी संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारितालाई सञ्चालक समिति, व्यवस्थापन र लेखा सुपरिवेक्षण समितिद्वारा नियमित रूपमा समीक्षा गर्ने नीती छ ।

**अनुपालन जोखिम**

जवाफदेहिता, पारदर्शिता र व्यावसायिक नैतिकताको क्षेत्रमा उत्कृष्ट अभ्यासहरू र बजार मापदण्डहरू पालना गर्नका लागि संस्था प्रतिबद्ध छ । संस्था सहकारी विभाग तथा राष्ट्र बैंक द्वारा जारी विभिन्न निर्देशनहरू अनुपालन गर्न प्रयासरत रहेको छ ।

### ४.२ सम्बन्धित पक्षको खुलासा

**संचालक समिति, लेखा सुपरिवेक्षण समिति र व्यवस्थापकको सूची**

घसञ्चालक समितिका सदस्यहरू, लेखा सुपरिवेक्षण समिति र प्रमुख व्यवस्थापकीय कर्मचारीहरूलाई संस्थाको सम्बद्ध पक्षको रूपमा पहिचान गरिएको छ ।

नेपाल लेखामान(NAS24) अनुसार निम्न पक्षहरूलाई सम्बन्धित पक्षको रूपमा पहिचान गरिएको छ :

| क.स. | नाम | पद | नियुक्तिको मिति | अवकाश मिति |
|---|---|---|---|---|
| १ | प्रमोद घिमिरे | अध्यक्ष | २०७९.०६.०१ | २०८३.०५.३१ |
| २ | मिठाराम नन्यौपाने | उपाध्यक्ष | २०७९.०६.०१ | २०८३.०५.३१ |
| ३ | दिपक कुमार न्यौपाने | सचिव | २०७९.०६.०१ | २०८३.०५.३१ |
| ४ | नव राज घिमिरे | कोषाध्यक्ष | २०७९.०६.०१ | २०८३.०५.३१ |
| ५ | श्रीराम न्यौपाने | संचालक सदस्य | २०७९.०६.०१ | २०८३.०५.३१ |
| ६ | अम्बिका चौलागाईं घिमिरे | संचालक सदस्य | २०७९.०६.०१ | २०८३.०५.३१ |
| ७ | तिर्थराज चौलागाईं | संचालक सदस्य | २०७९.०६.०१ | २०८३.०५.३१ |
| ८ | सन्तोष कार्की | संचालक सदस्य | २०७९.०६.०१ | २०८३.०५.३१ |
| ९ | प्रकाश न्यौपाने | संचालक सदस्य | २०७९.०६.०१ | २०८३.०५.३१ |
| १० | रमिला खत्री खड्का | संचालक सदस्य | २०७९.०६.०१ | २०८३.०५.३१ |
| ११ | बिना गिरी | संचालक सदस्य | २०७९.०६.०१ | २०८३.०५.३१ |
| १२ | शालिकराम घिमिरे | ले.सु.स.संयोजक | २०७९.०६.०१ | २०८३.०५.३१ |
| १३ | शरद रिसाल | ले.सु.स. सदस्य | २०७९.०६.०१ | २०८३.०५.३१ |
| १४ | संजय मिश्र | ले.सु.स.सदस्य | २०७९.०६.०१ | २०८३.०५.३१ |
| १५ | सुदर्शन चौलागाई (स्थायी नियुक्ति) | व्यवस्थापक | २०६४.०१.०८ | २०८४.१२.२६ |

**संचालक समिति, लेखा सुपरिवेक्षण समिति र व्यवस्थापक र अरु कर्मचारीहरूसँगको कारोबार र भुक्तानी**

सञ्चालक समितिको भत्ता र सुविधा

| विवरण | चालु वर्ष | गत वर्ष |
|---|---|---|
| बैठक भत्ता | ४१३,२००.०० | २९९,२०० |
| अरु सुविधाहरु | - | १३८,५०० |
| **कुल** | **४१३,२००.००** | **४३७,७००** |
| ऋण, पेश्की र अन्य प्राप्त योग्य/भुक्तानीयोग्य रकमहरू | - | - |
| प्राप्तिहरू रद्द गरिएको | - | - |

व्यवस्थापकको पारिश्रमिक र सुविधाहरू

| विवरण | चालु वर्ष | गत वर्ष |
|---|---|---|
| जम्मा तलब (ग्रेड सहित) | ६८६,४००.०० | ६,६८,७९६.०० |
| संचयकोष थप | ६८,६४०.०० | ६६,८७६.०० |
| व्यवस्थापक भत्ता र महंगी भत्ता | ८४,०००.०० | ८४,०००.०० |
| विमा खर्च/भत्ता | ६,०००.०० | ६,०००.०० |
| दशैं भत्ता | ५७,२००.०० | ५५,७३३.०० |
| कर्मचारी पोशाक | १०,०००.०० | १०,०००.०० |
| कर्मचारी बोनस | १६७,१९९.०० | १६२,८०१.०० |
| अतिरिक्त कार्य | ५,२४२.०० | ९,२८८.६६ |
| संचित बिदा | - | ५५,७३३.०० |
| **कुल** | **१,०८४,६८१.००** | **१,११९,२२७.६६** |

माथिका अतिरिक्त बाहेक, सहकारीले सहकारीको वित्तीय नीति अनुसार भ्रमण भत्ता जस्ता अन्य सुविधाहरू पनि प्रदान गर्दछ ।

## कर्जा सम्बन्धी विवरण

| क्र.स | पद | सदस्य नं. | सदस्यको नाम | स्वीकृत ऋण | भुक्तानी भएको ऋण | बाँकी ऋण |
|---|---|---|---|---|---|---|
| **संचालक समिति र एकाघरमा रहेको ऋण** | | | | | | |
| १ | कोषाध्यक्ष (Treasurer) | १८ | नवराज घिमिरे | २,२००,०००.०० | १,५४०,३२४.९४ | ६५९,६७५.०६ |
| २ | एकाघर सदस्य ( Wife of Treasurer) | ३९४ | शान्ती सुवेदी घिमिरे | २,६००,०००.०० | ६५०,९२१.१७ | १,९४९,०७८.८३ |
| ३ | सदस्य (Member) | १५९६ | बिना गिरी | १२५,०००.०० | ५३,७४८.०७ | ७१,२५१.९३ |
| ४ | एकाघर सदस्य (Husband of Bina Giri) | २८४४ | रमेश गिरी | ७००,०००.०० | २१५,५५४.१२ | ५२३,०३८.३१ |
| ५ | सदस्य (Member) | ९६१ | सन्तोष कार्की | ३००,०००.०० | २५,००६.७४ | २७४,९९३.२६ |
| ६ | एकाघर सदस्य (Wife of Santosh Karki) | १३९३ | शशीकला कार्की | ३००,०००.०० | २५,००६.७४ | २७४,९९३.२६ |
| **लेखा समिति र एकाघरमा रहेको ऋण** | | | | | | |
| ७ | एकाघर सदस्य (Wife of Shalikram Ghimire ) | २६० | भगवती घिमिरे | १,०००,०००.०० | १५०,०५९.४३ | ८४९,९४०.५७ |
| **शिक्षा उपसमिति र एकाघरमा रहेको ऋण** | | | | | | |
| ८ | सदस्य (Member) | १०१९ | ऋषिराम ढकाल | ३००,०००.०० | ३२,३४२.३७ | २६७,६५७.६३ |
| **अन्य उपसमिति र एकाघरमा रहेको ऋण** | | | | | | |
| ९ | सदस्य (Member) | ७६२ | सहदेव न्यौपाने | ५,०००,०००.०० | ०.०० | ५,०००,०००.०० |
| १० | सदस्य (Member) | २७८ | मैना दाहाल घिमिरे | ४००,०००.०० | १३३,४१७.२३ | २६६,५८२.७७ |
| **कर्मचारीमा रहेको ऋण** | | | | | | |
| ११ | वरिष्ठ सहायक (Account Assistant) | 1571 | यमुना फुयाँल घिमिरे | ९०,०००.०० | १६,००१.०६ | ७३,९९८.९४ |
| | | | **कुल जम्मा (Grand Total)** | **१३,०१५,०००.००** | **२,८४२,३८१.८७** | **१०,२११,२१०.५६** |

### ४.३ खण्ड विश्लेषण (Segment Analysis)

सहकारी संस्थाको सञ्चालन केन्द्रीय रूपमा प्रधान कार्यालय/मुख्य कार्यालयबाट नै हुने गर्दछ । सबै रणनीतिक, वित्तीय र सञ्चालन नीतिहरू र सञ्चालनहरू प्रधान कार्यालय/मुख्य कार्यालयबाट नियन्त्रित र निर्देशित हुन्छन् , त्यसैले खण्ड विश्लेषण आवश्यक छैन ।

### ४.४ पट्टाहरू

कुनै करारले प्रतिफल प्राप्त हुने गरी निश्चित अवधिको लागि सम्पत्तिको प्रयोगमा नियन्त्रण गर्ने अधिकार प्रदान गरेमा त्यस्तो करार पट्टा हुन्छ । करार लागु हुने मितिमा सहकारीले सम्पत्तिको प्रयोगको अधिकार (Right-of-use asset) र पट्टा दायित्व (Lease liability) को पहिचान गर्दछ । त्यस्तो सम्पत्तिको प्रयोगको अधिकारको मापन लागतमा गरिन्छ भने बहाल दायित्वको मापन भविष्यमा हुने बहाल अन्तर्गतका भुक्तानीहरुलाई डिस्काउन्टिङ गरिन्छ ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) द्वारा जारी Cooperative Guidance Note मा उल्लेखित Full NFRS को प्रावधानअनुसार, सामान्यतया लिज सम्झौता सुरु हुँदा Right–of–Use Asset तथा Lease Liability पहिचान गर्नुपर्ने हुन्छ। तथापि, छोटो अवधिको लिज (Short–term Lease) तथा अन्तर्निहित सम्पत्तिको मूल्य न्यून (Low–value Asset) भएको लिजका हकमा उक्त प्रावधानबाट छुट प्रदान गरिएको छ ।

संस्थाले लिजमा लिएका सम्पत्तिहरूको रकम न्यून रहेको तथा उक्त लिज Low value Asset सम्बन्धी छुटको दायरामा पर्ने भएकाले, चालु आर्थिक वर्षमा त्यस्ता लिजसम्बन्धी Right–of–Use Asset तथा Lease Liability पहिचान गरिएको छैन। सम्बन्धित लिज खर्चलाई लागू लेखांकन नीतिअनुसार सम्बन्धित अवधिको खर्चका रूपमा मान्यता दिइएको छ ।

### ४.४ प्रभु रेमिटबाट प्राप्त हुन बाँकी रकम

संस्थाको वित्तीय विवरणमा प्रभु रेमिटबाट प्राप्त हुन बाँकी रु. ६८४,१२७.६१ प्राप्ति योग्य रकम(Receivable) समावेश गरिएको छ का।

प्रभु रेमिटको सेवा/कारोबार बन्द भइसकेको कारण उक्त रकम हालसम्म प्राप्त हुन सकेको छैन । उक्त रकम असुलीका लागि संस्थाले सम्बन्धित अदालतमा प्रभु रेमिट विरुद्ध कानुनी मुद्दा दायर गरेको छ । तथापि, लेखापरीक्षण मिति २०८३ साल असार ३२ गते सम्म उक्त मुद्दाको पहिलो पेशीसमेत सम्पन्न भएको छैन र मुद्दा विचाराधीन अवस्थामा रहेको छ ।

व्यवस्थापनको धारणा अनुसार कानुनी प्रक्रियाबाट उक्त रकम असुल हुन सक्ने अपेक्षा रहेकोले यो रकम वित्तीय विवरणमा प्राप्ति योग्य रकम (Receivable) का रूपमा नै प्रस्तुत गरिएको छ। यद्यपि, उक्त मुद्दाको अन्तिम निर्णय तथा रकम असुलीको परिणामं हाल निश्चित भइसकेको छैन। यस सम्बन्धमा भविष्यमा हुने निर्णय वा घटनाक्रमका आधारमा आवश्यक परेमा सम्बन्धित लेखा उपचार गरिनेछ ।

# UDIN Document

Fiscal Year: 2082/83

| | |
|---|---|
| **Generated Date / Time:** 2026-09-01 15:04:59 | **UDIN Number:** 260901CA02397vEyuS |
| **Member Name:** YOGESH NEUPANE | **Date of Signing Document:** 2026-08-28 |
| **Document Type:** Audit | **Audit Type:** Statutory Audit |
| **Office Type:** Cooperatives | **Office Name:** चमेली कल्याणकारी बचत तथा ऋण सहकारी संस्था लि. |
| **Type of Audit Opinion:** Unqualified Opinion | |
| **Client PAN:** 302551442 | |

**Financial figures**

| S.N. | Heading | Value |
|---|---|---|
| 1 | **Total Assets/Liabilities** | **NRs. 1,070,822,286.92** |
| 2 | **Gross Revenue / Turnover** | **NRs. 90,726,680.77** |
| 3 | **Gross Expenses** | **NRs. 59,604,273.22** |
| 4 | **Net Profit or Loss** | **NRs. 31,122,407.55** |

**Status:** Active Document

**Document Description:**

The UDIN System has been developed by the Institute of Chartered Accountants of Nepal (ICAN) to facilitate its members for verification and certification of the documents and for securing documents and authenticity thereof by Authorities, Regulators and Stakeholders. However, ICAN assumes no responsibility of verification and certification of document(s) carried out by the Members and the concerned member(s) shall alone be responsible therefore.

To verify UDIN, please go to www.udin.ican.org.np Print Date / Time: 2026-09-01 15:05:04

# लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन



**शालिकराम घिमिरे**
**संयोजक**

यस गरीमामय सभाका सभाध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, पूर्व अध्यक्षज्यूहरु, सल्लाहकारज्यूहरु, संचालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरु, लेखा सुपरिवेक्षण समितिका सदस्यज्यूहरु, निर्वाचन उपसमितिका संयोजक तथा सदस्यज्यूहरु, सम्पूर्ण उपसमितिका संयोजक तथा सदस्यज्युहरु, संचारकर्मी मित्रहरु, सुरक्षाकर्मी मित्रहरु एवं वार्षिक साधारण सभामा आफ्नो अमूल्य राय सहित वार्षिक प्रतिवेदनहरु र अन्य प्रस्तावहरु पारित गर्न उपस्थित आदरणीय शेयर सदस्यहरु र कर्मचारी मित्रहरु लगायत संस्थाको २४औं, वार्षिक साधारण सभामा उपस्थित सम्पूर्णमा लेखा सुपरिवेक्षण समितिको तर्फवाट र मेरो व्यक्तिगत तर्फवाट हार्दिक स्वागतका साथै सहकारिताको न्यानो अभिवादन व्यक्त गर्दछु ।

## आदरणीय शेयर सदस्यहरु,

नेपालको संविधानले मुलुकको आर्थिक विकासमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको संलग्नताले मात्र अर्थतन्त्रको समुचित विकास गर्न सकिने परिकल्पना गरेको र मुलुक त्यस दिशामा अगाडि बढिरहेको सन्दर्भमा यी तीन क्षेत्रको प्रभावकारी भूमिका रहेको अवस्थामा मुलुकको आर्थिक विकास सम्भव हुने देखिन्छ । यस्तो स्थितिमा हामी क्रियाशील रहेको सहकारी क्षेत्रले सहकारी सिद्धान्त र यसका मूल्यमान्यता आत्मसात गरी संस्थागत सुशासन, ऐन नियमको परिपालना र आर्थिक पारदर्शिता कायम राखी सदस्यको आर्थिक तथा सामाजिक स्तर सुधार गर्न र मुलुकको आयात प्रतिस्थापन गर्न सहकारी मार्फत उत्पादकत्व बृद्धिमा क्रियाशील भई योगदान गर्न आवश्यक देखिन्छ ।

## कार्यक्रम तथा बजेट कार्यान्वयन :

संस्थाको २३औं वार्षिक साधारण सभाद्वारा पारित भएको आ. व. २०८२/८३ को वार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयनका सम्बन्धमा विगतमा निरन्तरता दिई समावेश भएका प्रायजसोः कार्यक्रमहरु कार्यान्वयन भएका छन् । यस बिचमा जेष्ठ सदस्य सामाजिक सुरक्षा एवं विस्तारित मञ्च कार्यकम, रक्तदान, राहत वितरण जस्ता सामुदायिक सरोकारका कार्यक्रमहरु र महिला सदस्य भेटघाट तथा विस्तारित मञ्च कार्यक्रम, ज्येष्ठ सदस्य तिर्थाटन, सुत्केरी भेटघाट, अवलोकन भ्रमण जस्ता नियमित कार्यक्रमहरु सम्पन्न भएका छन् । जसबाट सदस्य एवं समुदायमा संस्थाको विश्वसनियता बढ्न गएको छ । यस्ता कार्यक्रमहरुमा आम समुदाय तथा सदस्यको उल्लेख्य सहभागिता गराउन अझै प्रयत्नशील हुनुपर्ने देखिन्छ । बजेट कार्यान्वयनका सम्बन्धमा लक्ष्य अनुरुपको श्रोतको संकलन त्यसको समुचित उपयोग पर्ल्स (PEARLS) मापदण्ड अनुरुप देखिन्छ । खर्च बजेटको सीमा भित्र भएको देखिन्छ । शक्तिशाली राष्ट्रहरु बिच द्वन्द हुनु, केही सहकारी संस्थाहरुका नकरात्मक हल्लाका कारण सहकारी क्षेत्र प्रति आम जनमानसमा भ्रम श्रृजना हुनु जस्ता विविध कारणहरुले श्रृजित विषम् परिस्थितिमा पनि संस्थाको आर्थिक कारोबारको बृद्धिदर लक्ष्य अनुरुप नै रहेको व्यहोरा तलको तालिकाबाट जानकारी गराउँदछौ ।

| क्र.सं | पूँजी तथा दायित्व | आ.व. २०८२।८३ | आ.व. २०८१।८२ | बृद्धि (%) २०८२/ ८३ | बृद्धि (%) २०८१/ ८२ |
|---|---|---|---|---|---|
| १ | शेयर पूँजी | ६८,३८१,३०० | ६५,५१०,२०० | ४.३८% | २.४२% |
| २ | जगेडा कोष | १०६,८५३,२४२ | ९५,१८२,८११ | १२.२६% | १९.७३% |
| ३ | विभिन्न कोषहरु | ३१,३७२,७०७ | २१,३३१,५४० | ४७.०७% | (२२.६८)% |
| ४ | बचत/निक्षेप | ८५२,३०९,८७९ | ७७६,५७६,८२५ | ९.७५% | ११.३२% |
| ५ | बाह्य ऋण तथा सापटी | - | - | ०.०% | ०.०% |
| ६ | भुक्तानी दिनुपर्ने हिसाब | ११,९०५,१५९ | १०,०८५,२१९ | १८.०५% | १८.०१% |
| **७** | **कूल पूँजी तथा दायित्व** | **१,०७०,८२२,२८७** | **९६८,६८६,५९५** | **१०.५४%** | **१०.४३%** |

| क्र.सं. | सम्पत्ति | आ.व. २०८२।८३ | आ.व. २०८१।८२ | बृद्धि (%) २०८२/८३ | बृद्धि (%) २०८१/८२ |
|---|---|---|---|---|---|
| ८ | तरलता | २८१,००४,८०४ | २७८,११९,५०१ | १.०४% | ४८.०२% |
| ९ | वित्तीय लगानी | ८०,०००,००० | - | १००% | (१००)% |
| १० | शेयर लगानी | १,३९०,५०० | १,३९०,५०० | ०.००% | १९.३१% |
| ११ | शुद्ध ऋण लगानी (एन्.एफ्.आर्.एस्.) | ६९६,८५८,५०८ | ६७७,५४७,८३७ | २.८५% | ३.०७% |
| १२ | पाउनुपर्ने हिसाब | ३,४२८,९९३ | २,१५७,१८३ | ५८.९६% | ९९.८२% |
| १३ | स्थिर सम्पत्ति (एन्.एफ्.आर्.एस्.) | ७,६७१,४६७ | ९,२८४,९१५ | (१७.३८)% | (२.३२)% |
| १४ | अन्य सम्पत्ति | ४६८,०१५ | १८६,६५९ | १५०.७३% | १०.४८% |
| **१५** | **कूल सम्पत्ति** | **१,०७०,८२२,२८७** | **९६८,६८६,५९५** | **१०.५४%** | **१०.४३%** |

| क्र.सं. | सम्पत्ति | आ.व. २०८२।८३ | आ.व. २०८१।८२ | बृद्धि (%) २०८२/ ८३ | बृद्धि (%) २०८१/८२ |
|---|---|---|---|---|---|
| १६ | कूल आम्दानी | ११२,८६१,६१८ | १०८,७३०,४६८ | ३.८०% | (८.१०)% |
| १७ | कूल खर्च | ८४,४५०,८४० | ८४,५४६,४०४ | (०.११)% | (०.४९)% |
| १८ | मूनाफा(कर र समायोन अधिको) | ३४,९२६,०१० | २४,१८४,०६३ | ४४.४२% | (२९.९९)% |
| १९ | भाखा नाघेको ऋण | ५०९६६१७८ | ४५४९१६८० | १२.०३% | (५८.७९)% |
| २० | सदस्य संख्या | ५१४८ | ५१४३ | ०.१०% | १.९६% |

**संस्थागत सुशासनः**

संस्थालाई अविछिन्न रुपमा संचालन गर्ने नीतिगत व्यवस्था र त्यसको कार्यान्वयन उत्तिकै महत्वपूर्ण हुन्छ । मुलुकका तीन तहका सरकारद्वारा जारी सहकारी ऐन तथा नियमावली अनुरुप संस्थाको विनियम, आन्तरिक कार्यविधि एवं निर्देशिकाहरुको समयानुकूल निर्माण, परिमार्जन र आवश्यक संशोधन गरी व्यवस्थित गर्दै सुशासन युक्त संस्थाको रुपमा विकास गर्नु अपरिहार्य हुन्छ । यसै सिलसिलामा संस्थाको आन्तरिक कार्य विधिहरुका अलावा केहि आन्तरिक कार्यविधिहरु थप गरिएको पाइयो । अर्कोतिर आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्दै संस्थाबाट प्रवाह हुने सेवाहरुको गुणस्तर बृद्धिमा जोड दिनुपर्ने देखिन्छ । संस्थाबाट संचालित बैठकहरुमा उपस्थिति विवरण देहाय बमोजिम रहेको छ ।

| क.सं. | मिति | बैठकको प्रकार | उपस्थिति % | निर्णय संख्या |
|---|---|---|---|---|
| १ | २०८२.०४.१५ | नियमित मासिक | १००% | १३ |
| २ | २०८२.०४.२१ | संयुक्त समिक्षा | ७०% | २ |
| ३ | २०८२.०५.०६ | नियमित मासिक | १००% | ८ |
| ४ | २०८२.०५.२० | विशेष | १००% | ६ |
| ५ | २०८२.०५.२५ | आकस्मिक | ७९% | १ |
| ६ | २०८२.०६.०५ | नियमित मासिक | १००% | ८ |
| ७ | २०८२.०७.१० | नियमित मासिक | ९१% | ११ |
| ८ | २०८२.०८.०५ | नियमित मासिक | ७३% | १२ |
| ९ | २०८२.०९.१० | नियमित मासिक | १००% | ११ |
| १० | २०८२.१०.०८ | नियमित मासिक | ९१% | ११ |
| ११ | २०८२.१०.१६ | संयुक्त समिक्षा | ६३% | २ |
| १२ | २०८२.११.१६ | नियमित मासिक | ७३% | १२ |
| १३ | २०८२.१२.०३ | नियमित मासिक | १००% | १० |
| १४ | २०८३.०१.०९ | नियमित मासिक | ९१% | ९ |
| १५ | २०८३.०२.१० | नियमित मासिक | ९१% | १० |
| १६ | २०८३.०३.०७ | नियमित मासिक | १००% | १२ |
| १७ | २०८३.०३.३२ | विशेष | ७३% | २ |

**जनशक्ति व्यवस्थापन र नेतृत्व विकासः**

संस्थामा विद्यमान जनशक्तिबाट संस्थाको परिकल्पना, ध्येय र उद्देश्य परिपूर्तिका लागि क्रियाशिल भई कार्य गरेको देखिन्छ । संस्थाको कारोबार र सदस्य संख्यालाई आधार मानी कर्मचारी पद्पूर्ति गर्नुपर्ने आवश्यकता रहेकोले सो पद्पूर्ति गरी संस्थाको दीगो विकास, सदस्य केन्द्रित कारोबारहरु गर्नको लागि उनीहरुको क्षमता विकास निरन्तर गर्नु अनिवार्य हुन्छ । संस्थामा कर्मचारीहरुले गर्ने कार्य अनुसारको सेवाकालिन तालिम मार्फत पूनर्ताजगी गर्नुपर्ने हुन्छ । साथै समिति, उपसमितिको दक्षता अभिबृद्धि गरी सक्षम र योग्य नेतृत्व विकास गर्नु पनि संस्थाको लक्ष्य रहेकोमा संस्थागत तथा नेतृत्व विकासका तालिमहरु

आवश्यकता बमोजिम नभएको र शेयर सदस्यहरुलाई समेत लक्ष्य अनुरुप सहकारी शिक्षा, वित्तीय साक्षरता एवं उद्यमशिलता जस्ता विषयहरुमा प्रशिक्षणका कार्यक्रमहरु संचालन गर्नुपर्ने देखिन्छ ।

**सामुदायिक क्रियाकलापमा सहभागिताः**

संस्थाले सदस्य केन्द्रीत कारोबारको साथै कार्यक्षेत्र भित्र सामाजिक सरोकारका कृयाकलापहरुमा सहभागिता र ऐक्यबद्धता जनाउनु पर्दछ । जसबाट सदस्यता बृद्धि र संस्थाप्रति समुदायको सकारात्मक धारणा विकास भई सहकारिताको भावनाको विकास गराउन सकिन्छ । संस्थाबाट रासायनिक मलको विक्री वितरण, विप्रेषण सेवा, राहत वितरण, रक्तदान, महिला सदस्य भेटघाट तथा विस्तारित मञ्च कार्यक्रम, जेष्ठ सदस्य तिर्थाटन, जस्ता कार्यहरु हुँदै आएको देखिन्छ ।

**नविनतम् प्रविधिको उपयोगः**

संस्थाबाट सदस्यहरुलाई प्रदान हुने सेवाहरुलाई प्रविधि मैत्री बनाई कारोबार गर्न अभिप्रेरित गर्नुपर्ने देखिन्छ । संस्थाले फिनएक्स ई.आर.पी. (FinXERP) सफ्टवेयर मार्फत बचत तथा ऋणको कारोवार गर्दै आएको देखिन्छ । रेमिट्यान्स सेवा, मोबाईल बैंकिङ्ग जस्ता सेवाहरु प्रदान गर्दै आएको छ । संस्थाले आगामी दिनमा नविनतम् प्रविधिको प्रयोग गरी **Cashless, Paperless** कारोबार गर्नको लागि कार्यविधि तयार गरी यथाशिघ्र कार्यान्वयनमा जानुपर्ने देखिन्छ । यसलाई आम सदस्यको पहुँचमा पुऱ्याउन प्रचार प्रसार, सदस्य भेला जस्ता कार्यक्रम गर्नुपर्ने देखिन्छ । यसबाट सेवाहरुको गुणस्तर अभिबृद्धि, साधन श्रोतको सदुपयोग र लागत खर्चमा कमी हुनगई संस्थाको विश्वसनियता कायम हुनजाने देखिन्छ ।

**समिति/उपसमितिको सक्रियताः**

संस्थाको परिकल्पना, ध्येय र उद्देश्य प्राप्तिको लागि चार वर्षे रणनीतिक योजना मुताविक आवधिक वार्षिक कार्यक्रम तथा बजेट निर्माण गरी कार्यान्वयन गर्न उपसमितिको सक्रियता हुनुपर्दछ । यस अवधिमा उपसमितिहरुको सकृयतामा केहि कमी नै रहेको पाइएको हुँदा आगामी दिनमा संस्थाको स्थायित्व र दिगो विकासमा नेतृत्वको अहं भूमिका हुने भएकोले समयानुकुल नेतृत्व तथा क्षमता विकास हुने गतिविधिमा सरिक गराउदै समिति/उपसमितिका सदस्यहरुलाई संस्थागत सक्रीयता बढाउन अभिप्रेरित गर्नु पर्ने देखिन्छ ।

**आ.व. २०८२/८३ मा विभिन्न उप-समितिहरुको बैठक विवरण देहाय बमोजिम रहेको छ ।**

| क.सं. | उपसमितिको नाम | बैठक संख्या |
|---:|---|---:|
| १ | ऋण उप-समिति | ४४ |
| २ | शिक्षा तालिम तथा सूचना | २ |
| ३ | महिला तथा बचत समूह व्यवस्थापन | ३ |
| ४ | युवा तथा व्यवसाय प्रबर्द्धन | १ |
| ५ | प्रचार प्रसार तथा प्रकाशन | १ |
| ६ | सदस्य सेवा केन्द्र गुण्डु व्यवस्थापन | ४ |
| ७ | प्रोवेशन/स्क्यान कार्यदल | २ |

**सदस्य सन्तुष्टी र प्रतिफल वितरणः**

संस्थाको दीगो स्थायित्वको लागि सदस्यहरु सन्तुष्ट भएको हुनुपर्दछ । संस्था सदैव सदस्यको वित्तीय आवश्यकता र अपेक्षा पूरा गर्न चनाखो रहनुपर्छ । विगतका वर्षहरु देखि सदस्यको लगानीमा उच्चतम् प्रतिफल र योगदानको आधारमा संरक्षित पूँजी फिर्ता कोषको रकम वितरण गर्दै आएको देखिन्छ । यसबाट सदस्यहरुमा संस्था प्रति अपनत्व हुने र सहकारिताको भावनाको समेत विकास हुने देखिन्छ ।

**कर्जा जोखिम व्यवस्थापन :**

संस्थाको ठुलो हिस्सा कर्जामा परिचालन भएको हुन्छ र यसवाट प्राप्त ब्याज नै संस्थाको मुख्य आम्दानीको श्रोत हो । संस्थाको समग्र बिकासमा कर्जा व्यवस्थापनले प्रत्यक्ष प्रभाव पार्दछ । लगानी पुर्वको जोखिम विश्लेषण,कर्जा सदुपयोगिताको अनुगमन र भाखा नाघेको ऋण असूलि सम्मका कुराहरु कर्जा व्यवस्थापनमा पर्दछन् । सुपरिवेक्षणका क्रममा संस्थाले कर्जा व्यवस्थापनलाई महत्व दिएको पाइन्छ । सम्पत्तिको ठूलो हिस्सा र आम्दानीको मुख्य श्रोत नै ऋण लगानी भएका कारण लेखा सुपरिवेक्षण समितिको तर्फवाट आवश्यक सुझाव दिनुका साथै कर्जा लगानी गर्दा सुरक्षित कर्जा लगानीमा ध्यान दिन अनुरोध गर्दछौ ।

**आदरणीय शेयर सदस्यहरू,**

संस्थालाई सवल, सक्षम र समुदायमा केन्द्रित गर्नकालागि तपसिलका सुझावहरू प्रस्तुत गर्न चाहन्छौ ।

१. सदस्यता एवं सदस्यहरुको स्तर वृद्धिका लागि सहकारी शिक्षा शिविर र वित्तीय साक्षरता जस्ता कार्यक्रमहरु अनिवार्य रुपमा संचालन गर्नुपर्ने,
२. समुह वचत कार्यक्रमलाई प्रभावकारी बनाउन समूहको व्यवस्थापन, आवश्यक तालिम, अनुगमन विधि लगायतका कार्यहरू गर्न छुट्टै संयन्त्र निर्माण गर्नुपर्ने,
३. संस्थाले कर्जा सूचना केन्द्रमा आबद्धता जनाईसकेको हुँदा ऋण असूलीका लागि आवश्यक कार्य गर्नुपर्ने,
४. मौजुदा आन्तरिक कार्यविधि तथा निर्देशिकाहरूको समयानुकूल संशोधन र परिमार्जन गरी अद्यावधिक गर्नुपर्ने,
५. संस्थालाई प्रविधि मैत्री बनाउन नयाँ-नयाँ प्रविधिको प्रयोग गरी कार्य संचालन प्रभावकारी एवं चुस्त बनाउनु पर्ने,
६. संस्थाका सञ्चालक तथा कर्मचारीहरूको कामलाई प्रभावकारी बनाउन क्षमता अभिवृद्धि, नेतृत्व विकास तथा सेवाकालिन तालिमहरु प्रदान गर्नुपर्ने,
७. संस्थामा कार्यरत कर्मचारीहरूलाई मौजुदा आन्तरिक कार्यविधि तथा निर्देशिकाहरूका बारेमा जानकारी गराई प्रभावकारी कार्यान्वयन गर्न अभिप्रेरित गर्नुपर्ने,
८. ऋण लगानीलाई थप व्यवस्थित गर्न ऋण उपसमिति र ऋण शाखामा कार्यरत कर्मचारीको निरन्तर पूनर्ताजगी गरी दक्षता अभिबृद्धि गर्नुपर्ने,
९. संस्थाको वित्तीय अवस्थालाई आधार मानी उचित तरलता व्यवस्थापन गर्नुपर्ने,
१०. सहकारी ऐन एवं नियमावली तथा राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्वारा जारी मापदण्ड, सम्पत्ति शुद्धिकरण निवारण ऐनले निर्दिष्ट गरेका कार्यहरु पालना गर्दै संस्थाको विनियम तथा आन्तरिक

कार्यविधि एवम् निर्देशिका बमोजिम सुशासन कायम गरी लेखा सुपरिवेक्षण समिति र बाह्य लेखापरीक्षकबाट दिइएको सुझावहरू पूर्णरुपमा कार्यान्वयन गर्नुपर्ने,

११ नियमितता, मितव्ययिता, प्रभावकारिता र आर्थिक अनुशासन कायम गर्न सदैव चनाखो हुनुपर्ने,

१२. संस्थाका महत्वपूर्ण दस्तावेजहरू, सम्पत्ति सामानहरु, जिन्सी सामानको सुरक्षण गर्न उचित भण्डारण, अभिलेखिकरणका साथै सालवसाली भौतिक परीक्षण गर्नुपर्ने,

१३. लेखाको सर्वमान्य सिद्धान्तको पालना गरी नियमितता, मितव्ययिता, प्रभावकारिता, विश्वसनियता र औचित्यताको आधारमा पर्ल्स मापदण्ड अनुरुप लेखा राख्ने,

१४. नियमनकारी निकायमा पेश गर्नुपर्ने विवरण तथा कागजात तोकिएको समय भित्र अद्यावधिक गरी पेश गर्नुपर्ने,

१५. ऋण लगानी गर्दा पर्याप्त विश्लेषण तथा ऋण सदुपयोगिताको जाँच गर्ने र परियोजना विश्लेषण ६ सि(6C) विश्लेषण, पारिवारिक सहमती तथा सदस्य जमानत एवम् धितो जमानतमा क्षमतामा आधारित ऋण लगानी गर्ने र उत्पादनमूलक क्षेत्रको लगानीलाई प्राथमिकतामा राख्नुपर्ने,

१६. सम्पूर्ण सदस्यहरूको (सदस्य पहिचान) विवरण अद्यावधिक गर्नुपर्ने,

१७. संख्यात्मक भन्दा गुणात्मक सदस्य विस्तारमा जोड दिने,

१८. सदस्यहरुको आर्थिक विकासका लागि उद्यमशिलतासंग जोड्ने, घरेलु व्यवसायलाई प्राथमिकता दिने र

१९. सामाजिक उत्तरदायित्व तथा सदस्यमैत्री कार्यहरुमा जोड दिने र कार्यक्रमहरु बनाँउदा सदस्यहरुको राय तथा सुझाव लिने ।

**अन्त्यमा,**

संस्थाप्रति माया एवं पूर्णरुपमा विश्वास गर्नुहुने शेयर सदस्य, शुभचिन्तक, र आन्तरिक लेखा सुपरिवेक्षण कार्यमा सहयोग गर्नुहुने सञ्चालक समिति, व्यवस्थापनमा संलग्न कर्मचारीहरू तथा सुपरिवेक्षण कार्यमा संलग्न लेखा समितिका सदस्यद्वय श्री शरद रिसाल र संजय मिश्रलाई विशेष धन्यवाद ज्ञापन गर्दै घर आँगनमा आउँदै गरेको राष्ट्रिय पर्वहरुको अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै विदा हुन चाहन्छु । धन्यवाद ।

**जय चमेली । जय सहकारी ॥**
**२०८३ आश्विन ०३ गते**

# हार्दिक श्रद्धाञ्जली

संस्थामा आवद्ध देहाय अनुसारका सदस्य महानुभावहरू उल्लिखित मितिमा स्वर्गारोहण हुनु भएकोले दिवंगत आत्माहरूको चीर शान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारहरूप्रति हार्दिक समवेदना प्रकट गर्न चाहन्छौं ।

मृत्यु हुनु भएको सदस्यहरुको नामावली देहाय अनुसार रहेको छ :

| क्र. स. | सदस्य न. | जन्म मिति | दिवंगत सदस्यको नामथर | दिवंगत मिति | उमेर |
|---|---|---|---|---|---|
| १ | ५५१४ | २०५४।०३।०१ |  आरधना घिमिरे | २०८२।०५।२८ | २८ |
| २ | १४५७ | २०१७१२।१२ |  भगवती गौतम | २०८२।०६।०४ | ६५ |
| ३ | २४९६ | २०१८।४।२३ |  वसन्त कुमार ठकुरी | २०८२।०६।०८ | ६४ |
| ४ | ८४३ | २०३१।०१।१३ |  अस्मिता श्रेष्ठ | २०८२।०६।२२ | ५१ |
| ५ | १५३ | २००६।०८।१५ |  हेम कुमारी चौलागाई | २०८२।०६।२५ | ७६ |
| ६ | ७६० | २०३०।०२।१५ |  प्रेम श्रेष्ठ | २०८२।०७।२९ | ५२ |
| ७ | १२८३ | २०१०।०१।०१ |  राम कुमारी वोहोरा | २०८२।०८।०२ | ७२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | ८६२ | २०००।०१।०१ |  मान कुमारी न्यौपाने | २०८२।०८।२० | ८२ |
| ९ | ५५० | १९९७।०१।१६ |  सुभद्रा घिमिरे | २०८२।१०।२५ | ८५ |
| १० | २६४९ | २०१२।११।२९ |  रघुवर थापा | २०८२।११।०३ | ७० |
| ११ | ३६०६ | २०२४।०१।१६ |  राजन थापा | २०८२।११।१५ | ५९ |
| १२ | ३६०६ | २०००।०३।०४ |  पशुपती प्र.घिमिरे | २०८२।११।३० | ८२ |
| १३ | ४१२७ | २०२९।०१।०१ |  चेत बहादुर श्रेष्ठ | २०८२।१२।०६ | ५३ |
| १४ | ५०७ | २०२५।०५।२५ |  कमला नगरकोटी | २०८२।१२।०७ | ५७ |
| १५ | ४६२ | २०२१।०३।०४ |  बालकृष्ण ढुंगाना | २०८२।१२।१४ | ६१ |
| १६ | ३१ | २०१८।०२।१८ |  रुकु चौलागाई | २०८३।०१।१२ | ६५ |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | १६६ | १९९६।०२।०४ |  चिरन्जीवि न्यौपाने | २०८३।०२।२१ | ८७ |
| १८ | ४१९४ | २०१३।१०।२७ |  माधव प्र.न्यौपाने | २०८३।०२।२२ | ७० |
| १९ | ९७३ | २०१७।०४।०४ |  कवि प्रसाद चौलागाई | २०८३।०२।२३ | ६६ |
| २० | १७९१ | २०२४।०९।२२ |  नवराज खड्का | २०८२।०३।२३ | ५९ |
| २१ | ४४०२ | २००१।०६।१५ |  गोमा थापा | २०८३।०५।०६ | ८२ |
| २२ | १०२२ | २०११।०५।१५ |  गिता प्रसाद पोखरेल | २०८३।०५।२४ | ७२ |

## मिति २०८२ भाद्र महिना देखि २०८३ भाद्र २५ गते सम्म शेयर सदस्यहरूका एकाघर परिवारमा दिवंगत हुने आफन्तजनहरूको नामावली

संस्थामा आवद्ध देहाय अनुसारका सदस्य महानुभावहरूका आफन्तजनहरूको देहाय बमोजिमको मितिमा स्वर्गारोहण भएकोले दिवंगत आत्माहरूको चीर शान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

सदस्यका एकाघर **परिवारमा मृत्यु सदस्य हुनेको नामावली**

| क. स. | सदस्य न. | सदस्यको नाम | नाता | दिवंगत व्यक्तिको नाम | दिवंगत मिति | उमेर |
|---|---|---|---|---|---|---|
| १ | ४७७० | अनिता भटराई वाग्ले | सासु | चित्र कुमारी वाग्ले | २०८२-०६-२० | ८६ |
| २ | ५१६७ | गौरी वाग्ले | ससुरा | चिरञ्जीवी वाग्ले | २०८२-०५-१८ | ९२ |
| ३ | ३३७२ | नवराज खड्का | आमा | जालपा खड्का | २०८२-०७-०४ | ७२ |
| ४ | ३३९८ | नवराज कार्की | पिता | वेनी बहादुर कार्की | २०८२-०७-१३ | ८४ |
| ५ | ४७३० | निरा महर्जन श्रेष्ठ | ससुरा | तुईलाल तखाछें श्रेष्ठ | २०८२-०७-१७ | ६५ |
| ६ | ५५३ | अन्जिरा पौडेल चौलागाई | पति | पुष्पराज चौलागाई | २०८२-०८-१२ | ९८ |
| ७ | २८२९ | अपार कार्की | सासु | पार्वतीदेवी कार्की | २०८२-०८-१४ | ८२ |
| ८ | ११८१ | कमला चौलागाई | पति | राजाराम चौलागाई | २०८२-१०-२५ | ४७ |
| ९ | ३५३ | शिव प्रसाद न्यौपाने | बुहारी | सरिता न्यौपाने | २०८२-१०-१७ | ३३ |
| १० | २८०६ | पवित्रा नेपाली | पति | वशिष्ट नेपाली | २०८२-१०-२९ | ५७ |
| ११ | ३०४५ | ठाकुर प्रसाद न्यौपाने | पत्नी | कोल कुमारी न्यौपाने | २०८२-१२-११ | ९० |
| १२ | १७६९ | पार्वती न्यौपाने | छोरा | रमेश न्यौपाने | २०८३-०१-०१ | ३९ |
| १३ | ५७४४ | रविन्द्र थापा | माता | मनहरी थापा | २०८३-०२-१२ | ९० |
| १४ | ५७८७ | पञ्च बहादुर खड्गी | छोरा | उमेश खड्गी | २०८३-०४-२४ | ४१ |
| १५ | ४८६१ | रामचन्द्र ढुङ्गेल | माता | सावित्री ढुङ्गेल | २०८३-०४-२० | ८९ |
| १६ | ४१२१ | सम्शेर बहादुर तामाङ्ग | पिता | लाल बहादुर तामाङ्ग | २०८३-०३-०२ | ८० |
| १७ | ४३२४ | तारा थापामगर | सासु | रामप्यारी थापामगर | २०८३-०२-०२ | ८२ |
| १८ | ४४६५ | उषा केसी | सासु | मनकुमारी खत्री | २०८३-०५-०९ | ८३ |
| १९ | ३३१६ | भवानी थापा | सासु | निम कुमारी थापा | २०८३-०४-२९ | ९० |
| २० | ३३०८ | दिपेन्द्र थापा | माता | मिना थापा | २०८३-०३-१० | ७५ |
| २१ | ३७८१ | ऋषि बहादुर राउत | पत्नी | जेठी राउत | २०८३-०३-०८ | ७७ |
| २२ | ५२८२ | भगवती माकाजु | पति | गोरखनाथ माकाजु | २०८२-२२-०४ | ६० |
| २३ | ४३५० | साजन थापामगर | ससुरा | लक्ष्मण थापामगर | २०८२-११-२१ | ७० |
| २४ | २०८६ | ज्ञानु केसी, विमला केसी | पति | भगवान केसी | २०८२-११-२४ | ८१ |
| २५ | २३७८ | केदार लुवञ्जार | पिता | गोरे लुवञ्जार | २०८२-०९-०८ | ९८ |
| २६ | ४२०८ | केदार बहादुर कुवर | माता | सरस्वती कुवर | २०८२-१०-१० | ८१ |
| २७ | ५४१२ | बद्री प्रसाद आचार्य | माता | युद्ध कुमारी आचार्य | २०८२-१०-०९ | ८७ |
| २८ | १२२७ | राजु न्यौपाने | माता | शान्ता कुमारी न्यौपाने | २०८२-०७-२७ | ७३ |
| २९ | २९३७ | उत्तम थापा | माता | वसन थापा | २०८२-०६-१० | ७७ |
| ३० | ५०२८ | भिमसेन थापा | पिता | राम बहादुर थापाक्षेत्री | २०८२-०६-१४ | ८३ |
| ३१ | ३४३३ | मनोज कुमार श्रेष्ठ | पिता | माधव सिंह नेपाली | २०८१-१०-०९ | ८३ |
| ३२ | ३७४९ | मेनुका खत्री | सासु | शान्ता खत्री | २०८२-०७-२२ | ५६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३३ | ३१६३ | समिता नगरकोटी | पति | राम बहादुर नगरकोटी | २०८२-०९-०७ | ८८ |
| ३४ | ११४४ | सावित्री न्यौपाने | पति | तारानाथ न्यौपाने | २०८२-१०-०३ | ७५ |
| ३५ | ४४९२ | लिला थापा | सासु | चन्द्र कुमारी थापा | २०८३-०५-२८ | ८७ |
| ३६ | ४२८६ | निश्चल खड्का | माता | शान्ति खड्का | २०८३-०५-१८ | ७५ |
| ३७ | २८८४ | शिवहरी बगाले | श्रीमती | प्रभा पौडेल बगाले | २०८३-०५-२० | ५२ |

# सदस्यहरुमा मोवाइल बैंकिङ्ग सम्बन्धी जानकारी




**आदरणीय सदस्य महानुभावहरु, अव Chameli Kalyankari Saccos को MOBILE APP डाउनलोड गरी निःशुल्क मोवाइल बैकिङ सेवा संचालन गरी निम्न सेवाहरु उपयोग गर्न सकिने छ ।**

**<u>उपलब्ध सेवाहरु :</u>**

- **सदस्यहरुले मोवाइल रिचार्ज गर्न संस्थाको मोवाइल नं. ९७६७४७३५७२ मा कल गर्दा एक पटकमा रु १००।- एक सय वरावरको रिचार्ज सुविधा लिन सकिन्छ । यो नम्वरमा कल गर्दा कुनै शुल्क लाग्दैन ।**
- **सदस्यले आफ्नो बचत खाताबाट घरबाटै नै मोवाइल रिचार्ज, टेलिफोन, विजुली, पानी तथा इन्टरनेटको विल भुक्तानी गर्न सकिनेछ ।**
- **सदस्यले संस्थाको आफ्नो बचत खातामा रहेको रकम अन्य बैंकहरुको खातामा ट्रान्सफर गर्न र बैंकको खातामा जम्मा भएको रकम चमेली सहकारीमा रहेको आफ्नो खातामा ट्रान्सफर गर्न सकिने सुविधा उपलब्ध छ ।**

## अतिरिक्त सेवाहरू:

**सदस्यहरु विरामी भई स्वास्थ्य उपचार गराउनु परेमा उपचार खर्चमा बि एण्ड बि अस्पताल र नागरिक हेम्स सामुदायिक अस्पतालहरुमा छुट सुबिधा लिन सकिनेछ।**

**संस्थाले सहुलियत दरमा रासायनिक मल विक्री वितरण, बिजुली, टेलिफोनको बिल भुक्तानी, मोवाईल रिचार्ज, विप्रेषण (रेमिट्यान्स) सेवा उपलब्ध छ।**

## कार्यालय संचालन सम्बन्धी जानकारी

संस्थाको कार्यालय समय विहान ७:०० वजे देखि ३:०० वजे सम्म, कारोवार समय विहान ७:०० वजे देखि दिउँसो १:०० वजे सम्म र संस्था विदाको दिनमा विहान ७:०० वजे देखि ९:०० वजे सम्म काउण्टर खुल्ला रहनेछ।

# सहकारीका सिद्धान्तहरू

**१. स्वेच्छिक तथा खुल्ला सदस्यता ।**
(Voluntary and open memership)

**२. सदस्यहरूद्वारा प्रजातान्त्रिक नियन्त्रण ।**
(Member's democratic control)

**३. सदस्यहरूद्वारा आर्थिक सहभागीता ।**
(Member's economic participation)

**४. स्वायत्तता र स्वतन्त्रता ।**
(Autonomy and independence)

**५. शिक्षा, तालिम र सूचना ।**
(Education, training and information)

**६. सहकारीहरू बिच सहयोग ।**
(Co-operation among co-operatives)

**७. समुदायप्रति चासो ।**
(Concern for community)

# सुझाव/टिपोट